# नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण


<u>शोधार्थी</u>

जयलाल गिरी


स्नातकोत्तर तह (एम.एड) चौथो सेमेष्टर अन्तर्गत नेपा.शि.(५४३) को पाठ्यांश पूरा गर्ने प्रयोजनका लागि नेपाली शिक्षा शिक्षण समितिमा प्रस्तुत

शोधपत्र

२०७५/२०१९


शिक्षाशास्त्र केन्द्रीय क्याम्पस

शिक्षाशास्त्र सङ्काय

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

सुर्खेत, नेपाल



नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण

<u>शोधार्थी</u>

जयलाल गिरी

म.प.वि.दर्ता नं.:२०१५-६८-३-१००२-०१२४

परीक्षा क्रमाङ्क : ०४-६८००४०३८


स्नातकोत्तर तह (एम.एड) चौथो सेमेष्टर अन्तर्गत नेपा.शि.(५४३) को पाठ्यांश पूरा गर्ने प्रयोजनका लागि नेपाली शिक्षा शिक्षण समितिमा प्रस्तुत

शोधपत्र

२०७५/२०१९


शिक्षाशास्त्र केन्द्रीय क्याम्पस

शिक्षाशास्त्र सङ्काय

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

सुर्खेत, नेपाल


## प्रति

**नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण** शीर्षकको शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, केन्द्रीय क्याम्पस स्नातकोत्तर तह (एम.एड) चौथो सेमेष्टर अन्तर्गत नेपा.शि. (५४३) पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ ।

प्रस्तुत शोधपत्र विभिन्न विशेषज्ञका शब्दकोश, सम्बन्धित विषयका पाठ्यपुस्तक, विषय विशेषज्ञ, पूर्व शोधपत्र र सम्बन्धित शोधपत्रसँग मिल्ने अध्ययन सामग्रीहरू सङ्कलन गरी शोध खोज गरिएका सामग्रीहरूको गहन अध्ययन विश्लेषणबाट प्रस्तुत शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधपत्रमा मैले कुनै पनि पुस्तक, लेखरचना, पूराना शोधपत्रबाट हु-बहु रूपले साभार गरेको छैन । यदि मेरो शोधपत्र अन्य कुनै शोधपत्र तथा प्रकाशित कृतिसँग पूर्ण रूपमा मिलेको भेटिएमा सम्बन्धित संस्थाले रद्द गर्न सक्ने मञ्जुरी दिँदै यस प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको छु ।

........................

शोधार्थी

जयलाल गिरी

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

शिक्षाशास्त्र केन्द्रीय क्याम्पस

सुर्खेत, नेपाल

☎ ०८३ ५२०३०९

पत्र सङ्ख्या:

चलानी नम्बर: मिति :

सिफारिस पत्र

# सिफारिस पत्र

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, अन्तर्गत शिक्षाशास्त्र केन्द्रीय क्याम्पस स्नातकोत्तर तह नेपाली शिक्षा विषय चौथो सेमेष्टरको नेपा.शि. (५४३) पाठ्यांशको प्रयोजनको लागि शोधार्थी जयलाल गिरीले मेरो प्रत्यक्ष निर्देशनमा शोध, खोज र मेहनतका साथ तयार पारिएको **नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण** शीर्षकको शोधपत्रबाट म सन्तुष्ट छु र अन्तिम मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति : २०७५/१२/१२

-------------------
उपप्रा. लक्ष्मीप्रसाद आचार्य
शोध निर्देशक

मध्यपश्चिमाञ्चल विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
सुर्खेत, नेपाल

☎०८३-५२०३०९

पत्र सङ्ख्या:
चलानी नम्बर:

मिति :

## स्वीकृति पत्र

# स्वीकृति पत्र

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, अन्तर्गत शिक्षाशास्त्र केन्द्रीय क्याम्पस स्नातकोत्तर तह नेपाली शिक्षा विषय चौथो सेमेष्टरको नेपा.शि. (५४३) पाठ्यांशको प्रयोजनका लागि शोधार्थी जयलाल गिरीले शोध, खोज र मेहनतका साथ तयार पारेको **नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण** शीर्षकको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | उपप्रा.फूलमती खराल | शिक्षण समिति प्रमुख | ……………… |
| २. | उपप्रा.लक्ष्मीप्रसाद आचार्य | क्याम्पस प्रमुख/शोध निर्देशक | ……………… |
| ३. | उपप्रा.रामप्रसाद कंडेल | बाह्य परीक्षक | ……………… |

मिति : वि.सं. २०७५/१२/२२

सन् : ५ अप्रिल, २०१९

## कृतज्ञ ग .पन

प्रस्तुत शोधपत्र **कक्षा चारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण** शीर्षकको शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, अन्तर्गत शिक्षाशास्त्र केन्द्रीय क्याम्पस स्नातकोत्तर तह नेपाली शिक्षा विषय चौथो सेमेष्टरको नेपा.शि. (५४३) को प्रयोजनका लागि तयार पारिएको हो ।

प्रस्तुत शोधपत्र मैले श्रद्धेय गुरू क्याम्पस प्रमुख तथा शोध निर्देशक उपप्रा. श्री लक्ष्मीप्रसाद आचार्य ज्यूको निर्देशनमा तयार पारेको छु । शोधपत्रको शीर्षक चयनदेखि शोधकार्य सम्पन्न हुँदासम्म उहाँबाट प्राप्त समुचित मार्ग निर्देशन तथा सहयोगले नै प्रस्तुत शोधपत्रले यो रूप प्राप्त गर्न सकेको छ । शिक्षाशास्त्रको शोधार्थी भएकाले भाषाको विशुद्ध प्रायोगिक पक्षमा रहेर कक्षा चारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण अध्ययन गर्नु आवश्यक छ । प्रस्तुत शोधको सुरुदेखि अन्त्यसम्म उत्साह, प्रेरणा, राय, सल्लाह एवम् सारगर्भित मार्ग निर्देश प्रदान गरी परिष्कृत र परिमार्जन गरी दिनु हुने आदरणीय गुरू लक्ष्मीप्रसाद आचार्य ज्यू प्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी यो शोधपत्र पूरा गर्ने सिलसिलामा आफ्नो अमूल्य सुझाव सल्लाह दिनु हुने आदरणीय गुरू नेपाली शिक्षा शिक्षण समिति प्रमुख उपप्रा. फूलमती खराल ज्यू प्रति आभार प्रकट गर्दछु । उपप्रा.रामप्रसाद कंडेल, उपप्रा. खुमबहादुर खड्का, उपप्रा. हरिजंग शाह, उपप्रा.द्रोणलता खत्री लगायत सम्पूर्ण गुरूहरू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । अध्ययन अनुसन्धान समयावधिभर कडा प्रतिस्पर्धाको साथ रहनु हुने यसै शैक्षिक सत्रका सम्पूर्ण सहकर्मी एवम् समकक्षी साथीहरूमा धन्यवाद ज्ञापन गर्दछु ।

सन्तानको समुज्वल भविष्यका निम्ति सदैव समर्पित पूज्य पिता श्री खडक बहादुर गिरी एवम् ममतामयी माता स्व.मनसरा गिरी ज्यू प्रति म आजन्म ऋणि छु । शोधकार्य लेखन अवधिभर प्रेरणा र हौसला दिने जीवन संगिनी दुर्गा गिरीलाई आभार प्रकट गर्न चाहान्छु । अध्ययन अनुसन्धानका क्रममा क्षेत्रगत रूपमा सहयोग प्रदान गर्नु हुने समस्त स्मरणमा हुनुहुन्छ । अन्त्यमा शुद्ध कम्प्युटर टङ्कन गरी सहयोग गर्ने निशान पुस्तक पसलका प्रो. गोविन्द सिंह ठकुरीलाई धन्यवाद दिँदै प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय महाविद्यालय, नेपाली भाषा शिक्षा शिक्षण समिति समक्ष पेस गर्दछु ।

जयलाल गिरी

शोधार्थी

# शोधसार

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, अन्तर्गत शिक्षाशास्त्र केन्द्रीय क्याम्पस स्नातकोत्तर तह नेपाली शिक्षा विषय चौथो सेमेष्टरको नेपा.शि. (५४३) को आवश्यकता परिपूर्तिका निम्ति तयार गर्ने उद्देश्य अनुरूप **नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण** शीर्षकमा अनुसन्धान गरिएको छ ।

यस शोधकार्यमा सामुदायिक र संस्थागत विद्यालयमा कक्षा चारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण गर्दा मेरो नेपाली र सरल नेपाली माला पाठ्यपुस्तकहरूमा राखिएका चित्रहरूको गुण दोष तथा सबल र दुर्बल पक्षमा अध्ययन गरिएको छ । उक्त पाठ्यपुस्तकमा समाविष्ट चित्रका दुर्बल पक्ष माथि सुझाव दिनु रहेको छ । उक्त उद्देश्यमा आधारित भई पूरा गरिएको शोधकार्यका लागि पुस्तकालयीय अध्ययन विधिहरूको प्रयोग गरिएको छ । उक्त पाठ्यपुस्तकमा भएका चित्रहरूको तुलना गरी सबल र दुर्बल पक्ष छुट्याई भाषा पाठ्यपुस्तकहरूमा के कति आकार प्रकार तथा लम्बाइ चौडाइका चित्रहरू समावेश गरिनु पर्छ भन्ने सैद्धान्तिक आधारको खोजी गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

प्रस्तुत अध्ययन गुणात्मक तथा परिमाणात्मक ढाँचामा आधारित रहेको छ । तथ्याङ्क सङ्कलनमा प्राथमिक स्रोत र द्वितीय स्रोतलाई आधार मानी शोधपत्रलाई तयार पारिएको छ । प्राथमिक स्रोतका रूपमा सामुदायिक र संस्थागत विद्यालयका कक्षा चारको मेरो नेपाली र सरल नेपाली माला पाठ्यपुस्तकलाई प्राथमिक स्रोत मानिएको छ भने द्वितीय स्रोतका रूपमा पूर्व शोधकार्यहरू, विद्यालय तहका विभिन्न पाठ्यपुस्तकहरू, उच्च तहका पुस्तकहरू, शव्दकोशहरूलाई द्वितीय स्रोतका रूपमा लिई अध्ययनलाई अगाडि बढाइएको छ । सैद्धान्तिक अवधारणालाई तीव्रता दिन विभिन्न लेखकका पाठ्यपुस्तक अध्ययन तथा खोज, प्रयोग गरिएको छ । भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक, शिक्षक निर्देशिका, पूर्व शोधकार्यहरूको अध्ययन गरी सम्भावनारहित नमुना छनोट विधिको प्रयोग गरी नमुना छनोट गरिएको छ । तथ्याङ्क सङ्कलन गर्न विभिन्न पुस्तकको खोज अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

उक्त पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको सङ्ख्याका आधारमा, आकार प्रकार, लम्बाइ चौडाइ, रखाइ स्थान, चित्र भित्रका वस्तु, विषयवस्तु तथा भावका दृष्टिले चित्र पक्षमा

अध्ययन विश्लेषण गरिएको छ । चित्र सङ्ख्याका आधारमा मेरो नेपाली पाठ्यपुस्तकमा ५४ ओटा चित्र र सरल नेपाली मालामा ३३ ओटा चित्र राखिएका छन् । मेरो नेपाली पाठ्यपुस्तकको पाठ १० 'बुवाको चिठी', पाठ १५ 'प्रधानाध्यापकलाई निवेदन' र सरल नेपाली माला पाठ्यपुस्तकको पाठ ११ 'मामालाई चिठी', पाठ १६ 'प्रधान अध्यापकलाई निवेदन' पाठहरूमा चित्र समाविष्ट गरिएको छैन । चित्रको आकार प्रकारमा मेरो नेपाली र सरल नेपाली मालामा ठूला चित्र ६×४ से.मी. र साना चित्र १.५×१ से.मी.का छन् । चित्रभित्रका वस्तुका आधारमा मेरो नेपाली पाठ्यपुस्तकमा अस्पष्ट, नदेखिने, सादा, अनाकर्षक चित्रहरू छन् भने सरल नेपाली माला पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू वस्तु प्रष्टता, स्पष्ट, रङ्गीन र आकर्षक छन् ।

प्रस्तुत शोध अध्ययनमा सामुदायिक विद्यालयको मेरो नेपाली पाठ्यपुस्तकमा धेरै जसो पाठमा समाविष्ट चित्रहरूलाई पाठमा समाविष्ट अनुच्छेदको वायाँ र माथिल्लो भागमा राखिएको छ भने कुनै पाठमा विषयवस्तु र चित्रको तालमेल मिलेको देखिदैन । चित्रभित्रका वस्तु प्रष्ट देखिएमा बालबालिकालाई विषयवस्तु तर्फ प्रवेश गर्न सजिलो हुन्थ्यो । संस्थागत विद्यालयको कक्षा चारको सरल नेपाली माला भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू बालबालिकाका अध्ययनका लागि उपयुक्त, आकर्षक र रङ्गीन भएकोले बालबालिकाहरू पढाइप्रति रूचि राख्ने हुन्छन् । मेरो नेपाली र सरल नेपाली मालामा समाविष्ट चित्रहरूको बारेमा तुलनात्मक अध्ययन गर्दा सामुदायिक विद्यालयको मेरो नेपाली पाठ्यपुस्कमा समाविष्ट चित्रहरू रखाइ स्थान नमलिको वस्तु प्रष्टता, आकर्षक नभएकोले प्राथमिक तहका बालबालिकाहरू पढाइप्रति ध्यान नदिने देखिन्छ । सरल नेपाली मालामा समाविष्ट चित्रहरू स्पष्ट, रखाइ स्थान उपयुक्त, रङ्गीन तथा आकर्षक देखिन्छन् । दुवै विद्यालयका कक्षा चारको मेरो नेपाली र सरल नेपाली माला भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूलाई संरचना, सङ्ख्या, रखाइ स्थान, विषयवस्तुको भाव, उपयुक्तता, उनुपयुक्तता, सबल र दुर्बल पक्षको अध्ययन गरिएको छ । अन्त्यमा सामुदायिक विद्यालयको मेरो नेपाली र संस्थागत विद्यालयको सरल नेपाली माला पाठ्यपुस्तकमा समाविष्ट चित्रपक्ष माथिको तुलनात्मक अध्ययन गरी सुझाव प्रस्तुत गरिएको छ ।

## सङ्क्षिप्त शब्द सूची

| | |
|---|---|
| आइ.एड. | : इन्टरमिडियट अफ एजुकेशन |
| इ.पू. | : इसापूर्व |
| उपप्रा. | : उपप्राध्यापक |
| उ.मा.वि. | : उच्च माध्यमिक विद्यालय |
| एम.एड. | : मास्टर्स अफ एजुकेशन |
| एस.एल.सी. | : स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.स. | : क्रम सङ्ख्या |
| च.नं. | : चलानी नम्बर |
| चित्र नं. | : चित्र नम्बर |
| टि.भी. | : टेलिभिजन |
| डा. | : डाक्टर |
| तालिका नं. | : तालिका नम्बर |
| बी.एड. | : ब्याचलर अफ एजुकेशन |
| द.नं. | : दर्ता नम्बर |
| नेपा.शि. | : नेपाली शिक्षा |
| नि.मा.वि. | : निम्न माध्यमिक विद्यालय |
| प्र.अ. | : प्रधानाध्यापक |
| प्रा.डा. | : प्राध्यापक डाक्टर |
| प्रा.लि. | : प्राइभेट लिमिटेड |
| म.प.वि. | : मध्यपश्चिमाञ्चल विश्वविद्यालय |
| मा.वि. | : माध्यमिक विद्यालय |
| वि.सं. | : विक्रम सम्वत् |
| स्व. | : स्वर्गीय |
| से.मी. | : सेन्टिमिटर |
| संस्क. | : संस्करण |

# चिन्ह-सूची

| | | |
|---|---|---|
| पूर्ण विराम | : | (।) |
| प्रश्नवाचक | : | (?) |
| अल्प विराम | : | (स) |
| अर्ध विराम | : | (’) |
| विकल्प बोधक | : | (/) |
| योजक | : | (-) |
| सङ्क्षेपिकृत | : | (˙) |
| कोष्ठक | : | ( ) |
| दोहोरो उद्धरण | : | („ ”) |
| एकल उद्धरण | : | (‘ ’) |
| उद्गार | ः | (१) |
| विसर्ग | ः | (ः) |

क.स.

प्रतिवद्धता-पत्र क
सिफारिस पत्र ख
स्वीकृति पत्र ग
कृतज्ञता ज्ञापन घ
शोधसार ङ
सङ्क्षिप्त शब्द सूची छ
चिन्ह सूची ज

अध्याय : एक
शोध परिचय १-६
१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्या कथन ३
१.३ अध्ययनको उद्देश्य ३
१.४ अध्ययनको औचित्य ३
१.५ अध्ययनको परिसीमा ५
१.६ अध्ययनको रूपरेखा ६

अध्याय : दुई
पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा ७-१५
२.१ पूर्वकार्यको समीक्षा र उपादेयता ७
२.२ अवधारणात्मक खाका १४
२.३ अध्ययनको सैद्धान्तिक अवधारणा १५

अध्याय : तीन
अध्ययन विधि र प्रक्रिया ३४-३६
३.१ अनुसन्धानको ढाँचा ३४
३.२ जनसङ्ख्या तथा नमुना छनोट ३४
३.३ अध्ययनको विधि र प्रक्रिया ३४
३.४ तथ्याङ्कको स्रोत ३५
३.५ सामग्री निर्माण र मानकीकरण ३५
३.६ तथ्याङ्क सङ्कलन विधि ३५

३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण ३५
३.८ अध्ययन प्रतिवेदनको ढाँचा ३६

**अध्याय:चार**

**चित्रहरूको तुलनात्मक विश्लेषण ३७-७३**
४.१ चित्रहरूको संरचना ३७
  ४.१.१ चित्रहरूको सङ्ख्या ३९
  ४.१.२ चित्रहरूको आकार प्रकार ४१
४.२ चित्र रखाइको स्थान ४६
४.३ चित्र भित्रका वस्तु ५४
४.४ विषयवस्तु तथा भावका दृष्टिले चित्र ६३
  ४.४.१ मेरो नेपाली ६३
  ४.४.२ सरल नेपाली माला ६५
४.५ चित्रहरूमा रहेका सबल तथा दुर्बल पक्ष ६७
  ४.५.१ मेरो नेपाली (सबल पक्ष) ६७
  ४.५.२ मेरो नेपाली (दुर्बल पक्ष) ६९
  ४.५.३ सरल नेपाली माला (सबल पक्ष) ६९
  ४.५.४ सरल नेपाली माला (दुर्बल पक्ष) ७१
४.६ चित्रका सन्दर्भमा माथिका सुझाव ७२
  ४.६.१ मेरो नेपाली ७२
  ४.६.२ सरल नेपाली माला ७३

**अध्याय: पाँच**

**निष्का [illegible] ७५-८०**
५.१ निष्कर्ष ७५
५.२ सुझाव ७८

५.२.१ नीतिगत तह ७८
५.२.२ कार्यान्वयन तह ८०
५.३ भावी अनुसन्धानका लागि शोध शीर्षक ८०
**सन्दर्भ ग्रन्थ सूची**
**व्यक्तिवृत्त**

## तालि ट

तालिका नं. शीर्षक पृष्ठ नं.
तालिका नं. १ : चित्रहरूको सङ्ख्या ३९

तालिका नं. २ : चित्रहरूको आकार प्रकार (मेरो नेपली) ४२

तालिका नं. ३ : चित्रहरूको आकार प्रकार (सरल नेपाली माला) ४४

तालिका नं. ४ : चित्रहरूको रखाइ स्थान ४६

तालिका नं. ५ : चित्र भित्रका वस्तु ६१

तालिका नं. ६ : विषयवस्तु तथा भावका दृष्टिले चित्र (मेरो नेपाली) ६३

तालिका नं. ७ : विषयवस्तु तथा भावका दृष्टिले चित्र (सरल नेपाली माला) ६५

# अध्याय : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिस अरू प्राणी भन्दा विवेकशील प्राणी भएकाले उसले विभिन्न प्रतिभाहरू बोकेर जन्मिएका हुन्छन् । कुनै वस्तु प्राप्तिका लागि मानिस आफ्नो जीवनलाई सम्पूर्ण ज्ञानेन्द्रीयहरूको प्रयोग गरेर आफ्नो उद्देश्य पूरा गर्न अगाडि बढेको हुन्छ । प्रत्येक व्यक्तिले कुनै वस्तुको दृश्य तथा आकार, प्रकार, संरचना हेर्न आँखाको माध्यमबाट आफ्नो कार्यलाई अगाडि बढाउन चाहँन्छ । यसैगरी मानिसको विचार एक अर्काप्रति आदानप्रदान गर्न भाषाको आवश्यकता पर्दछ । कुनै विषयवस्तुका बारेमा जान्न र बुझ्नका लागि लिखित सामग्रीको मात्र प्रयोग गरी दक्ष र निपूर्ण नहुन् सक्छ त्यसैले कुनै पनि वस्तुको आकार प्रकार र ढाँचा तथा संरचनालाई छुट्याउनका लागि वस्तुको प्रतिमूर्ति छुट्याउन चित्रको आवश्यकता पर्दछ । अहिलेको आधुनिक युगमा मानिसका विभिन्न उद्देश्यहरू परिपूर्ति गर्न तर्क, विचार भावनालाई कदर गर्न पाठ्यपुस्तक एक अपरिहार्य वस्तु भएको छ । जसमा विभिन्न प्रकारका ज्ञान, सीप आदानप्रदान गर्न महत्त्वपूर्ण साधनका रूपमा लिन सकिन्छ ।

बालबालिकाहरूलाई सिकाइप्रति उत्प्रेरित गर्न, सिकाइप्रति रुचि जगाउन, ध्यानाकर्षण गर्न, सिकाइलाई दिगो बनाउन, ज्ञानको दायरा फराकिलो बनाउन, उत्तेजित पार्न, भाषा पाठ्यपुस्तकमा चित्रहरूको आवश्यक हुन्छ । अनगिन्ती तथा हजारौँ शब्दहरू बोलेर, भनेर र शिक्षकले विषयवस्तुलाई व्याख्या गरेर बालबालिकाले भाषाको आर्जन गर्न सक्दैनन् । त्यस कारण चित्रको माध्यमबाट बालबालिका विषयवस्तुप्रति निपुण हुन् सक्छन् । शिक्षण कार्य ज्यादै जटिल कार्य भएकाले बालबालिकाको रुचि अनुसार चित्रहरूको प्रयोग गर्नु आवश्यक हुन्छ । पटक पटक बोलेर बुझाउन नसकिएका विषयवस्तुलाई एउटा चित्रको माध्यमबाट शिक्षण सिकाइ गरियो भने बालबालिकाले विषयवस्तुप्रति सहज रूपमा ज्ञान धारणा गर्न सक्छन् । यसो गर्नले समयको बचत, बोझबाट टाढा, सिकाइ उद्देश्यमूलक र प्रभावकारी हुन्छ । तसर्थ, विषयवस्तु र भाव अनुसार आवश्यक मात्रामा शैक्षणिक प्रयोजनका लागि भाषा पाठ्यपुस्तकमा चित्रको महत्त्वपूर्ण स्थान रहन्छ । तल्लो कक्षाका बालबालिकाहरू शारीरिक, मानसिक तथा संवेगात्मक रूपले पाको अर्थात् परिपक्क नहुने् भएकाले शब्दहरूको धारणा बसाल्न, वस्तुको वर्णन गर्न, पाठ्यपुस्तकमा चित्रको आवश्यकता पर्दछ । माध्यमिक र निम्न माध्यमिक तह

भन्दा प्राथमिक तहका बालबालिकालाई चित्रको माध्यमद्वारा शिक्षण सिकाइ गर्न महत्त्वपूर्ण ठानिन्छ ।

भाषा पाठ्यक्रमको पश्च सूचनाका रूपमा पाठ्यपुस्तकहरूको जानकारी गराउने उद्देश्यले पाठ्यपुस्तक स्तम्भ राखिएको हुन्छ । खास गरी भाषा पाठ्यपुस्तक भनेका सम्बन्धित भाषा पाठ्यक्रमको मर्म र अपेक्षा अनुरूप तयार गरिएका महत्त्वपूर्ण पाठ्य सामाग्री हुन् । ती पाठ्यक्रमका उद्देश्य र पाठ्यवस्तुका सीमाभित्र बाँधिएका हुन्छन् साथै गहन अध्ययन र अभ्यासात्मक कार्यकलाप गर्न सजिलो हुने् गरी तयार पारिएका हुन्छन् । कतिपय तह वा कक्षाका लागि एउटा मात्र पाठ्यपुस्तक हुन् सक्छ भने कतिपय तह र कक्षाका लागि एक भन्दा बढी र अनेक पाठ्यपुस्तक पनि हुन् सक्छ । तिनै पाठ्यपुस्तकमा आधारित भई भाषा शिक्षण कार्यकलाप र मूल्याङ्कन प्रणालीहरू अपनाइन्छन् । अतः भाषा पाठ्यक्रममा पाठ्यपुस्तकहरूको यथेष्ट सूचना र जानकारी दिनु आवश्यक मानिन्छ । पाठ्यपुस्तकको नाम, प्रकाशकको नाम, प्रकाशन वर्ष र संस्करण समेतलाई स्पष्ट सूचना दिन आवश्यक हुन्छ । भाषा पाठ्यक्रम निर्माणका क्रममा पाठ्यपुस्तकको उपयुक्त र प्रभावकारी सूचनाको आवश्यक पर्छ र त्यसै अनुरूप सम्बन्धित पाठ्यक्रमको मूल्याङ्कन पनि गरिन्छ (अधिकारी, २०७१:२९०) । कुनै पनि पाठ्यपुस्तकहरू सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्य अनुरूप तयार गरिएका हुन्छन् । भाषा पाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रम अनुरूप तयार गरिन्छ । यो भाषा शिक्षण सिकाइको महत्त्वपूर्ण र आधिकारिक सामग्री हो । यसको सहयोगले विद्यार्थीहरू सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रम अनुरूपका भाषिक अपेक्षाहरू हासिल गर्छन् । यसमा भाषा पाठ्यक्रमका अपेक्षा अनुरूपका भाषिक पाठ्यांशहरूलाई विद्यार्थीको स्तर, अनुभव र सिकाइ आवश्यकतालाई ख्याल गरी सङ्गठित गरिएको हुन्छ । भाषा पाठ्यक्रमका उद्देश्य पूरा गर्न के र कति पढ्ने ? कस्तो अभ्यास गरेर कुन अनुक्रममा पढ्ने ? भन्ने कुरालाई आत्मासाथ गरी भाषा पाठ्यपुस्तक तयार गरिएको हुन्छ । विद्यार्थी मात्र होइन, भाषा शिक्षकलाई समेत यसले के, कति, कसरी र कुन क्रममा कस्ता भाषिक अभ्यास गराएर पढाउने ? भन्ने कुराको महत्त्वपूर्ण सुझ प्रदान गर्छ । भाषा पाठ्यपुस्तककै सहयोगले शिक्षकले आवश्यक शिक्षण योजना बनाइ सुनिश्चित प्रक्रिया र गोरेटो समाएर शिक्षण गर्न सक्छन् (अधिकारी, २०७१:२७५) ।

पाठ्यपुस्तक भनेको त्यस्तो पुस्तक हो जसमा सिकाइका उद्देश्य पूरा गर्नका लागि प्रायः सरलीकृत र सङ्गठित ढङ्गले विभिन्न ज्ञान क्षेत्रको प्रस्तुति दिएको हुन्छ । पाठ्यपुस्तक एउटा

महत्त्वपूर्ण शिक्षण सामग्री हो किनभने यसमा के पढाउने भन्ने कुराको निश्चितता मात्र नभई कसरी पढाउने भन्ने कुराको पनि तरिका दिएको हुन्छ । हुन् त टेलिभिजन र अन्य नवीन सञ्चार माध्यमहरूद्वारा छापिएका सञ्चार माध्यमहरूलाई प्रतिस्पर्धामा पछाडि पारेका छन् । तापनि विद्यालय र महाविद्यालयका लागि पाठ्यपुस्तकलाई नै महत्त्वपूर्ण शिक्षण स्रोत मानिन्छ (शर्मा र पौडेल, २०७३:२९९) ।

तुलना भनेको कुनै पनि दुई ओटा वस्तुको गुण, दोष तथा सबल र दुर्बल पक्षलाई छुट्याउने कार्य तुलना गर्नु हो । तुलना गर्दा दुई ओटा वस्तुको समानता र भिन्नताको अध्ययन गरिन्छ । यस शोध अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयका कक्षा चारको मेरो नेपाली र सरल नेपाली माला पाठ्यपुस्तकमा रहेका चित्रहरूको तुलना गरिएको छ । कुन पुस्तकमा के कति चित्रहरू राखिएका छन् ? ती चित्रहरू कस्ता र कत्रा छन् ? रङ रोगन कस्तो छ ? चित्र रखाइको स्थान कस्तो छ ? चित्र भित्रका वस्तुहरू के-के छन् ? विषयवस्तु तथा भावका दृष्टिले चित्रहरू कस्ता छन् ? चित्रहरु स्पष्ट छन् कि छैनन् ? भन्ने कुरामा तुलनात्मक अध्ययन गरिन्छ । तुलनाको महत्त्वको बारेमा दुई ओटा पुस्तक बीचका चित्रहरूलाई तुलना गरिएको छ ।

शिक्षण सिकाइमा सुधार ल्याउन प्राथमिक तहका पाठ्यपुस्तकमा धेरै शब्दहरू थुपारिनु भन्दा विभिन्न किसिमका चित्रहरूको समावेश गर्नु उपयुक्त हुन्छ । यस शोधकार्यमा सामुदायिक र संस्थागत विद्यालयका भाषा पाठ्यपुस्तकहरू के कस्ता चित्रहरू राख्ने ? कस्ता विषयवस्तु अनुसार चित्र राख्ने ? यस शोधकार्यमा भाषा पाठ्यपुस्तकको चित्रहरू के कस्ता छन् ? भन्ने कुराको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका मेरो नेपाली पाठ्यपुस्तक र सरल नेपाली माला पाठ्यपुस्तकमा के कस्ता चित्रहरू समावेश गरिएका छन् ? चित्रहरूको संरचनाको अध्ययन र तुलना प्रस्तुत शोधकार्यमा गरिएको छ । उक्त पाठ्यपुस्तकमा चित्रहरू समान तथा एकरूपता पाइन्छ या पाइदैन ? भन्ने कुरालाई मध्यनजर गरी प्रस्तुत शोधकार्यलाई तयार गरिएको छ ।

भाषा, विचार आदान-प्रदान गर्ने एउटा साधन हो । मानिसले ज्ञान आर्जन गर्ने, चिन्तन-मनन गर्ने एउटा सशक्त माध्यम पनि भाषालाई लिने गरिन्छ । नेपाली भाषा पहिलो भाषा, दोस्रो भाषा, विदेशी भाषा, सम्पर्क माध्यमको भाषा, सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गरेको पाइन्छ । कक्षा चारको भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूमा के कस्ता भिन्नता

छन् ? भन्ने विषयमा अहिलेसम्म अध्ययन तथा शोधकार्य नभएकाले यस सामुदायिक र संस्थागत विद्यालयको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण शीर्षकमा शोधकार्य गर्न उपयुक्त ठानिएको छ । यस शोधकार्यबाट भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू के कति पक्षमा फरक छन् ? तिनीहरूको तुलनात्मक अध्ययन गरी कमजोरी पहिल्याई शिक्षण सिकाइ क्रियाकलापमा विशेष गरी शिक्षक, विद्यार्थी, अनुसन्धाता, पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक निर्माता, प्रशासक र लेखकलाई समेत यो शोधकार्य उपयोगी हुन्छ । अहिलेसम्म विभिन्न शीर्षकमा शोधकार्य निर्माण गरिए पनि सामुदायिक र संस्थागत विद्यालयका कक्षा चारको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण नभएको हुँदा प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.२ समस्या कथन

नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषणलाई मुख्य समस्याको रूपमा प्रस्तुत गरी त्यस विषयसँग सम्बन्धित समस्यामा केन्द्रित भई शोधपत्र तयार गरिएको छ :

क) कक्षा चारको मेरो नेपाली र सरल नेपाली मालामा के कस्ता चित्रहरू राखिएका छन् ?

ख) ती चित्रहरू विषयवस्तु तथा भावका दृष्टिले के उपयुक्त छन् ?

ग) उक्त भाषा पाठ्यपुस्तकमा रहेका चित्रहरूका कमी-कमजोरी के-कस्ता छन् ?

घ) त्यस्ता कमी-कमजोरीहरूलाई सहजै घटाउन/कमी गराउन के कस्ता कार्य गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

यस शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा चारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको सङ्कलन गरी संरचना पक्षको तुलनात्मक अध्ययन गर्नु,

(ख) विषयवस्तु तथा भावका दृष्टिले ती चित्रहरूका उपयुक्तताको पहिचान गर्नु,

(ग) उक्त दुबै पाठ्यपुस्तकमा रहेका चित्रहरूको सबल र दुर्बल पक्ष पहिल्याई सुझाव प्रस्तुत गर्नु ।

## १.४ अध्ययनको औचित्य

भाषा सिकाइको मूल सामग्री भाषा पाठ्यपुस्तक हो । पाठ्यक्रमको अपेक्षा अनुरूप निर्धारित तह र कक्षाका लागि तयार गरिने भाषा पाठ्यपुस्तक शिक्षण सामग्रीको उच्चतम दस्तावेज

हो । यी पाठ्यपुस्तक भित्र सैद्धान्तिक आधार र दृश्य सामग्रीका रूपमा चित्रलाई समावेश गरिएको हुन्छ । भाषा आर्जन गर्दा चित्रको निकै महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले विद्यार्थीको रुचि, क्षमता, स्तर र आवश्यकता अनुसारका भाषा पाठ्यपुस्तकमा चित्रहरू राखिनु आवश्यक देखिन्छ । त्यसैले पाठभित्रका चित्रहरू पनि कथा, कविता, निबन्ध संवाद र जीवनी विधा अनुसार त्यस पाठको स्तर परिवेश अनुसार सुहाँउदो चित्रको आधारमा विद्यार्थीले केही सिक्न सक्ने खालका चित्र राखिनु आवश्यक देखिन्छ । प्रस्तुत शोधकार्यले पाठ्यपुस्तकहरूमा परिवर्तन गरी सिकाइमा विद्यार्थीहरूले ध्यान केन्द्रित गर्छन् । पाठमा भएका चित्र आकर्षक हुनाले समयको बचत, लगानी खेर नजाने, विद्यार्थीहरू सिकाइमा ध्यान केन्द्रित भई अपेक्षित उपलब्धि हासिल गर्न सक्छन् । शिक्षकले अध्यापन गराउँदा सहज हुने, विद्यार्थीले छिटो विषयवस्तु बुझ्ने, शिक्षक र विद्यार्थीले सहजै अध्ययन अध्यापन गर्न सक्छन् । पाठ्यपुस्तकमा रङ्गीन चित्र भएमा शिक्षकले धेरै मेहनत नगरेर अध्यापन कार्यलाई अगाडि बढाउँछन् ।

लेखक र प्रकाशकलाई पुस्तकहरू आकर्षक भएमा धेरै विक्रि भई आर्थिक लाभ हुन्छ । प्रशासकलाई अध्ययन अध्यापन गर्न, नीति निर्देशन दिन सहज हुन्छ । विद्यार्थीले अपेक्षित उपलब्धि हासिल गरेपछि शैक्षिक गुणस्तर बढाउन सहयोग हुन्छ । अभिभावकलाई राम्रा र रङ्गीन चित्रहरू भएका स्पष्ट चित्रहरू पाठ्यपुस्तकमा राखिएमा विद्यार्थीहरू बढी पढाइप्रति रुचि राख्ने, समय र आर्थिक बचत, छोरा छोरीको पढाइप्रति सन्तोषजनक देखिन्छन् । यस शोधकार्यले माथि उल्लेखित व्यक्तिहरूलाई लाभ हुन्छ । प्रस्तुत शोधकार्यको अन्त्यमा शिक्षकलाई विद्यालयमा अध्ययन अध्यापन गराउने क्रममा चित्रको महत्त्व, आवश्यकता, चित्रले सिकाइमा पार्ने प्रभावका बारेमा जानकारी गरिएको छ । विद्यार्थीहरूले पाठ्यपुस्तकमा चित्र राखिएमा सिकाइ छिटो छरितो, दिगो र सरल तवरले बुझ्न र बुझाउँन सकिन्छ भन्ने कुरा थाहा पाइन्छ । प्रस्तुत अध्ययनले मूल्याङ्कन कर्तालाई चित्रहरू पाठमा राखेमा सिकाइ प्रभावकारी हुन्छ भन्ने जानकारी हुन्छ । चित्रकारका सन्दर्भमा यो अध्ययनबाट चित्रहरूलाई व्यवस्थित र रङ्गरोगनले गर्दा अझ सिकाइ प्रभावकारी र सरल हुन्छ । अभिभावकले पनि यस शोधको अध्ययन पछि चित्रको महत्त्व, आवश्यकताका बारेमा जानकारी प्राप्त गर्नेछन् ।

प्रस्तुत शोधकार्यको औचित्य निम्न लिखित बुँदाबाट प्रष्ट हुन्छ :

(क) कक्षा चारको मेरो नेपाली र सरल नेपाली माला पाठ्यपुस्तकमा उपयुक्त चित्र नभएकाले यो शोधकार्य तयार पार्न लागिएको छ ।

(ख) पाठ्यपुस्तकमा रङ्गीन चित्र भएमा बालबालिकालाई अध्ययन गर्न सजिलो हुन्छ ।

(ग) सामुदायिक र संस्थागत विद्यालयको कक्षा चारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण नभएकाले प्रस्तुत शोधकार्य गरिएको छ ।

(घ) बालबालिकाहरू पाठ्यपुस्तकमा रङ्गीन र आकर्षक चित्र भएमा पढाइ प्रति ध्यान केन्द्रित गर्छन् ।

(ङ) नेपाली पाठ्यपुस्तकमा भएका चित्रहरू स्पष्ट उक्त शोध कार्य तयार पारिएको छ ।

(च) नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको उपयुक्त आकार, प्रकार नभएकाले यो शोधपत्र तयार गर्न आवश्यक छ ।

(छ) चित्रको सहयोगले विद्यार्थी, शिक्षक, चित्रकार, लेखक, प्रशासक र अभिभावकलाई अध्ययन अध्यापन गर्न सजिलो हुने भएकाले प्रस्तुत शोधपत्र तयार गर्न औचित्यपूर्ण छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोध अध्ययन भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूसँग सम्बन्धित भएकाले नेपाल सरकार शिक्षा मन्त्रालय, जनक शिक्षा सामग्री केन्द्रद्वारा मुद्रित कक्षा चारको मेरो नेपाली भाषा पाठ्यपुस्तक र जेविडि पब्लिकेशन प्रा.लि. काठमाडौँद्वारा प्रकाशित सरल नेपाली माला पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूको तुलनात्मक विश्लेषणमा केन्द्रित रहेको छ ।

क) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा चारको मेरो नेपाली पाठ्यपुस्तक र सरल नेपाली मालामा पाठभित्र रहेका चित्रहरूको सङ्कलन गरी संरचनागत पक्षको अध्ययन गरिएको छ ।

ख) उक्त भाषा पाठ्यपुस्तकमा चित्रहरू नभएका पाठको अध्ययन गरिएको छैन ।

ग) प्रस्तुत शोध अध्ययनमा मेरो नेपाली र सरल नेपाली माला भाषा पाठ्यपुस्तकमा रहेका चित्रहरूको तुलना गरी सबल र दुर्बल पक्षको अध्ययन गरिएको छ ।

घ) उक्त भाषा पाठ्यपुस्तकका चित्रहरूको अध्ययनमा यो शोध सीमित रहेको छ ।

ङ) यस अध्ययनमा कक्षा चारका अन्य पाठ्यपुस्तकमा रहेका चित्रहरूको अध्ययन विश्लेषण गरिएको छैन ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोधको संरचना पक्षलाई सुसङ्गठित, व्यवस्थित र स्पष्ट पार्नका लागि विश्वविद्यालयले सिफारिस गरे अनुसार निम्नलिखित रूपरेखामा शोध आधारित रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अनुसन्धान विधि

अध्याय चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्याय पाँच : निष्कर्ष र सुझाव

सन्दर्भ सूची

व्यक्तिवृत्त

# cWofo M b'O{

## k"j{sfo{sf] ;dLIff / ;}4flGts cjwf/0ff

### २.१ पूर्वकार्यको समीक्षा र उपादेयता

प्रस्तुत शोध अध्ययनसँग सम्बन्धित रहेका र यस अघि अध्ययन गरिएका अप्रकाशित शोधपत्र, पाठ्यपुस्तक, लेख रचनालाई निम्नानुसार समीक्षा गरिएको छ :

नेपाल सरकार (२०६०) द्वारा **कक्षा सातको हाम्रो नेपाली किताब** प्रकाशन गरिएको छ । उक्त पुस्तकमा लियोनार्दोदा भिन्चीको जीवनीमा उनको बेजोड चित्रकारिताको वर्णन गरिएको छ । आकाशमा उडिरहेको वायुयान एकै पटक विश्वको कुना कुनामा पुग्छ भन्ने कुरा भिन्चीको विचारमा अनौठो लागेको र चित्रकला सम्बन्धी बेजोड कलाको नमुना गुरू बोरेसियोको चित्र भिन्चीले कोरेको प्रसङ्ग यस पाठमा उल्लेख गरिएको छ । भिन्ची चित्राकर्षक, सिद्धहस्त भएको वर्णन गरिएको छ । भिन्ची हेलिकोप्टरको डिजाइनर, क्रेन र मोनालिसा चित्रलाई सहज रूपमा बनाएको प्रसङ्ग यस पाठमा उल्लेख गरिएको छ । यो पुस्तक चित्रसँग सम्बन्धित भएकाले यसको उपयोग प्रस्तुत शोधकार्यमा गरिएको छ ।

नेपाल सरकार (२०६४) द्वारा **कक्षा दशको सामाजिक अध्ययन** पुस्तक प्रकाशन गरिएको छ । हाम्रो परम्परा र सामाजिक मूल्य मान्यता एकाइमा नेपाली चित्रकलाका बारेमा नेपालको ऐतिहासिक विषयवस्तुको बारेमा परिचय दिइएको छ । नेपाली चित्रकलाको इतिहास लिच्छवि शासन कालमा नेपालमा भित्रिएको भन्ने तथ्य जानकारी दिइएको छ । चित्रकला नेपाली हस्तकला अर्न्तगत चित्रकला, मूर्तिकला र वास्तुकला पर्दछन् भन्ने कुरा वर्णन गरिएको छ । नेपालमा दशौं तथा एघारौं शताब्दितिरको 'प्रज्ञापारमिता' ताम्रपत्र सबैभन्दा पूरानो हो भन्ने जानकारी दिएको छ । चित्रकलालाई विशेष गरी तीन भागमा बाँडिएको छ । ग्रन्थचित्र पहिलो बनाउने क्रममा ताम्रपत्र, भोजपत्रमा चित्रहरू बनाउने कुरा उल्लेख गरिएको छ । यसैगरी पौवा चित्र भित्ते चित्रका बारेमा पनि उल्लेख गरिएको छ । ग्रन्थचित्र, पौवा चित्र, भित्ते चित्रलाई विशेष धार्मिक वर्णन र देवी देवताको वर्णनमा आधारित चित्र भनिएको पाइन्छ । भित्ते चित्रको सबैभन्दा उत्कृष्ट नमुना तराई क्षेत्रमा प्रचलित मिथिलाका बारेमा वर्णन गरिएको छ । प्रस्तुत शोधकार्यमा चित्रकला सम्बन्धी ऐतिहासिक पृष्ठभूमि बाँध्न र चित्रको परिचय दिने काममा यस पुस्तकको उपयोग गरिएको छ ।

शाह (२०६५) द्वारा **कक्षा पाँचको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन** शीर्षकको शोधपत्र तयार गरिएको छ । यस शोध पत्रमा कक्षा पाँचको मेरो नेपाली किताबका चित्रहरूको अध्ययन गरिएको छ । यस शोधपत्रका उद्देश्यहरू कक्षा पाँच नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरूका विशेषता पत्ता लगाउनु, उक्त पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू विषयानुकूल, विधा अनुरूप, स्तरअनुकूल के-कस्ता छन् केलाउनु, बालबालिकाको रुचि, उमेर, स्तर र अनुभव भए/नभएको पत्ता लगाउनु, भाषिक सीप विकासका दृष्टिले चित्रहरूको विश्लेषण गर्नु रहेका छन् । यस शोध पत्रमा प्रयुक्त चित्रहरूको सबल तथा दुर्बल पक्षहरूको पहिचान गरी निष्कर्ष तथा सुझाव प्रस्तुत गर्नु रहेका छन् । विधिहरू मध्ये, पुस्तकालयीय अध्ययन विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । नमुना छनोट गर्ने क्रममा सम्भावनारहित उद्देश्यमूलक, प्रयोजनपरक नमुना छनोट ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनको समस्या पहिचान गर्न, उद्देश्य निर्धारण गर्न, विषयवस्तुको बारेमा व्याख्या विश्लेषण गर्न यस शोधको उपयोग गरिएको छ ।

नेपाल सरकार (२०७०) द्वारा **कक्षा सातको हाम्रो नेपाली किताब** प्रकाशन गरिएको छ । नेपालको धार्मिक वास्तुकला प्रबन्धमा धार्मिक वास्तुकलाका विषयमा उल्लेख गरिएको छ । यस नेपालको धार्मिक वास्तुकला पाठमा चित्रकारका बारेमा प्यागोडा, शिखर, गुम्बाज, हिन्दु बौद्ध देवालय, हिन्दु वास्तुकलामा स्तूप, चैत्य, गुम्बा, विहार, गिर्जाघर, स्थान निर्माण सामग्री, शैलीका बारेमा यस पाठमा वर्णन गरिएको छ । यस पाठमा विशेष गरी धार्मिक पक्षलाई केन्द्र बनाइ धर्मग्रन्थ र धार्मिक विषयमा चित्रण, मठमन्दिर, पाटीपौवाको हामी सबैले संरक्षण गर्नु यो सबैको दायित्व हो । उक्त शोधकार्य चित्रसँग सम्बन्धित भएकाले चित्रका प्रकारको विभाजन गर्न उपयोगी छ ।

नेपाल सरकार (२०७०) द्वारा **कक्षा दस को नेपाली किताब** प्रकाशन गरिएको छ । मिथिला चित्रकला प्रबन्धमा पाठको पहिलो पृष्ठमा चित्रकलाका बारेमा चित्र देखाइ ती चित्रहरूले दिने सन्देशका बारेमा बयान गरिएको छ । मिथिला साँस्कृतिक परम्परा अनुसार देखाइएका चित्रहरू मध्ये स्वस्तिकले शुभकामानाको सन्देश व्यक्त गर्दछ । यो शुभलाभ र शान्तिको प्रतीक हो । त्यस्तै अरु चित्रहरू शङ्ख, ॐकार, दीपशिखा, पूर्ण कलश र कमलको फूलले सकारात्मक सन्देश दिन्छन् भनिएको छ । प्राचीनकाल देखि नै मिथिला क्षेत्र अन्तर्गत सिराह, सप्तरी, धनुषा, जनकपुरलाई अङ्गित गरिएको छ । मिथिला चित्रकला नेपाली नारी अर्थात् मैथिलि नारीको विषयमा र त्यहाँको साँस्कृतिक सम्पदाका रूपमा चित्रकलालाई वर्णन

गरिएको छ । मिथिला चित्रकलाको बयान गर्दै विभिन्न चित्रहरूको बारेमा सचित्र बयान गरिएको छ । अरिपन चित्र, अलौकिक चित्र, लौकिक चित्रको बारेमा व्याख्या गरिएको छ । परापूर्व कालमा चित्रकला खास गरी घरलाई सजावट गर्न चित्रहरू कोरिन्छन् भन्ने कुरा बयान गरिएको छ । चित्रकला जतिकै पूरानो छ त्यति नै मैथिलि संस्कृति पनि पूरानो छ । नारी वर्गले मैथिलि रहनसहन, चालचलन, रितिरिवाज र संस्कृतिका बारेमा आफ्नो पहिचानलाई जातीयता सांस्कृतिक चिनारीलाई अन्तर्राष्ट्रिय जगतसम्म पुऱ्याउन मिथिला चित्रकलाको बारेमा बयान गरिएको छ । चित्रकलाको ऐतिहासिक विषयवस्तुको पृष्ठभूमि बाँध्न यस पुस्तकलाई उपयोग गरिएको छ ।

उपाध्याय (२०७०) द्वारा **भाषिक सीप विकासका दृष्टिले कक्षा दुईको मेरो नेपाली किताबमा प्रयुक्त चित्रहरूको अध्ययन** शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा कक्षा दुईको मेरो नेपालीमा रहेका सम्पूर्ण पाठका सबै चित्रहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ । उक्त शोधपत्रका उद्देश्यहरू कक्षा दुईको मेरो नेपाली किताबमा विद्यमान चित्रहरूको अध्ययन गर्नु, भाषिक सीप विकासका दृष्टिले चित्रहरूको अध्ययन विश्लेषण गर्नु, चित्रहरूको सबल तथा दुर्बल पक्ष पहिचान गरी निष्कर्ष तथा सुझाव प्रस्तुत गर्नु रहेको छ । यस शोधपत्रमा पुस्तकालयीय विधि, प्रश्नावली, अवलोकन र छलफल विधिको प्रयोग गरिएको छ । उक्त शोधकार्यमा चित्र विश्लेषणका सिद्धान्तका आधारमा वर्णनात्मक ढाँचालाई प्रयोग गरी व्याख्या र विश्लेषण, अवलोकन, छलफल, प्रश्नोत्तरका आधारमा निष्कर्ष निकालिएको छ । उक्त शोधकार्य पाठ्यपुस्तकमा समाविष्ट चित्रसँग सम्बन्धित भएकाले उद्देश्य निर्धारण गर्न, सीमाङ्कन र व्याख्या विश्लेषण गर्न यस शोधकार्यले सहयोग पुऱ्याएकोले यसको उपयोग गरिएको छ ।

खड्का (२०७१) द्वारा **कक्षा छ हाम्रो नेपाली किताब र सङ्गम नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूको तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधकार्यमा सरकारी र संस्थागत विद्यालयका नेपाली किताब कक्षा छ मा रहेका चित्रको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । यस शोधपत्रका उद्देश्यहरू कक्षा छ को हाम्रो नेपाली र सङ्गम नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरूका विशेषता पत्ता लगाउनु, उक्त पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरू विद्यार्थीहरूको स्तर अनुरूप छन् छैनन् अध्ययन गर्नु, दुबै पाठ्यपुस्तकमा रहेका चित्रहरूको तुलनात्मक अध्ययन गर्नु रहेको छ । दुबै पाठ्यपुस्तकमा भएका चित्रहरूको अध्ययनबाट पुतकालयीय अध्ययन विधि खोज विधि, छलफल विधि,

तुलनात्मक विधिको प्रयोग गरी पाठ्यपुस्तकलाई बढी प्रयोग  गरी तुलना गरिएको छ । यस शोधकार्यमा सामुदायिक र संस्थागत विद्यालयको कक्षा छ को मेरो नेपाली किताबमा समाविष्ट चित्रको तुलना गरिएको छ । उक्त पाठ्यपुस्तकमा चित्र के कस्ता छन् भनेर अध्ययन विश्लेषण गरी सबल तथा दुर्बल पक्ष पहिल्याई अन्तमा सल्लाह सुझाव प्रस्तुत गरिएको छ । उक्त शोधकार्य पाठ्यपुस्तकमा भएका चित्रसँग सम्बन्धित भएकाले चित्रहरूको तुलना गर्न, उद्देश्य निर्धारण गर्न चित्र सम्बन्धी व्याख्या विश्लेषण गर्न, ढाँचा तयार गर्न, सीमाङ्कन गर्न प्रस्तुत शोधकार्यको उपयोग गरिएको छ ।

सिंह (२०७१) द्वारा **कक्षा एकको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन** शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा प्राथमिक तहको कक्षा एकको मेरो नेपाली किताबका पाठमा भएका चित्रहरूको अध्ययन विश्लेषण गरिएको छ । उक्त शोधकार्यका उद्देश्यहरू कक्षा एकको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन गर्नु, चित्रहरूको सान्दर्भिकता र स्तरीयताको अध्ययन गर्नु, चित्रहरू बालबालिकाको स्तर, उमेर, रूचि, आवश्यकता अनुरूप नभएको पत्ता लगाउनु र कक्षा एकको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन गरी निष्कर्ष र सुझाव दिनु रहेको छ । यस शोधकार्यमा अध्ययनको जनसङ्ख्या र नमुना छनोट प्रक्रिया विद्यालयका नेपाली पाठ्यपुस्तक र कक्षा एकको मेरो नेपाली किताबलाई सम्भावनारहित नमुना छनोटको रूपमा लिइएको छ । यस शोधकार्यमा पुस्तकालयीय अध्ययन विधि र वर्णनात्मक विधिको उपयोग गरी शोध तयार पारिएको छ । यस शोधकार्यमा कक्षा एकको नेपाली किताबमा समाविष्ट चित्रहरूको बारेमा अध्ययन गरी ती चित्रहरूको सबल र दुर्बल पक्ष पत्ता लगाई अन्त्यमा सल्लाह सुझाव प्रस्तुत गरिएको छ । उक्त शोधकार्य पाठ्यपुस्तकमा रहेका चित्र सम्बन्धी विश्लेषण गरिएकाले  चित्र सम्बन्धी व्याख्या विश्लेषण गर्न, उद्देश्य निर्धारण गर्न, तथ्याङ्क सङ्कलन गर्न, सीमाङ्कन गर्न यस शोधकार्यको उपयोग गरिएको छ ।

नेपाल सरकार (२०७३) द्वारा **कक्षा नौ को सामाजिक अध्ययन** पाठ्यपुस्तक प्रकाशन गरिएको छ । नेपालको चित्रकला विषयमा उल्लेख गरिएको छ । यसमा लिच्छविकालमा बनेका अनेकौं उत्कृष्ट मूर्तिहरू पाइएता पनि तत्कालीन चित्रकलाका कुनै नमुना हाल उपलब्ध छैनन् । चित्राङ्कनको काम साधारणतया कागज, कपडा, ताम्रपत्र तथा घर, विहार वा मन्दिरका भित्ता जस्ता नरम सतह माथि गरिन्छ । यसर्थ मूर्तिका तुलनामा चित्रकलाको आयु कम हुन्छ । फलस्वरूप त्यस बेला बनेका कैयन् चित्रहरू नष्ट भएका हुन् सक्छन् । लिच्छविकालमा

बनेका उत्कृष्ट मूर्तिहरूलाई दृष्टिगत गर्दा मूर्तिकला सरह नै चित्रकलाको पनि विकास भएको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ । नेपाली चित्रकला मूलतः धार्मिक दृष्टिकोणबाट प्रभावित भई निर्माण भएको पाइन्छ । हाम्रो परम्परा, रितिरिवाज र संस्कृतिको झलक नेपाली कला अन्तर्गत मूर्तिकला, वास्तुकला र चित्रकलामा पाइन्छ । चित्रको ऐतिहासिक भूमिका बाँध्नका लागि सहयोग गरेकाले प्रस्तुत शोधमा यसको उपयोग गरिएको छ ।

संज्याल (२०७३) द्वारा **कक्षा तीनको मेरो नेपाली किताबमा समाविष्ट चित्रको अध्ययन** शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा प्राथमिक तह कक्षा तीनको मेरो नेपाली किताबका पाठमा भएका चित्रहरूको अध्ययन विश्लेषण गरिएको छ । उक्त शोधपत्रका उद्देश्यहरू कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा चित्रहरू विषयानुरूप, रखाइ, भाव तथा बनोटका दृष्टिले के-कस्ता छन् ? केलाउनु, पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू विद्यार्थीको रुचि, उमेर, तह अनुरूप भए नभएको पत्ता लगाउनु, भाषिक सीप सिकाइका दृष्टिले चित्रहरूको विश्लेषण गर्नु रहेका छन् । यस शोधकार्यमा पुस्तकालयीय अध्ययन विधि र वर्णनात्मक विधिको उपयोग गरी चित्र सम्बन्धी व्याख्या विश्लेषण गरिएको छ । यस शोधकार्यमा अध्ययनको जनसङ्ख्या नमुना र नमुना छनो्ट प्रक्रिया विद्यालयका नेपाली पाठ्यपुस्तक र कक्षा तीनको मेरो नेपाली किताबलाई नमुना छनो्टका रूपमा लिइएको छ । कक्षा तीनको मेरो नेपाली किताबमा समाविष्ट चित्रको सबल र दुर्बल पक्ष पत्ता लगाई अन्त्यमा सुझाव प्रस्तुत गरिएको छ ।  उक्त शोधकार्य पाठ्यपुस्तकमा रहेका चित्र सम्बन्धी विश्लेषण भएकोले उद्देश्य निर्धारण गर्न, व्याख्या विश्लेषण गर्न, नमुना छनो्ट गर्न, सीमाङ्कन गर्न र तथ्याङ्क सङ्कलन गर्न यसको उपयोग गरिएको छ ।


आचार्य (२०७५) द्वारा **नेपाली शिक्षा पाठ्यक्रम भाषाविज्ञान ५१३ र ५१५ को तुलनात्मक विश्लेषण** शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यका उद्देश्यहरू पाठ्यक्रमका तत्त्वका आधारमा स्नातकोत्तर तहको भाषाविज्ञान ५१३ र ५१५ को तुलनात्मक विश्लेषण गर्नु, पाठ्यक्रमको विश्लेषणको आधारमा समानता, असमानता, सबल र दुर्बल पक्ष पत्ता लगाउनु, पाठ्यक्रमका समस्याहरू पत्ता लगाई सुधारका लागि सुझाव प्रस्तुत गर्नु रहेको छ । नेपाली शिक्षा पाठ्यक्रम भाषाविज्ञान ५१३ उपयुक्त कि ५१५ उपयुक्त भनेर तुलना गर्दा शोध कार्य गुणात्मक ढाँचामा तयार भएको छ । यस शोधकार्यमा पाठ्यपुस्तकको गुण दोष पत्ता लगाउन दुबै पाठ्यपुस्तकको सम्पूर्ण पक्षको अध्ययन गरी व्याख्या विश्लेषण गरिएको छ । यस शोधपत्रमा पुस्तकालयीय अध्ययन विधि र वर्णनात्मक विधिको उपयोग गरी स्नाकोत्तर तहको

दुवै पाठ्यपुस्तकमा रहेका समानता र भिन्नता तथा सबल दुर्बल पक्ष पत्ता लगाई अन्त्यमा कमी कमजोरीलाई सुधार गर्न सल्लाह सुझाव प्रस्तुत गरिएको छ । उक्त शोधकार्यले उद्देश्य निर्धारण गर्न, सीमाङ्कन गर्न र शोधको ढाँचा निर्माण गर्न सहयोग गरेकाले यसको उपयोग गरिएको छ ।

सिंह (२०७५) द्वारा **कक्षा सातको नेपाली विषयको नमुना भाषा पाठ्यपुस्तक निर्माण** शीर्षकको शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यका उद्देश्यहरू पाठ्यक्रमले तोके अनुसारका विधाहरूको खोजी र सङ्कलन गर्नु, सङ्कलन गरिएका विधाहरूलाई सरलता देखि जटिलताको क्रममा छनोट र स्तरण गर्नु, भाषिक सीप अनुरूप हुने गरी नमुना अभ्यासहरूको निर्माण गर्नु, पाठ्यपुस्तकको सिङ्गो स्वरूप तयार गर्न रहेको छ । यस शोधपत्रमा गुणात्मक ढाँचा, पुस्तकालयीय अध्ययन विधि, खोज विधि, उद्देश्यपूर्ण, नमुना छनोट प्रयोग गरी शोध निर्माण गरिएको छ । यस शोधकार्यमा भाषा पाठ्यपुस्तक निर्माण गर्नका लागि विभिन्न पुस्तक र शोधकार्यको अध्ययन गरी पाठ्यपुस्तक निर्माणका लागि शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रले भाषा पाठ्यपुस्तक निर्माण गर्दा चित्रहरूको आवश्यकता सम्बन्धी उल्लेख, उद्देश्य निर्धारण गर्नु, परिसीमा बाध्न र ढाँचा तयार गर्न यस शोधपत्रले सहयोग गरेकाले यसमा उपयोग गरिएको छ ।

## २.२ अवधारणात्मक खाका

प्रस्तुत शोधकार्यमा नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण शीर्षकको अध्ययनमा निम्न किसिमका अवधारणात्मक ढाँचा तयार गरिएको छ :



## २.३ अध्ययनको सैद्धान्तिक अवधारणा

### २.३.१ चित्रको ऐतिहासिक पृष्ठभूमि

मानिस जिज्ञासु हुने भएकाले प्रत्येक कुराको खोज अनुसन्धान गरी विभिन्न वस्तुको तथ्यको सिर्जना गर्दछ । सुन्दरतामा रमाउने भएकाले मानिस आफ्ना नजरले सुन्दर विश्व, सुन्दर प्रकृतिलाई नियाल्न चाहँन्छ भने हात र मस्तिष्कका माध्यमले राम्रा तथा गुणवान कुराको सिर्जना गर्न चाहँन्छ । कुनै व्यक्ति नराम्रो घटनालाई हेर्न चाहादैन । यसमा अबोध तथा कलिला मुनाहरू बालबालिका चित्र भने पछि निकै उत्साहित र उत्सुक हुन्छन् । भाषा पाठ्यपुस्तकमा समावेश गरिने चित्रहरू रङ्गीन, मन लोभ्याउने, आर्कषक, प्रष्ट र उपयुक्त आकारका हुनु पर्छ । आवश्यकता भन्दा बढी सङ्ख्यामा चित्रहरू प्रयोग गर्नु उचित मानिदैन । तिनको उपयोग खास विषयवस्तुको भाव भन्न खोजेको रहस्य तथा तात्पर्य प्राप्तिमा सहयोग पुगोस् भन्ने ध्येयले विशेष गरी प्रारम्भिक कक्षामा चित्र तथा तस्वीरलाई समावेश गर्ने गरेको पाइन्छ । जसलाई सकारात्मक रूपमा लिन सकिन्छ । मानव जातिको उत्पत्तिसँगै चित्रकलाको पनि विकास भएको इतिहास पाउन सकिन्छ । हजारौँ शब्दको माध्यमबाट प्रष्ट पार्न नसकिएको विषयवस्तुलाई एउटा सम्बन्धित विषयवस्तुको चित्र प्रत्यक्ष देखाएर शिक्षण क्रियाकलाप गराएमा विद्यार्थीको सिकाइ दिगो र प्रभावकारी हुन् जान्छ । परापूर्व काल देखि नै वर्तमान युग सम्म आइ पुग्दा मानिसका रिस, ईर्ष्या दुःख, लाज, सुख आदि संवेगात्मक पक्षलाई चित्रका माध्यमबाट व्यक्ति, समाज, विद्यार्थी, बालबालिकालाई परिवर्तन गर्न सकिन्छ (अधिकारी र शर्मा, २०६९) ।

चित्रकलाको इतिहास मानव जातिको उत्पत्तिसँगै जोडिएर आएको पाइन्छ । परापूर्व कालदेखि नै मानिसले आफ्नो विचारलाई साटासाट गर्न चित्रको प्रयोग गरेको पाइन्छ । चित्रकला मानव इतिहास अर्थात् ढुङ्गे युगदेखि नै ढुङ्गामा चित्र कोर्ने प्रचलन थियो भन्ने इतिहास पाइन्छ । प्राचीन युनानले पनि कलाको क्षेत्रमा व्यापक योगदान दिएको छ । युनान बासी मानिसहरूले भित्तामा देवी देवताका चित्र, माटाका भाँडा तथा मानवीय विभिन्न किसिमका चित्र बनाएर चित्रकलाको सुरू गरेका थिए । एपोल्लाडोरस युनानका प्रसिद्ध चित्रकार थिए । उनीले मैनमा विभिन्न किसिमका रङको मिश्रण गरी काठको फल्याकमा चित्र बनाउने गर्दथे । यस्ता मैनबाट निर्मित चित्रहरूलाई घरको कोठा सजाउनका लागि भित्तामा राख्ने गर्दथे ।

“उपाध्याय, सुशिला कुमारी, भाषिक सीप विकासका दृष्टिले कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूको अध्ययन” (अप्रकाशित शोधपत्र स्नातकोत्तर तह, २०७०) ।

कला कुनै पनि देशको संस्कृतिको ऐना हो । विश्व परिवेशमा चित्रकलाको इतिहास खासै अहिलेसम्म आधिकारिक रूपमा लेख्य तथा मुद्रित सामग्री भेटिएको छैन । विश्व मै सबैभन्दा पूरानो कला चित्रकलालाई मानिन्छ । (भट्टराई र अन्य, २०७३:२७५) नेपालको सर्न्दभमा भन्नु पर्दा चित्रकलाको इतिहास सबैभन्दा पूरानो प्रस्तरमा कोरिएको बोधिसत्वको रेखा चित्रलाई मानिन्छ । तर प्रमाणको आधारमा यो चित्र कहिलेको हो भन्ने यकिन गर्न सकिएको छैन । प्रमाणको बलियो आधार भएको नेपालको प्रज्ञापारमिता चित्रलाई सबैभन्दा पूरानो ताम्रपत्र ग्रन्थचित्र मानिन्छ । प्रज्ञापारमिता चित्र पाटनको महाबौद्ध मण्डपका अधिकारीहरूको सङ्ग्रहमा रहेको यो ग्रन्थ चित्र वि.स. ९७७ लिच्छवि राजा शंकरदेवको पालामा लेखिएको ग्रन्थमा पाइएको छ । (अधिकारी, २०७३:२७५) यो चित्र भएको ग्रन्थको दुबै गाताहरूमा १८ वटा देवीदेवताका रङ्गीन चित्रहरू लेखिएका छन् । ती देवताहरू मध्ये पहिलो फल्याकमा पञ्चबुद्ध र चतुष्ताराका बसेका चित्रहरू छन् । नेपाली चित्रकलाको विकास १४ औं र १५ औं शताब्दीतिर चरम सीमामा पुगेको देखिन्छ । प्रसिद्ध नेपाली कलाविद् लैनसिंह वाङ्देलको भनाइ अनुसार हल्याण्डको स्टेन सङग्रहालयमा रहेको अवलोकितेश्वर, ब्रजपाणि र बोधिसत्वका चित्रहरू ईसाको दशौं शताब्दीतिरका हुन् (भट्टराई र अन्य, २०७३:२७५) ।

चित्रकला अर्न्तगत थाङका चित्र पनि पर्दछ । विश्वको सबैभन्दा ठूलो थाङका चित्र १६ देशका दशहजार भन्दा बढी स्वयम् सेवक चित्रकारहरूले आठ वर्ष लगाई जापानमा निर्माण गरिएको हो । यो थाङका सत्तरी मिटर लामो, पचास मिटर चौडा र वजन १९०५ किलोग्राम रहेको छ । भगवान गौतम बुद्धको जीवन कथामा आधारित यो थाङकाको निर्माण कार्यको संयोजन जापानी नागरिकले गरेका छन् । यो थाङका बनाउन एक अर्व नेपाली रूपैया भन्दा बढी खर्च भएको थियो । यो थाङका जापानमा दुई पटक, अमेरिका, मङगोलिया भारतको नयाँ दिल्लीमा एक/एक पटक प्रदर्शन गरी सकिएको छ भने वि.स. २०६९ असोज १९-२० मा काठमाडौंमा सार्वजनिक रूपमा प्रदर्शन गरियो । यो थाङका चित्रलाई उपयुक्त ठाउँ बनाइ लुम्बिनीमा स्थायी रूपमा राखिने छ । यो थाङका फिजाउन दुई विघा जग्गा आवश्यक पर्दछ (भट्टराई र अन्य, २०७३:२७६) ।

लिच्छविकालमा बनेका अनेकौं उत्कृष्ट मूर्तिहरू पाइएता पनि तत्कालीन चित्रकलाका कुनै नमुना हाल उपलब्ध छैनन् । चित्राङ्कनको काम साधारणतया कागज, कपडा, ताडपत्र तथा घर, विहार वा मन्दिरका भित्ता जस्ता नरम सतह माथि गरिन्छ । यसर्थ मूर्तिका तुलनामा चित्रकलाको आयु कम हुन्छ । फलस्वरूप त्यस बेला बनेका कैयन् चित्रहरू नष्ट भएका हुन् सक्छन् । लिच्छविकालमा बनेका उत्कृष्ट मूर्तिहरूलाई दृष्टिगत गर्दा त्यसबेला मूर्तिकला सरह नै चित्रकलाको पनि विकास भएको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ । नेपाली चित्रकला मूलतः धार्मिक दृष्टिकोणबाट प्रभावित भई निर्माण भएको पाइन्छ । हाम्रो परम्परा, रितिरिवाज र संस्कृतिको झलक नेपाली कला अन्तर्गत मूर्तिकला, वास्तुकला र चित्रकलामा पाइन्छ (सामाजिक अध्ययन कक्षा-९, २०७३) ।

नेपाली चित्रकलाको इतिहास तेह्रौं शताब्दीबाट थालनी भएको थियो । नेपालमा सबै भन्दा पहिले पाइएको चित्र प्राज्ञपारमितालाई ताम्रपत्रमा लेखिएको ग्रन्थचित्र मानिन्छ । प्राचीन तथा मध्यकालीन चित्रकलाका प्रकारहरू मध्ये ग्रन्थ चित्र, पौवा चित्र, विश्वको सबै भन्दा ठूलो थाङ्का चित्र हुन् । भित्ते चित्र नेपालमा बसोबास गर्ने नेवार सामुदायहरूले आफ्नो घरको सजावट गर्न भित्तामा बनाउने गरिन्छ । मूर्तिकला र वास्तुकलाको जग पनि चित्रकलालाई मानिन्छ । हाम्रो देश नेपालमा चित्रकलाको विकास लिच्छविकाल भन्दा अगाडि नै भइसकेको स्पष्ट हुन्छ । वि.सं. ६६८ को साँगाको शिलालेखमा त्यति बेलाको स्थापत्य कलाको उत्कृष्ट नमुनाको रूपमा कैलाशकुट भवनको नाम उल्लिखित छ । चिनियाँ यात्रीको वर्णन अनुसार यो साततले गोलो किसिमले बनाइएको कोठाको घर थियो । छानाको चारै कोठामा गोहीका आलङ्कारिक चित्र र बुट्टाहरूद्वारा सजाइएको थियो । नेपाली चित्रकलाको जन्म र विकासमा काठमाडौं उपत्यका विभिन्न स्थानमा बसोबास गर्ने व्यक्तिहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । यसमा पनि काठमाडौं कुमारी घरमा रहेका तत्कालीन राजा जयप्रकाश मल्लको चित्र बडो मनमोहक छ (भट्टराई र अन्य, २०७३ :२७५) ।

चित्रकलाबाट नै वास्तुकलाको जन्म भएको हो ।  बासस्थान सम्बन्धी कलालाई वास्तुकला भनिन्छ । नेपालका विभिन्न किसिमका कला पनि ललितकला अन्तर्गत पर्दछ । नेपालको वास्तुकलाका दरबार, मन्दिरहरू पनि विभिन्न शैलीमा निर्माण भएको पाइन्छ । यसमा प्यागोडा शैली, स्तूप शैली, शिखर शैलीमा निर्माण भएका मठमन्दिर तथा दरबार पनि छन् । नेपालका उत्कृष्ट वास्तुकला मध्ये नारायणहिटी दरबारहरू, बसन्तपुर दरबार, तलेजु मन्दिर, लिच्छवि कालमा बनेका चैत्यहरू चावहिलको चैत्य, पाटनको विक्रमशिला चैत्य, मध्यकालमा

बनेका वास्तुकलाहरू, कृष्ण मन्दिर, कुम्भेश्वर मन्दिर, गोर्खा दरबार र नौतले दरबार पनि वास्तुकलाका उदाहरणीय कलाहरू हुन् (भट्टराई, २०७३:२८१) ।

नेपाली चित्रकलाका क्षेत्रमा हनुमान ढोका दरबार क्षेत्रभित्र त्रिशूल चोकमा विद्यमान तलेजु मन्दिर जुन राजा महिन्द्र मल्लले वि.सं. १६२० मा बनाउन लगाएका थिए । वि.सं. १७२० मा पाटनका राजा सिद्धिनरसिंह मल्लले बनाउन लगाएको पाटन दरबार अगाडिको कृष्ण मन्दिर नेपाली प्रस्तर वास्तुकलाको बेजोड नमुना मानिन्छ । यस मन्दिरमा भगवान श्रीकृष्ण निष्ठाका दश अवतार र गुरूडका मूर्तिहरू छन् । पाटनकै महाबौद्ध मन्दिरमा बौद्ध र शाक्य मुनिका मूर्ति छन् । यसैगरी देवपतनमा पाइएको यहाँ गौरीको मूर्ति, बनेपाको सूर्यको मूर्ति, भक्तपुरको गरुडको मूर्ति आदिले नेपाली चित्रकलाको विकासमा उल्लेखनीय जगको काम गरेका छन् (भट्टराई र अन्य, २०७३:२७६) ।

शिक्षालाई उद्देश्यमूलक, व्यवहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिदै आएको छ । विद्यार्थीमा राष्ट्र राष्ट्रियता एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई दैनिकता, अनुशासन र स्वावलम्बन, सिर्जनशील जस्ता सामाजिक एवम् चारित्रिक गुण तथा आधारभूत भाषिक तथा गणितीय सीपका साथै विज्ञान, पेसा व्यवसाय, सूचना तथा सञ्चार प्रविधि, वातावरण र स्वास्थ्य सम्बन्धी आधारभूत ज्ञान र जीवनोपयोगी सीपको विकास गराउनु जरुरी छ । उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आर्दश र वैशिष्टयहरूको संरक्षण तथा संवर्धन प्रतिको भाव जगाउन आवश्यक छ । समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकास गराउनु पनि आजको आवश्यकता बनेको छ ।

चित्रहरू भाषा शिक्षणमा व्यापक प्रयोगमा आउने सामग्री हुन् । यी प्रसङ्ग अनुकूल भाषिक पाठ्यवस्तुको अभ्यास र प्रयोग गराउन, भाव र विचारलाई स्पष्ट्याउन, उपयुक्त सन्दर्भहरू सिर्जना गर्न, पाठलाई रोचक बनाउन, शब्द, अर्थ र व्याकरणका नियमहरूको धारणा बसाल्न, खास वातावारणको दृश्य वा दृश्यावली प्रस्तुत गरी सिकाइलाई अर्थपूर्ण बनाउन आदि विभिन्न उद्देश्यका लागि निकै उपयोगी हुन्छन् । वास्तविक वस्तु र प्रतिमूर्ति उपयोग गर्न नसकिने स्थितिमा चित्रहरू निर्विकल्प शिक्षण सामग्री हुन् सक्छन् । चित्रहरू शिक्षक आफैले

बनाइ वा विभिन्न पत्र पत्रिकाबाट सङ्कलन गरी प्रयोग गर्न सकिन्छ । चित्र उपलब्ध नभए शिक्षकले कालो वा सेतो पाटीमा रेखा चित्र बनाइ काम चलाउन सक्छन् । विभिन्न रेखाहरूको प्रयोग गरी बनाइने चित्र रेखा चित्र हो । यो चित्र अन्य चित्र बनाउन भन्दा सजिलो हुन्छ र यसमा रङ्ग आदिको पनि आवश्यकता पर्दैन । यस्ता चित्रबाट पनि वस्तु, अर्थ, कार्य आदिको धारणा दिन सकिन्छ । बालकलाई रोचक ढङ्गले कथा आदि शिक्षण गर्नु पर्दा व्यङ्ग्य चित्रको प्रयोग पनि निकै प्रभावकारी हुन्छ । यस्ता चित्रबाट सिकाइलाई अझ बढी स्थायी बनाउन मद्दत मिल्छ । कुनै व्यक्तिको जीवनी, वस्तु वा स्थानको वर्णन, साहित्यकारको परिचय आदि प्रयोजनका लागि तस्वीरको बढी उपयोग हुन्छ । ऐतिहासिक र भौगोलिक तथ्य वा प्रसङ्गलाई प्रस्ट्याउनु पर्दा मान चित्रको प्रयोग गर्न सकिन्छ; जस्तै : पोखरा, कैलाशकुट भवन, नालापानीको युद्ध जस्ता पाठमा यिनको उपयोग सान्दर्भिक हुन्छ (शर्मा र पौडेल, २०७३: २५१) ।

शिक्षक निर्मित, सङ्कलित वा खरिद गर्न सकिने चित्रहरूले (वास्तविक वस्तु देखाइ धारणा स्पष्ट गर्न नसकेका अवस्थामा) उपयोगी काम गर्न सक्छन् । चित्र वास्तविक वस्तुका अगाडी अड्को पड्को तेलको धुप वा नहुनु भन्दा कानो मामा निको भनेजस्तै हो । किन भने, चित्रमा गैंडा र घुन उत्रै हुन्छन् भने जिराफ र कमिलो पनि उत्रै रूपमा उतारिएको हुन्छ । वास्तविक वस्तुको वास्तविक आकार चित्रमा नउत्रने कारणले समस्या पैदा हुन्छ तर पनि प्रकृति, वातावरण, मनका भावनालाई केही हद सम्म चित्रले मूर्त बनाउने काममा सघाउ पुग्छ । चित्र बनाउँदा आकार र आकृति विद्यार्थीको सङ्ख्या अनुरूप हुनुपर्छ । खास मान्छे बनाउन खोज्दा मान्छेको आकृतिलाई जनाउन नसक्ने अवस्थामा सङ्कलित सामग्री उपयोग उपयुक्त हुन्छ । चित्र बनाउन नसकेका खण्डमा सिन्के चित्रद्वारा पनि धारणको स्पष्टीकरण दिन सकिन्छ । हाँसेको, रोएको, चुपचाप बसेको, हिडेको, उभिएको र दौडेका प्रसङ्गको रुचिपूर्ण प्रस्तुतिका लागि सिन्के चित्रलाई उपयोगमा ल्याउन सकिन्छ (शर्मा र पौडेल, २०७३:२७७) ।

शिक्षार्थीहरूलाई खास वस्तुको आकार, प्रकार, कार्य तथा महत्त्वको मौखिक वर्णन गर्न लगाउनु पनि मौखिक अभिव्यक्ति रचनाको कार्यकलाप हुन् सक्छ । यसमा शिक्षार्थीहरूलाई उनीहरूकै घर, गाउँ वा सेरोफेरोसँग सम्बन्धित विशेष महत्त्वका वस्तु कक्षामा देखाई तिनको महत्त्व र कार्य बारे भन्न प्रोत्साहित गर्न सकिन्छ । कक्षामा ल्याएर देखाउन सकिने वस्तुहरू मात्र यस्ता कार्यकलापका लागि उपयोगी हुन्छन् । उक्त कुराका साथै विभिन्न दृश्य, वस्तु, घटना, क्रिया, प्रक्रिया आदि दर्शाउने निर्मित तथा विभिन्न पत्र पत्रिका वा अन्य स्रोतबाट

सङ्कलित चित्रहरू ल्याएर कक्षामा शिक्षकले शिक्षार्थीलाई पालैपालो गरी वर्णन गर्न लगाउनले मौखिक अभिव्यक्तिको विकासमा सहयोग हुन् सक्छ । मौखिक अभिव्यक्तिमा आत्मविश्वास तिखार्न समेत यस्ता कार्यकलाप निकै सरल, रुचिपूर्ण र उपयुक्त देखिन्छन् (ढकाल, २०६८:१२७) ।

व्यापक रूपमा उपयोग गर्न सकिने सामग्रीमा चित्रहरू पनि पर्दछन् । वस्तु एवम् वातावरणका प्रतिकृति भएका चित्रहरू कक्षामा भाषाको प्रकरण एवम् प्रसङ्ग अनुकूल अभ्यास तथा प्रयोगका लागि निकै उपयोगी सिद्ध हुन्छन् । चित्रहरू जीवन जगतका विविध पक्षका वस्तु एवम् वातावरणका प्रतिनिधि हुन् । यिनीहरू बाह्य वस्तु एवम् वातावरणको प्रतिनिधित्व गरेर तत्सम्बन्धी अनुभव एवम् विचारलाई विद्यार्थी उत्प्रेरित गर्न तथा प्रसङ्ग समेत सिर्जना गर्न सक्षम हुन्छन् । कक्षामा चित्रहरू मुख्यतः शब्दहरूको धारणा स्पष्ट पार्न, कुनै खास पक्षको मौखिक तथा लिखित रूपमा वर्णन गर्न लगाउन तथा विभिन्न किसिमका वाक्य गठनको अभ्यासका लागि उपयोग गरिन्छन् तर उपर्युक्त तीन प्रयोजनका लागि एउटै खालका चित्रहरू उपयोगी नहुन् सक्छन् । शब्दको धारणा वा अर्थ स्पष्ट गर्ने चित्र त्यही वस्तु भाव वा क्रियालाई मात्र जनाउने खालको वा सीमित परियोजनको हुनु बेस हुन्छ ।

विस्तृत वातावरणको खास अंश वा दृश्यको प्रतिविम्बन गर्ने खालका चित्रहरू उक्त परियोजनका लागि प्रायः अनुपयोगी ठहरिन्छन् । खास वातावरणको एक अंश वा दृश्य एवम् दृश्यावलीको प्रतिविम्बन गर्ने खालका चित्रहरू मौखिक र लिखित अभिव्यक्तिको विकासको लागि चाहिँ निकै सहायक हुन्छन् । यस किसिमका चित्रहरू शिक्षार्थीको सामाजिक, सांस्कृतिक पृष्ठभूमि तथा अनुभवको सेरोफेरोसँग सम्बन्धित हुनु राम्रो हुन्छ । उदारणार्थ; मेला, जात्रा, पर्व, गाउँघर, बजार, वनभोज तथा विभिन्न उत्सव र प्राकृतिक दृश्य आदिको झलक दिने चित्रहरूले तत् तत् विषयवस्तुसँग सम्बधित भाषिक अभिव्यक्तिका लागि शिक्षार्थीहरूलाई उत्सुक बनाउँछन् । वाक्य गठनका अभ्यासका लागि पनि चित्रहरूको उपयोग लाभप्रद हुने् देखिन्छ । शिक्षार्थीहरू बोल्दा लिङ्ग, वचन, आदर जस्ता व्याकरणात्मक कोटिका दृष्टिले जुन वाक्य संरचनामा त्रुटि गर्छन् तिनमध्ये केहीको अभ्यास चित्रका सहायताले पनि गराउन सकिन्छ । यसरी चित्रहरूलाई निर्देशित र स्वतन्त्र दुबै किसिमका अभिव्यक्तिको विकासमा प्रशस्त उपयोगी बनाउन सकिन्छ ।

उपर्युक्त चित्रहरू शिक्षक स्वयम्ले बनाउन पनि सक्छन् तर पत्र पत्रिकाहरूबाट रङ्गीन चित्रहरू आफ्ना पाठ्यवस्तु अनुरूप छनौट गरी मिल्दो ढङ्गले काटेर सङ्कलन गर्नु अझ बेस हुन्छ । शब्दहरूको धारणा स्पष्ट पार्न उपयोग गरिने चित्रहरू बाहेक अन्य चित्रहरूको सङ्कलन गर्दा शिक्षार्थीहरूको अनुभवको सेरोफेरोलाई विशेष ध्यान दिइनु पर्छ भन्ने कुरालाई बिर्सनु हुदैन । चित्रका साथै कतिपय दृश्य तथा दृश्यावली दर्शाउने तस्वीरहरू पनि यस सन्दर्भमा उपयोगी हुन् सक्छन् (अधिकारी, २०७१:१८०) ।

भाषाशिक्षणलाई प्रभावकारी रूपमा शिक्षण गर्न चित्रहरू अत्यन्त उपयोगी हुन्छन् । शब्दको धारणा दिलाउन, वाक्यगठन र लिखित वा मौखिक पक्षको अभ्यास गराउनका लागि चित्रहरूको उपयोग गरिन्छ । शिक्षणमा प्रयोग गरिने चित्रहरू शिक्षक आफै वा अन्य स्रोतबाट सङ्कलन गर्न सक्छन् । विभिन्न क्षेत्रका वस्तु एवम् वातावरणको दृश्यावली प्रयोग गरी शिक्षण गतिविधिलाई प्रभावकारी बनाउन सकिन्छ । सिकाइलाई चिरस्थायी बनाउन पनि चित्रहरूको भूमिका महत्त्वपूर्ण रहन्छ । शिक्षणीय विषयवस्तुको प्रसङ्ग अनुकूलको रेखाचित्र र व्यङ्ग्य चित्रको पनि उपयोग सान्दर्भिक हुन्छ (पोखरेल र काफ्ले, २०७३:१५९) ।

अन्य विषयका पाठ्यपुस्तकमा झै भाषा पाठ्यपुस्तकमा पनि चित्रहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कुनै पनि नवीन विषयवस्तु वा दृश्यावली सम्बन्धी धारणा बसाल्न, सूक्ष्म दृष्टिकोण वृद्धि गर्न वर्णनात्मक क्षमता विकास गर्न र अनुकरणात्मक सीप र कलाको समेत प्रवर्द्धन गर्न भाषा पाठ्यपुस्तकमा चित्रले प्रभावकारी भूमिका खेलेको हुन्छ । भनिन्छ : हजारौं शब्दमा बयान गरेर अर्थ र धारणा प्रष्ट पार्न नसकिने कुरालाई एउटै चित्रले सजिलै र स्पष्ट धारणा बसाल्छ । कतिपय सन्दर्भमा चित्र वा चित्रावलीको सान्दर्भिक उपयोग पाठ्यपुस्तकमा आवश्यक हुन्छ । दृश्य चित्रले स्पष्ट धारणा विकास गर्न मद्दत पुऱ्याउने विभिन्न रेखाचित्र र तालिकाहरूको पनि सान्दर्भिक उपयोग भाषा पाठ्यपुस्तकमा गर्नु पर्छ । यस्ता चित्र, दृश्यचित्र र रेखाचित्रहरूले एकातिर सरल सुबोध ढङ्गले भाषिक धारणा र अर्थबोध गर्न मद्दत पुऱ्याउँछन् भने अर्कातर्फ रोचक र प्रभावकारी सिकाइ क्षमता वृद्धि गरी पाठ्यक्रम र भाषा शिक्षणका मर्महरूलाई उच्च विन्दुमा सफल बनाउन पनि मद्दत गर्छन् ।

प्रारम्भिक तहका भाषा पाठ्यपुस्तकमा अक्षर र शब्दको धारणा बसाल्न पनि चित्रको अत्यधिक उपयोग गर्नु पर्छ । त्यस भन्दा माथि पनि सान्दर्भिक चित्रहरूको यथा स्थानिक उपयोग गर्न सकेमा रोचकता र प्रभावकारिताको सिर्जना गर्न सकिन्छ । प्रारम्भिक तहमा उपयोग गरिने

चित्रहरू रङ्गीन, स्पष्ट, ठूला र वस्तुगत किसिमका हुनु आवश्यक मानिन्छ । किनकि त्यस तहका विद्यार्थीहरू गम्भीर भावनात्मक चित्रहरू बुझ्न सक्दैनन् र सानो आकार र अनाकर्षक रङ्गले उनीहरूको मनलाई आकर्षित गर्न पनि सक्दैन । अतः भाषा शिक्षण सिकाइमा विद्यार्थीको मनलाई आकर्षित गर्न, रोचकता र घत लाग्दोपन सिर्जना गर्न पाठ्यपुस्तकसित खेलिरहन प्रोत्साहित गर्न र अपेक्षित किसिमका भाषिक कार्यकलापहरूमा सरिक हुन् प्रेरित गर्न विशेष ध्यान दिनु आवश्यक हुन्छ । त्यो आवश्यकता परिपूर्ति गर्ने महत्त्वपूर्ण कुरा चित्र वा चित्रवत् प्रयोग हुने् कुरालाई लिन सकिन्छ ।

प्रारम्भिक तह भन्दा माथिका कक्षाहरूमा चित्रको सङ्ख्या क्रमश : घटाउँदै लैजानु पर्छ तर चित्रको उपयोगै नगर्ने भन्ने सम्झनु हुदैन । माथिल्ला कक्षाका चित्रहरू अपेक्षित किसिमले साना, भावात्मक र श्यामश्वेत रङ्गमै उपयोग गरिन्छन् तर चित्रहरूको सान्दर्भिक उपयोग भने गर्ने पर्छ । चित्रहरू सम्बन्धित विषय वस्तुगत धारणाका लागि सम्बन्धित स्थानमै दिनु राम्रो हुन्छ । असम्बन्धित ठाउँमा असम्बन्धित प्रसङ्गको चित्र राखेर कुनै सकरात्मक लाभ हुदैन । चित्रहरू स्पष्ट हुनुपर्छ, उपयुक्त आकारमा हुनुपर्छ, आकर्षक हुनुपर्छ र उद्देश्यपरक हुनुपर्छ । अनाकर्षक, उद्देश्य विहिन, असान्दर्भिक र अस्पष्ट चित्रहरूको कुनै औचित्य हुँदैन । तसर्थ भाषा पाठ्यपुस्तकको आन्तरिक विशेषता वा स्तर उपयुक्तताको एउटा राम्रो अध्ययनले चित्रको अध्ययन व्यस्थापन र उपयोग प्रक्रिया व्यवस्थित हुनुपर्छ (पौडेल, २०६८:२७६) ।

विद्यालय तहका पाठ्यपुस्तकहरूलाई चित्र वा चित्रवत् सामग्रीका दृष्टिले नियाल्दा २०२८ सालतिरका पाठ्यपुस्तकहरूमा प्राथमिक तह (कक्षा १-३) मा प्रशस्त र त्यसभन्दा माथि फाट्टफुट्ट र माध्यमिक तहमा ज्यादै कम चित्रहरूको प्रयोग गरिएको देखिन्छ तर ती सबै श्यामश्वेत रङ्गमय देखिन्छन् । शैक्षिक सत्र २०३२/०३३ सालतिरबाट प्राथमिक तह कक्षा १-३ का पाठ्यपुस्तकहरूमा रङ्गीन चित्रहरू प्रयोग गर्न थालिएको देखिन्छ र कक्षा ४ देखि माथिका पाठ्यपुस्तकहरूमा हाल सम्म पनि श्यामश्वेत रङ्गमै चित्रहरू प्रस्तुत गरिएको देखिन्छ । २०४९ साल पछि प्राथमिक तहका पाठ्यपुस्तकहरूमा चित्रकथाको पनि सुरूवात गरिएको देखिन्छ र प्रायः सबै कक्षाका पाठ्यपुस्तकका अभ्यास खण्डमा शब्दगत तालिकीकरण, वाक्यगठनगत तालिकीकरण तथा व्याकरणात्मक वा शब्दभण्डारगत पहिचान, संज्ञान र अभ्यासका लागि विभिन्न तालिका, आरेख, घेराचित्र र हातेचित्रहरूको प्रयोग आरम्भ गरिएको र कोठेपदका नमुनाहरू पनि दिएको पाइन्छ । यसले गर्दा पाठ्यपुस्तकहरूमा आकर्षण र आन्तरिक उपयोगिता वृद्धि भएको देखिन्छ ।

पुस्तकका अग्र आवरणहरूमा सान्दर्भिक वा असान्दर्भिक जे जस्ता भए पनि रङ्गीन चित्रहरू राखिएका पाइन्छन् र पछिल्ला संस्करणहरूमा माध्यमिक तहमा समेत प्रशस्त चित्रहरू प्रयोग भएका पाइन्छन् । प्राथमिक र निम्न माध्यमिक पाठ्यपुस्तकहरूमा २०६०/२०६१ साल पछि प्रकाशन विवरण पृष्ठ पछि राज परिवारका तस्वीरहरू राख्न थालिएको र २०६४ साल पछि हटाइएको देखिन्छ । भित्री पाठमा प्रयुक्त चित्रहरू सुरूका पुस्तकहरूमा कुनै न कुनै ठाउँमा सन्दर्भ विहिन वा अनुपयुक्त ढङ्गले राखिएको र कतिपय आवश्यक ठाउँमा राख्दै नराखिएको पनि देखिन्छ । प्राथमिक तहका प्रारम्भिक कक्षाहरूमा आकर्षक र स्पष्ट चित्रहरू राखेर अक्षर, शब्द र अर्थगत धारणा दिन उपयोगी बनाइएको देखिन्छ तर कक्षा ४ देखि माथिका पुस्तकहरूमा राखिएका फोटा वा तस्वीरहरू त्यति स्पष्ट र आकर्षक देखिदैनन् । बल्ल हालले बनाएका चित्रहरू बढी स्पष्ट देखिन्छन् । माध्यमिक तहमा आएर भाव चित्रहरूको पनि फाट्टफुट्ट प्रयोग पाइन्छ । दृश्य चित्रहरू भने सबै तहका पाठ्यपुस्तकहरूमा पाइन्छन् । खास गरी छपाइ प्रविधिको कमजोरी तथा कागज र मसीको कम्सल प्रयोगले गर्दा चित्रहरू गुणात्मक देखिदैनन् र कुनै ठाउँमा काला धब्बा मात्र पनि देखिन्छन् । जे भएपनि पूराना, नयाँ सबै पाठ्यपुस्तकमा चित्र वा चित्रवत् कुराहरूको प्रयोग पाइन्छ र स्पष्ट धारणा, संज्ञान, अर्थबोध र अभ्यास गराउँन मद्दत मिलेको देखिन्छ तर चित्र सम्बन्धी कुराले पाठ्यपुस्तकमा गुणस्तरीयता प्राप्त गर्न भने अझै बाँकी देखिन्छ (पौडेल, २०७३:१८३) ।

अन्य विषयवस्तुका पाठ्यपुस्तकहरूमा झै भाषा पाठ्यपुस्तकमा पनि चित्रहरूको महत्त्वपूर्ण आन्तरिक भूमिका रहेको हुन्छ । कुनै पनि नवीन विषयवस्तु वा दृश्यावलीहरू सम्बन्धी धारणा बसाल्न, सूक्ष्म दृष्टिकोण वृद्धि गर्न, वर्णनात्मक क्षमता विकास गर्न र अनुकरणात्मक कला र सीपको समेत प्रवर्द्धन गर्न भाषा पाठ्यपुस्तकमा चित्रले प्रभावकारी भूमिका खेलेको हुन्छ । भनिन्छ हजारौ शव्दमा बयान गरेर अर्थ र धारणा प्रष्ट पार्न नसकिने कुराहरूलाई एउटै चित्रका माध्यमले सजिलै र स्पष्ट धारणा बसाल्न सकिन्छ । त्यसैले कतिपय सन्दर्भमा चित्र एवम् चित्रावलीहरूको सान्दर्भिक उपयोग पाठ्यपुस्तकमा आवश्यक पर्छ ।  दृश्य चित्रले जस्तै स्पष्ट धारणा विकास गर्न मद्दत पुऱ्याउने विभिन्न रेखाचित्र एवम् तालिकाहरूको पनि रेखाचित्रहरूले एकातिर सरल सुबोध ढङ्गले भाषिक धारणा र अर्थबोध गर्न मद्दत पुऱ्याउँछन् भने अर्कातर्फ रोचक र प्रभावकारी सिकाइ क्षमता वृद्धि गरी पाठ्यक्रम एवम् भाषा शिक्षणका मर्महरूलाई उच्च विन्दुमा सफल बनाउन पनि मद्दत गरेका हुन्छन् (पौडेल, २०७३:२९५)।

प्रारम्भिक तहका भाषा पाठ्यपुस्तकमा अक्षर र शब्दको धारणा बसाल्न पनि चित्रहरूको अत्यधिक उपयोग गरिनु पर्छ । प्रारम्भिक तहभन्दा माथि पनि सान्दर्भिक चित्रहरूको यथा स्थानिक उपयोग गर्न सकिएमा रोचकता र प्रभाकारिताको सिर्जना गर्न सकिन्छ । प्रारम्भिक तहमा उपयोग गरिने चित्रहरू रङ्गीन, स्पष्ट, ठूला र वस्तुगत किसिमका हुन् आवश्यक मानिन्छ किनभने त्यस तहका विद्यार्थीहरू गम्भीर र भावात्मक चित्रहरू बुझ्न समर्थ हुदैनन् र सानो आकार एवम् अनाकर्षक ढङ्गले उनीहरूको मनलाई आकर्षित गर्न पनि सक्दैन् । अतः भाषा शिक्षण सिकाइमा विद्यार्थीको मनलाई आकर्षित गर्न, रोचकता र घत लाग्दोपन सिर्जना गर्न, पाठ्यपुस्तकसँग खेलि रहन प्रोत्साहित गर्न र अपेक्षित किसिमका भाषिक कार्यकलापहरूमा सरिक हुन् प्रेरित गर्न विशेष ध्यान दिनु आवश्यक छ । त्यो आवश्यकता परिपूर्ति गर्ने महत्त्वपूर्ण कुरा चित्र एवम् चित्रवत् प्रयोग हुने् कुरालाई लिन सकिन्छ (पौडेल, २०७३:२९६) ।

प्रारम्भिक तह भन्दा माथिका कक्षाहरूमा चित्रहरूको सङ्ख्या क्रमशः घटाउदै लैजानु पर्दछ तर चित्रको उपयोगै नगर्ने भन्ने सम्झनु हुदैन । माथिल्ला कक्षाका चित्रहरू अपेक्षित किसिमले साना र भावात्मक किसिमका हुन् सक्छन् र धेरै हदसम्म श्यामश्वेत रङ्गमा नै उपयोग गरिन्छन् तर चित्रहरूको सान्दर्भिक उपयोग भने गरिनै पर्छ । चित्रहरू सम्बन्धित विषयवस्तुगत धारणाका लागि सम्बन्धित स्थानमै दिनु राम्रो हुन्छ । असम्बन्धित ठाउँमा असम्बन्धित प्रसङ्गको चित्र राखेर कुनै सकारात्मक लाभ हुदैन । चित्रहरू स्पष्ट हुनुपर्छ, उपयुक्त आकारमा हुनुपर्छ, आकर्षक हुनुपर्छ र उद्देश्यपरक हुनुपर्छ । अनाकर्षक, उद्देश्य विहिन, असान्दर्भिक र अस्पष्ट चित्रहरूको कुनै औचित्य हुदैन । तसर्थ भाषा पाठ्यपुस्तकको आन्तरिक विशेषता वा स्तर उपयुक्तताको एउटा प्रवल माध्यम चित्रको उपयोग प्रक्रिया र व्यवस्थालाई मान्न सकिन्छ (पौडेल, २०७३:१६२) ।

### २.३.२ चित्रको परिचय

नयाँ कुराको सन्देश, तथ्य जानकारी र धारणालाई बाहिर प्रकट गर्ने आकृति, तस्वीर र फोटोलाई चित्र भनिन्छ । मान्छेको मन र मस्तिष्कमा विद्यमान भावनालाई निश्चित रूपको आकार प्रकारमा मानव सामु पस्किने कला नै यथार्थमा चित्रकला हो । चित्रकला सिर्जना र सीपसँग सम्बन्धित विषय तथा कला हो । यसले वस्तुको वास्तविकतालाई सिर्जनात्मक

ढङ्गबाट चित्रण गर्दछ । मानिसले कुनै पनि वस्तुको बारेमा धारणा बसाल्न पढेर भन्दा देखेर धारण बसाल्न उपयोगी वस्तु चित्रले सहयोग गर्छ (पौडल र शर्मा, २०७३:१७३)।

कुनै पनि काल खण्डमा ऐतिहासिक विषयवस्तु होस् धार्मिक मठमन्दिर होस्, जीव जनावर, भूगोल, ताल समुद्र होस् यी सम्पूर्ण विषयवस्तुको बारेमा सैद्धान्तिक अध्ययन गरेर सोचे जस्तो उपलब्धि हासिल गर्न सकिदैन तर ती विषयवस्तुमा दृश्यात्मक तथा ठोस वस्तु चित्र देखाएर जान्न चाहेमा ऊ चित्रको माध्यमबाट छिटो र प्रभावकारी ढङ्गबाट विषयवस्तुमा बुझ्न सक्छ । त्यस्तै बालबालिकामा सैद्धान्तिक विषयवस्तुलाई कण्ठस्थ पार्न लगाउनुभन्दा एउटा चित्रका बारे प्रत्यक्ष चित्र देखाएर सिकाउदा अवश्य पनि सिकाइ छिटो र दिगो सिकाइ हुन् जान्छ । अनि बालबालिकाले अपेक्षित ज्ञान हासिल गर्न सक्छन् ।

मानिस सिर्जनशील तथा कल्पनाशील प्राणी हो । उसमा सिर्जनशील, रचनात्मक र अनुकरणीय क्षमता हुन्छ । मानिसमा रहेका यिनै गुणले गर्दा आदिम काल देखि आधुनिक कालसम्म कलाको सिर्जना गर्दै आएको छ । त्यही कला भित्रको सीप एक प्रमुख कला चित्रकला हो । जुन कला आधुनिक समयमा आएर उत्कृष्ट, लोकप्रिय, अतुलनीय कलाका रूपमा चित्रकलालाई लिन सकिन्छ (उपाध्याय, २०७०) ।

### २.३.३ चित्रको अर्थ

छिरविरे रङ्, कर्वर वर्ण तस्वीर, फोटा, आलेख्य, प्रतिवृत्ति, बुट्टेचिज, रङ्गविरङ्ग भनेर चित्रको अर्थ बताइएको छ (नेपाल,२०६२:४१५) ।

जिउँती, छवि, फोटो, नक्सा, रङ्गीविरङ्गीको, झिलीमिली परेको, आसर्जे लाग्दो, अनौठो भनेर चित्रलाई परिभाषित गरिएको छ (शर्मा, २०६४:३६५) ।

चित्रको अर्थ तस्वीर, फोटो, चित्रपट, प्रतिमा, छवि भनी अर्थ्याइएको छ (अधिकारी र भट्टराई, २०४०) ।

लेखेर, कोरेर वा खिचेर बनाइएको कुनै वस्तुको रूप, आकृति, तस्वीर, फोटो बुझाउने धारणा वा विम्बलाई चित्र भनिन्छ (अधिकारी र भट्टराई, २०६८:३०४) ।

चित्रको अर्थ तस्वीर, चापा, फोटो, चित्रपट, प्रतिमा, छवि मानिएको छ (चापागाइँ, २०५०: ४०९) ।

कुनै विषयवस्तु वा दृश्यावलीहरू सम्बन्धी धारणा बसाल्न, सूक्ष्म दृष्टिकोण वृद्धि गर्न र वर्णनात्मक क्षमता विकास गर्न भाषा पाठ्यपुस्तकमा चित्रहरूको समावेश गरिन्छ (शर्मा र पौडेल, २०६०:.३३४) ।

शब्दहरूको धारणा स्पष्ट पार्न, कुनै खास पक्षको मौखिक र लिखित रूपमा वर्णन गर्न लगाउन र विभिन्न किसिमको वाक्यगत अभ्यासका लागि उपयोग गरिन्छ । जस्ता कुराको उल्लेख गरेको पाइन्छ (अधिकारी, २०५५:२२८) ।

## २.३.४ चित्रको प्रकार

भाषा पाठ्यपुस्तकमा पाठ्यवस्तुलाई सरलीकृत रूपमा बोधगम्य बनाउन चित्रको महत्त्वपूर्ण भूमिका रहन्छ । नयाँ विषयवस्तुको स्पष्ट धारणा दिन र वर्णनात्मक क्षमताको विकास गर्न चित्रले उत्तम भूमिका खेल्ने गर्छ । पाठसँगै चित्र राख्दा विद्यार्थीहरू पाठप्रति उत्सुक हुन्छन् । भाषा पाठ्यपुस्तकमा रेखा चित्र, दृश्य चित्र, वृत्त चित्र, वृक्ष चित्र, कार्टुन चित्र र तालिकाहरूको उपयोग गर्न सकिन्छ । प्राथामिक तहका भाषा पाठ्यपुस्तकमा विषयवस्तु सुहाउँदा चित्र, तस्वीर तालिका आदिको प्रयोग गरिएको पाइन्छ । चित्रहरू खास गरी स्पष्ट र आर्कषक खालका हुनु उपयुक्त हुन्छ । माध्यमिक र निम्नमाध्यमिक तह भन्दा तल्लो तह प्राथमिक तहमा प्रत्येक एकाइमा चित्र अनिवार्य रूपमा राख्दा उपयुक्त हुन्छ । भाषा शिक्षण सिकाइमा विद्यार्थीको मनलाई आकर्षित गर्न रोचकता र घतलाग्दोपन सिर्जना गर्न, पाठ्यपुस्तकसँगै निकट रहन, पढाइ र सिकाइप्रति उत्साहित हुन्, अपेक्षित किसिमका भाषिक कार्यकलापहरूमा सरिक हुन् प्रेरित गर्न विशेष ध्यान दिनु आवश्यक हुन्छ । हजारौं शब्दले वर्णन गर्नु पर्ने कुरा एउटा चित्रको माध्यमबाट सिकाइ सहज दिगो, प्रभावकारी हुन् जान्छ तसर्थ भाषा पाठ्यपुस्तकमा तल्लो तहका कलिला अबोध बालबालिकालाई चित्रको माध्यमबाट विभिन्न किसिमका भाषिक ज्ञान र सीप सिकाउन सकिन्छ ।

चित्रहरूका प्रकार यति किसिमका छन् भनी ठोकुवा गर्न कुनै किसिमको आधिकारिक सैद्धान्तिक पुस्तकको प्रकाशन नभए पनि विभिन्न पुस्तक अध्ययनबाट चित्रका प्रकारहरू निम्न लिखित छन् :

### (क) ग्रन्थ चित्र

विभिन्न ग्रन्थहरूमा पाइने चित्रलाई ग्रन्थ चित्र भनिन्छ । नेपालमा पाइएका सबैभन्दा पूरानो चित्रकला पनि ग्रन्थ चित्र नै हो । यस्ता चित्रहरू प्राचीन कालमा ताम्रपत्र, भोजपत्र आदिमा

बनाइन्थ्यो भने आज भोलि कागजमा बनाइन्छ । प्राज्ञापारमिता सबैभन्दा पूरानो ग्रन्थ चित्र हो (ढकाल २०७२ :.२६४) ।

**(ख) पौवा चित्र**

कपडामा बनाइने चित्रलाई पौवा चित्र भनिन्छ । यस्ता पौवा चित्रमा बीचमा मुख्य देवता वा धार्मिक चिन्ह र वरिपरि अन्य देवताहरू रहेका हुन्छन् । पौवा चित्र वर्गाकार वा वृत्ताकारमा बनाइएको हुन्छ । यो नेपालमा तिब्बतबाट एघारौँ शताब्दीतिर भित्रिएको मानिन्छ । यस्तो चित्र बनाउन महत्यान परम्पराका बौद्धमार्गीहरूले सुरूवात गरेको विश्वास गरिन्छ । काठमाडौँ उपत्यकाका विहार तथा बहालहरूमा आज भोलि पनि वर्षको एकपटक यस्ता चित्रहरू (थाङ्का चित्र) प्रदर्शन गर्ने चलन छ (ढकाल २०७२ : १६४) ।

**(ग) भित्ते चित्र**

भित्ते चित्र घर, मन्दिर, गुम्बा आदिको भित्ताहरूमा बनाउने गरिन्छ । भित्ते चित्रहरू प्रायः धार्मिक रूपबाट प्रेरित भएर बनाइन्छन् । हिन्दु परम्परा अनुसार प्रत्येक वर्ष नाग पञ्चमीका दिन भित्तामा नागको चित्र बनाउने वा टाँस्ने चलन छ । भित्ते चित्रको सबैभन्दा उत्कृष्ट नमुना तराई क्षेत्रमा प्रचलित मिथिला चित्रकला हो (ढकाल २०७२ : १६४) ।

**(घ) तस्वीर चित्र**

कुनै व्यक्तिको जीवनी, धार्मिक स्थल, वस्तु परिवेश, कुनै लोपोन्मुख जनावर, दुर्गम क्षेत्र, पिछडिएको वर्गलाई प्रष्ट पार्न तस्वीर, फोटो, पोष्टर आदिलाई तस्वीर चित्र भनिन्छ । जस्तै सगरमाथा, मन्दिर, काँडेभ्याकुर, राउटे आदि ।

**(ङ) थाङका/पौवा चित्र**

कागज, कपडा आदिमा अङगित बौद्ध धर्मालम्वीसँग सम्बन्धित रङ्गीन चित्र विशेषलाई प्राचीन शैली पौवा चित्रलाई थाङ्का चित्र भनिन्छ ।

**च) व्यङ्ग्य चित्र**

सामाजिक, आर्थिक, राजनैतिक आदि पक्षलाई आलोचनात्मक ढङ्गबाट प्रस्तुत गरिएको चित्रलाई व्यङ्ग्य चित्र भनिन्छ । जस्तै व्यङ्यमा प्रस्तुत गरिने चित्रहरू लगायत अन्य चित्रहरू पनि पर्दछन् ।

**छ) मान चित्र**

ऐतिहासिक तथा भौगोलिक तथ्य, महासागर तथा महादेशको चित्र, नक्सा, ग्लोव यस चित्र अन्तर्गत पर्दछन् । कुनै ऐतिहासिक तथ्य, प्रसङ्गलाई स्पष्ट पार्न मानचित्रको प्रयोग गरिन्छ ।

**ज) ग्लोव चित्र**

पृथ्वीको आकारमा बनेको वाटुलो सुन्तला आकारको चित्रलाई ग्लोव चित्र भनिन्छ । जसबाट पृथ्वी रहेका ठाउँ, समुद्र, तारा र विभिन्न ग्रहको जानकारी पाउन सकिन्छ ।

**झ) कार्टुन चित्र**

बालबालिकाहरूलाई प्रभावित पार्न कुनै पनि पाठ्य विधासँग सम्बन्धित हाँसो लगाउनका लागि कार्टुन चित्रको प्रयोग गरिन्छ । यी प्राय पाठ्यपुस्तक, पत्रपत्रिका, टि.भी., नेट इन्टरनेट र फेसवुक मोवाइलमा भेटाउन सकिन्छ ।

**ञ) लेख्य चित्र**

कुनै व्यापार वा घटनाहरूमा भइरहने परिवर्तन वा अन्य तथ्यहरूको पारस्परिक सम्बन्धमा सूचित कोर्ने विभिन्न रेखाहरू भएको चारकुने अङ्कन चित्रलाई लेखा चित्र भनिन्छ । माथि उल्लेखित चित्र बाहेक तोलिया चित्र, पौवाचित्र, रेखाचित्र जस्ता विभिन्न किसिमका चित्रहरू पाइन्छन् । उक्त चित्रहरूको सहायताले सिकाइमा पाठ्यपुस्तकको धारणा स्पष्ट पार्न र सिकाइलाई दिगो र प्रभावकारी बनाउन यस लेखा चित्रले मद्दत पुऱ्याउँछ ।

**ट) रेखा चित्र**

रेखा चित्र विशेष गरी उच्च तहका विद्यार्थीको लागि प्रयोग गरिन्छ । विभिन्न प्रकारका रेखाहरूको प्रयोगबाट उक्त चित्रको निर्माण गरिएको हुन्छ ।

**ठ) स्तम्भ चित्र**

यो चित्र एउटै दृष्टिमा बुझ्न, तुलना गर्न र भिन्नता तथा अन्तर छुट्याउन स्तम्भ चित्रको प्रयोग गरिन्छ । कुनै पनि तथ्याङ्क वा सङ्ख्यालाई स्तम्भ आकारको चित्रहरूलाई उचाइमा देखाउने हुँदा यसलाई स्तम्भ चित्र भनिएको हो । यस चित्रमा ठाडो तथा तेर्सो रेखा दिई ठाडो रेखामा सङ्ख्या वा प्रतिशत र तेर्सो रेखामा तथ्य, सूचना र विवरणलाई समावेश गरिएको हुन्छ । यो चित्र माध्यमिक तह देखि उच्च तह सम्मका पाठ्यपुस्तकमा राखिएको हुनाले यो बढी प्रभावकारी हुन्छ ।

### ड) ग्राफ चित्र

ग्राफ चित्र विशेष गरी माध्यमिक तह, निम्नमाध्यमिक तह र उच्च तहसम्म समावेश गरिएको हुन्छ । अङ्क गणित रसायनशास्त्र, अर्थशास्त्र, वाणिज्यशास्त्र लगायत विभिन्न तथ्याङ्कलाई प्रष्ट पार्न ग्राफ चित्रको प्रयोग गरिन्छ ।

### ढ) वृक्ष रेखा चित्र

कुनै पनि मूल विषयलाई विभिन्न शाखामा विभाजन गरेर देखाउने प्रक्रियालाई वृक्ष रेखा चित्र भनिन्छ । यसमा तथ्य, सूचनाहरूको समान विशेषताका आधारमा मूल वर्ग र तिनका पनि मिल्दाजुल्दा विशेषताका आधारमा वर्ग उपवर्गहरू छुट्याउदै समग्र तथ्य तथा सूचनाहरूलाई वृक्षरेखाद्वारा प्रस्तुत गरिन्छ । उच्च तहमा यसको प्रयोग बढी भएको पाइन्छ ।

### ण) सिन्के चित्र

विभिन्न काठका स-साना टुक्राहरू जोडेर बनाइने चित्रलाई सिन्के चित्र भनिन्छ । यस्ता खालका चित्रहरू स-साना बालबालिकालाई बनाउन लगाइन्छ । यो चित्र तल्ला कक्षामा उपयोगी हुन्छ । यी चित्रहरू कम खर्चिला हुन्छन् ।

माथि उल्लिखित विभिन्न किसिमका चित्रहरूले विभिन्न तह, उमेर, रुचि र क्षमता तथा आकाङ्क्षा भएका विद्यार्थीहरूको भाषिक सीप विकासमा सघाउ पुऱ्याउने कुरामा कुनै द्विविधा हुने् छैन । माध्यमिक तहका विद्यार्थीका तुलनामा निम्नमाध्यमिक र निम्नमाध्यमिक विद्यार्थीका तुलनामा तल्लो प्राथमिक तह अर्न्तगत अध्ययनरत विद्यार्थीहरूका लागि सरल प्रकृतिका चित्रहरू हुनु सान्दर्भिक मानिन्छ । माथि उल्लिखित चित्रहरू प्राथमिक तहका पाठ्यपुस्तकमा समावेश गर्ने हो भने वैयक्तिक सामाजिक र शिक्षाका राष्ट्रिय उद्देश्य परिपूर्ति हुन् सक्ने देखिन्छ । बालबालिका प्रत्यक्ष चित्रहरूलाई नदेख्न पाए पनि चित्रको प्रतिमूर्ति, फोटो, तस्वीरको माध्यमबाट भाषिक सिकाइ गर्न सकिन्छ ।

## २.३.५ चित्रहरूको शैक्षणिक प्रयोजन

शिक्षण कार्य एउटा जटिल र महत्त्वपूर्ण कार्य हो । एउटा चित्रभित्र हजारौं अर्थहरू लुकेका हुन्छन् । जुन शब्दलाई स्पष्ट पार्न एउटै विषयवस्तु, तह, उमेर, रुचि र पाठ अनुरूप शिक्षण सिकाइ कार्यकलापलाई रोचक र प्रभावकारी बनाउन पाठ्यपुस्तकमा चित्रको आवश्यकता पर्दछ । स्तर, तह र पाठ शीर्षक अनुसार पाठ्यपुस्तकमा उचित चित्रहरूको प्रयोग गर्दा शिक्षण कार्य बढी प्रभावकारी र उद्देश्यमूलक हुन्छ । पाठ्यपुस्तकमा चित्रको अत्यन्त

महत्त्वपूर्ण भूमिका रहन्छ । सानो उमेर तहका बालबालिकाहरू शारीरिक, मानसिक, बौद्धिक र संवेगात्मक रूपले परिपक्क नभएकाले उनीहरूमा विषयवस्तुको धारणा बसाल्नु, देखेका, चिनेका, रोचक रङ्गीन, सरल, सुलभ, सस्तो र टिकाउ चित्रहरू विषयवस्तु अनुसार समावेश गर्नले शिक्षण सिकाइलाई उद्देश्यमूलक र प्रभावकारी बनाइएको पाइन्छ । बालबालिकालाई दिगो र छिटो बुझ्नका लागि चित्रको अत्यन्त ठूलो भूमिका एवम् आवश्यकता हुन्छ । ज्ञानलाई फराकिलो, व्यापक र दीर्घकालीन बनाउन पाठ्यपुस्तकमा चित्रहरू अनिवार्य हुनुपर्दछ ।

प्राथमिक तहका विद्यार्थीहरूलाई अन्य विषयवस्तुको सैद्धान्तिक ज्ञानलाई कण्ठस्थ पार्न लगाउनु भन्दा चित्रहरूको प्रभावकारी प्रयोगबाट उनीहरू प्रभावित भई विषयवस्तुप्रति निपुण हुन्छन् । प्राथमिक तहका बालबालिकाहरू चित्र देखाएर, प्रयोग गरेर शिक्षण सिकाइ गर्दा अत्यन्तै खुसी, उत्साहजनक ढङ्गबाट सिकाइप्रति आकर्षित हुन्छन् र विषयवस्तुप्रति छिट्टै अभ्यस्त हुन्छन् । यो सिकाइले शिक्षक र विद्यार्थीको समयको बचत, झन्झटबाट मुक्त हुनुका साथै सिकाइ दिगो र प्रभावकारी हुन्छ । चित्रहरूको प्रयोग उच्च तह भन्दा तल्लो तह/प्राथमिक तहमा गर्नु उपयुक्त ठानिन्छ । पाठसँग सम्बन्धित चित्रहरू उपयोग गर्न विभिन्न शैक्षणिक प्रयोजनको लागि गर्न सकिन्छ । ती प्रयोजनहरू यस प्रकार छन् :

- विद्यार्थीलाई पाठप्रति ध्यान केन्द्रित गर्न ,
- पाठसँग सान्दर्भिक चित्रद्वारा बालबालिकामा सृजनशील क्षमताको विकास गर्न,
- विद्यालय तथा घरमा बालबालिकालाई पढाइप्रति रुचि जगाउन,
- राष्ट्रिय उद्देश्यहरू परिपूर्ति गर्न,
- पाठ्यक्रमले तोकेको उद्देश्यहरू पूरा गर्न,
- एक अर्काका विचार विनिमय गर्न,
- शिक्षक र विद्यार्थी दुबैलाई चित्रले  मनोरञ्जन प्रदान गर्न,
- विषयवस्तुलाई सहज रूपमा बुझ्न,
- बोलाइ सीपको विकास गर्न,
- विषयवस्तुको वर्णन गर्ने सीपको विकास गर्न,
- बौद्धिक क्षमताको विकास गर्न

● सिलसिलेवार ढङ्गबाट विषयवस्तुको वर्णन गर्न ।

चित्रहरूको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप गराएमा माथि उल्लिखित उद्देश्यहरू पूर्ति हुन् जान्छन् ।

**२.३.६ भाषा पाठ्यपुस्तकमा चित्रहरूको प्रयोजन**

भाषा पाठ्यपुस्तकमा राखिने चित्रहरू मनोरञ्जन तथा रमाइलोका लागि नराखेर शिक्षक विद्यार्थीहरूलाई शिक्षण सिकाइ गर्न सजिलो होस् भन्ने उद्देश्यले राखिन्छ । भाषा पाठ्यपुस्तक भाषिक सीप विकासको मूल सामग्री हो । भाषा पाठ्यपुस्तकमा राखिने चित्रहरू शिक्षाका राष्ट्रिय उद्देश्य र पाठ्यक्रमले तोकेका निश्चित उद्देश्य र लक्ष्य प्राप्तिका लागि पाठ्यक्रमले तोके अनुसारको पाठ्यवस्तुसँग सान्दर्भिक भएमा बालबालिकाका दिमागमा विषयवस्तुप्रतिको धारणालाई प्रष्ट पार्न सकिन्छ । एकाइसौं शताब्दीको गतिशीलतासँगै शिक्षणमा भएका पूराना तथा परापूर्व कालका विधि, सिद्धान्त र पाठ्यवस्तुलाई परिवर्तन तथा परिमार्जन गर्दै आधुनिक विज्ञान र प्रविधिको विकासमा गतिशील समाजको माग अनुसार गर र सिक जस्ता व्यवहारिक तथा विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाइ शिक्षण कार्यलाई सुव्यवस्थित पार्न भाषा पाठ्यपुस्तकमा पनि चित्रको ठूलो क्षेत्र रहेको पाइन्छ । कथाको भाव, विस्तार क्षमताको विकास गर्न, जीवनी शिक्षण गर्न, अक्षरको पहिचान गर्न, शुद्धसँग उच्चारण गर्न र लेख्न आदि विधाहरूमा चित्रको प्रयोग संयोजन गर्न अति आवश्यक हुन्छ । त्यसैगरी व्याकरण शिक्षण गर्न, गणितीय तथा भाषिक सीपको विकासमा चित्रले प्रत्यक्ष रूपमा सहयोग गर्ने हुनाले भाषा पाठ्यपुस्तकमा चित्रको प्रयोग गर्न ज्यादै महत्त्वपूर्ण र सान्दर्भिक हुन् जान्छ (पौडेल, २०७३:२३०) ।

विद्यार्थीहरूको पाठ्यपुस्तकको शब्द, अर्थ र व्याकरणिक नियमहरूको धारणा बसाल्न, शब्दभण्डार र वाक्य गठन क्षमताको वृद्धि गर्न, बोध क्षमताको विकास गर्न, बालबालिकाहरूलाई विभिन्न रङ तथा आकार थाहा पाउन, प्रश्नोत्तर क्षमताको विकास गर्न, व्याख्या विश्लेषण गर्ने क्षमताको विकास गर्न, विद्यार्थीले अनुभव क्षेत्र भित्रका विभिन्न वस्तुप्रति चित्र देखाइ तिनको विकासमा जोड दिन भाषा पाठ्यपुस्तकमा चित्रको प्रयोग अनिवार्य रूपमा गरिन्छ । यदि भाषा पाठ्यपुस्तकमा चित्रको प्रयोग गरिएन भने विषयवस्तु उद्देश्यमूलक नहुन् सक्छ । विषयवस्तु असान्दर्भिक उत्सुकताहीन हुन्छ । भाषा पाठ्यपुस्तकमा चित्रहरूको उपयुक्त सन्दर्भ अनुसार मिल्दाजुल्दा चित्र राख्नु अनिवार्य हुन्छ ।

### २.३.७ भाषा पाठ्यपुस्तकमा चित्रको महत्त्व

मानिसका उच्चारण अवयवबाट उच्चारित सार्थक ध्वनि नै भाषा हो । ज्ञानको बलियो आधार भनेको भाषालाई लिन सकिन्छ । भाषाको आदान प्रदानबाट यस संसारमा विभिन्न किसिमका विकास र प्रविधिको विकास भएको हो । मानिस सही र गलत छुट्याउने भएकाले भाषालाई जननीको दर्जा दिन सकिन्छ । हाम्रो देश नेपाल बहुभाषिक, बहुधार्मिक, बहुजातीय, बहुसांस्कृतिक मुलुक हो । नेपालको संविधान (२०७२) ले नेपाली लगायत सम्पूर्ण भाषालाई राष्ट्रभाषाको मान्यता प्रदान गरेता पनि नेपाली भाषा सरकारी कामकाजको भाषा, सम्पर्क भाषा र माध्यम भाषाका रूपमा रहेको छ (अधिकारी, २०७१:२७५) ।

नेपाली भाषालाई विभिन्न भाषा र तरिकाले आर्जन गर्ने भएकाले भाषासँग सम्बन्धित पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीको रुचि, चाहना, उमेर, सामाजिक संरचना, समाजको आवश्यकता, समयानुकूल जस्ता पक्षमा ध्यान दिएर भाषा पाठ्यपुस्तक, भाषा पाठ्यक्रम, वैयक्तिक, पारिवारिक, सामाजिक र राष्ट्रिय उद्देश्यहरूसँग मेल खाने र परिपूर्ति गर्ने खालको हुनु पर्दछ । भाषाको पाठ्यक्रममा भाषिक सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइमा विशेष रूपमा ध्यान दिइ विधाको प्रकृति अनुसार पाठ्यवस्तु समाविष्ट गरिनु अर्थपूर्ण मानिन्छ । ती माथि उल्लिखित भाषाका चार ओटा भाषिक सीप विकास गर्न भाषा पाठ्यपुस्तक अनुसार विषयवस्तु अनुसार चित्रहरू समावेश गरिनु महत्त्वपूर्ण मानिन्छ । भाषा पाठ्यपुस्तकमा विषयानुकूल चित्रहरू नराखिएमा विधाहरूको औचित्य रहँदैन । राष्ट्रिय उद्देश्य पूरा गर्न, बौद्धिक क्षमताको विकास गर्न, तार्किक क्षमताको विकास गर्न आदि जस्ता पक्षमा विकास गराउनुमा चित्रले सघाउ पुऱ्याउने भएकाले चित्रको स्थान महत्त्वपूर्ण छ । भाषाका चार ओटा सीपको विकास गर्न चित्र अनिवार्य रूपमा भाषा पाठ्यपुस्तकमा राखिनु आवश्यक देखिन्छ ।

## २.३.८ प्रकाशन शैली अनुसार चित्र

भाषा पाठ्यपुस्तकमा विभिन्न किसिमका सीपलाई विकास गर्न बालबालिकालाई विभिन्न किसिमका चित्रहरूले आवश्यक सहयोग गर्दछन् । भाषा पाठ्यपुस्तकमा चित्रहरू आवश्यक भएकाले पाठ्यक्रम विकास केन्द्रले सैद्धान्तिक आधार तयार पारेको छ । जुन सैद्धान्तिक आधारमा रहेर भाषा पाठ्यपुस्तकमा चित्रहरू राख्नु उपयुक्त मानिन्छ । भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू कति हुनुपर्छ ? चित्रको आकार प्रकार कत्रो हुनु पर्दछ ? चित्रको लम्बाइ चौडाइ कति हुनु पर्दछ ? चित्र भाषा पाठ्यपुस्तकका पाठहरूको कुन स्थानमा राख्नु उपयुक्त

हुन्छ ? चित्र र विषयवस्तुको भाव उपयुक्त हुनु पर्छ कि पर्दैन ? प्रश्नमा आधारित भएर पाठ्यक्रम विकास केन्द्रद्वारा २०७१ सालमा 'प्रकाशन शैली' पुस्तकको प्रकाशन भएको छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पाठ्यपुस्तक 'प्रकाशन शैली' अनुसार आधारभूत तहमा पाठभित्र चित्र राख्दा चित्रको आकार प्रकार १२×१४ से.मी. सम्मका हुनु पर्दछ । माध्यमिक तथा उच्च तहमा चित्रको आकार प्रकार ४×६ से.मी. का हुनु पर्दछ । ठूला चित्रका लागि मध्यम चित्रका आकार भन्दा ठूलो हुनु पर्दछ । चित्र बनाउँदा पूर्व प्रकाशित चित्रहरूको प्रयोग गर्न पाइदैन । चित्रको तल रहने विवरण मुख्य अंशभन्दा दुई प्वाइन्ट सानो अक्षरमा रहन्छ ।

चित्रलाई सम्बन्धित विषयवस्तु रहेको उपयुक्त ठाउँमा राख्नु पर्ने हुन्छ । पाठ र चित्र प्रयोग भएका सामग्रीका पृष्ठमा चित्र मात्र नराखी पाठ्यांश पनि राख्नु पर्दछ । पाठ्य सामग्रीको ढाँचाका सम्बन्धमा चित्रको वर्णन एक लहरको हुनु पर्दछ र किनारा सोझो हुनु पर्दछ । पाठ्यपुस्तकका सामग्रीहरू लहरमा राख्नु हुदैन । पाठ्याशंमा चित्रहरू राख्दा दायाँ र माथिल्लो भागमा राख्नु राम्रो मानिन्छ । पत्रिका, जर्नल, ब्रोसर र प्रतिवेदनहरूमा लहरमा राख्नु पर्ने भए दुई लहरमा लेआउट गर्नु पर्दछ । चित्रलाई लहरमा राख्दा पनि चित्रको व्याख्या क्रमशः गर्नुपर्ने हुन्छ । चित्र सङ्ख्याका आधारमा उच्च तह भन्दा आधारभूत तहमा चित्रहरू अत्यधिक मात्रामा राख्नु पर्ने हुन्छ । बालबालिकाहरू विषयवस्तुमा प्रवेश गर्न ध्यान केन्द्रित, जिज्ञासु र क्रियाशील हुन्छन् । विषयवस्तु अत्यधिक मात्रामा घोकाउनु भन्दा चित्रको प्रयोग गरी सहज र सरल ढङ्गले शिक्षकले अध्यापन गर्न सक्छन् ।

# cWofo M tLg

## cWoog ljlw / k|lqmof

### ३.१ अनुसन्धानको ढाँचा

प्रस्तुत अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयका कक्षा चारको मेरो नेपाली किताब र सरल नेपाली माला भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूका आधारमा तुलना गरिएको छ । भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू नै तुलनाका मुख्य आधार बनेका छन् । यस अध्ययनमा गुणात्मक तथा परिमाणात्मक अनुसन्धान ढाँचाको उपयोग गरिएको छ । मेरो नेपाली उपयुक्त कि सरल नेपाली माला उपयुक्त भनेर तुलना गर्दा अध्ययनको ढाँचा गुणात्मक बन्न पुगेको छ भने पाठ, चित्रलाई सङ्ख्यात्मक रूपमा तुलना गर्दा अनुसन्धान परिमाणात्मक तथा सङ्ख्यात्मक ढाँचाको बनाइएको छ । समग्रमा यो अध्ययन मिश्रित ढाँचामा तयार गरिएको छ ।

### ३.२ जनसङ्ख्या तथा नमुना छनोट

विद्यालय तहमा लागु गरिएका सम्पूर्ण पाठ्यपुस्तक यस अध्ययनका जनसङ्ख्या हुन् भने कक्षा चारमा लागु गरिएका मेरो नेपाली पाठ्यपुस्तक र सरल नेपाली माला भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठहरूमा रहेका चित्रहरूलाई सम्भावनारहित अन्तर्गत उद्देश्यमूलक प्रयोजन परक तथा सुविधाजनक नमुना छनोट विधिको उपयोग गरी अध्ययनलाई नमुनाका रूपमा छनोट गरिएको छ ।

### ३.३ अध्ययनको विधि र प्रक्रिया

प्रस्तुत अध्ययन सामुदायिक र संस्थागत विद्यालयका कक्षा चारको मेरो नेपाली पाठ्यपुस्तक र सरल नेपाली मालामा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण गरिएको हुँदा यसमा पुस्तकालयीय अध्ययन विधिबाट प्राप्त तथ्याङ्कहरूको उपयोग गरिएको छ । यसमा नमुनाको रूपमा लिइएका दुबै पाठ्यपुस्तकमा रहेका प्राप्त चित्रहरूलाई गुणात्मक तथा सङ्ख्यात्मक प्रकृतिका तथ्याङ्कहरू लिई तिनको तुलनात्मक विश्लेषण गरिएको छ । भाषा पाठ्यपुस्तकमा भएका चित्रहरूको विशेषतासँग सम्बन्धित तथ्य तथ्याङ्कका आधारमा निष्कर्ष निकाली सुझाव प्रस्तुत गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

यस अध्ययनलाई निष्कर्षमा लैजानका लागि मूलतः प्राथमिक स्रोत र द्वितीय स्रोतको माध्ययमबाट तथ्याङ्कको सङ्कलन गरिएको छ :

सामुदायिक र संस्थागत विद्यालयका भाषा पाठ्यपुस्तक मेरो नेपाली पाठ्यपुस्तक र सरल नेपाली मालालाई तथ्याङ्क सङ्कलनका प्राथमिक स्रोतका रूपमा लिइएको छ । प्रस्तुत शोधलाई सैद्धान्तिक अवधारणा निर्माण गर्नका लागि यस अघि भए गरेका शोधकार्यहरू, पाठ्यपुस्तकहरू, शब्दकोश जस्ता सामग्रीलाई द्वितीय स्रोतका रूपमा लिइएको छ ।

## ३.५ सामग्री निर्माण र मानकीकरण

प्रस्तुत अध्ययन कक्षा चारको मेरो नेपाली पाठ्यपुस्तक र सरल नेपाली मालामा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषणसँग सम्बन्धित भएकाले पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र जेबिडि पब्लिकेशन प्रा.लि. भोटाहिटी काठमाडौँद्वारा प्रकाशित पुस्तकमा भएका प्रयुक्त चित्रहरूलाई सामग्रीको रूपमा लिइएको छ । आवश्यकता अनुसार शोध निर्देशक, विषय विशेषज्ञको सल्लाह सुझाव अनुसार सामग्रीको मानकीकरण गरी शोधकार्यलाई मूर्त रूप दिइएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

प्रस्तुत अध्ययनमा कक्षा चारको मेरो नेपाली भाषा पाठ्यपुस्तक र सरल नेपाली माला भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । यस अध्ययनमा तथ्याङ्क सङ्कलन गर्दा कक्षा चारको मेरो नेपाली र सरल नेपाली मालामा समाविष्ट चित्रलाई तुलना गरिएको छ । सैद्धान्तिक अवधारणा निर्माण गर्न शोधकार्यहरू, पाठ्यपुस्तकहरू, शब्दकोश जस्ता स्रोतलाई आधार मानी पुस्तकालयीय अध्ययन विधिको उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण

माथि उल्लिखित विभिन्न विधिको उपयोगबाट तथ्याङ्क सङ्कलन गरी सकेपछि समुदायिक विद्यालयको कक्षा चारको मेरो नेपाली र संस्थागत विद्यायको सरल नेपाली माला पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक अध्ययन गरिएको छ । मेरो नेपाली र सरल नेपाली मालामा समाविष्ट चित्रको सङ्ख्या, संरचना, चित्र रखाइ स्थान, चित्र भित्रका वस्तु,

विषयवस्तु तथा भावका दृष्टिले चित्रका बारेमा तथ्याङ्क सङ्कलन गरी सैद्धान्तिक अवधारणा अनुसार चित्रहरूको तुलनात्मक व्याख्या विश्लेषण गरिएको छ । अन्त्यमा चित्रको समानता, भिन्नता, उपयुक्तता, अनुपयुक्तता, सबलता, दुर्बलता पहिल्याई चित्रका सन्दर्भमा सुझाव पेस गरिएको छ ।

## ३.८ अध्ययन प्रतिवेदनको ढाँचा

यस शोध अध्ययनको ढाँचा निम्नानुसार रहेको छ :

**क) पूर्वभाग**

यस अध्ययन प्रतिवेदनको पूर्वभाग नै प्रारम्भिक खण्ड हो । यस खण्डमा मुखपृष्ठ, प्रतिवद्धता पत्र, सिफारिस पत्र, स्वीकृति पत्र, कृतज्ञता ज्ञापन, शोधसार, विषय सूची, तालिका सूची, चिह्न सूची, शब्द सङ्क्षेपीकरण रहेका छन् ।

**ख) मध्यभाग**

यो खण्ड अध्ययन प्रतिवेदन ढाँचाको मध्य वा मूलभाग हो । यस खण्डमा अनुसन्धान कार्यको सम्पूर्ण विवरण रहेको छ । यस अर्न्तगत अध्याय, शीर्षकहरू, भूमिका, अनुच्छेद, तालिका, विन्यास, उद्धरण, टिप्पणी, व्याख्या विश्लेषण, निष्कर्ष खण्ड र सन्दर्भ ग्रन्थसूची रहेका छन् ।

**ग) उत्तर भाग**

यस अध्ययन प्रतिवेदनको अन्तिम खण्ड वा भाग हो । यस खण्डको उत्तर भागमा व्यक्तिवृत्त विवरण राखिएको छ ।

# cWofoMrf/

## lrqx¿sf] t'ngfTds ljZn]if0f

### ४.१ चित्रहरूको संरचना

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित कक्षा चारको मेरो नेपाली पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमी भक्तपुरद्वारा मुद्रण गरिएको हो । विद्यार्थीले विकास गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपलाई स्थायित्व दिन सकेमा भाषा सिकाइ प्रभावकारी हुन्छ । यसलाई दृष्टिगत गरी यसमा भाषिक सीप विकासका लागि प्रर्याप्त अभ्यास राखिएका छन् । यसमा मौजुदा पाठ्यपुस्तक अध्ययन अध्यापनका क्रममा विद्यार्थी, शिक्षकलाई आवश्यक शिक्षण निर्देशन दिइएको छ । यो पुस्तक परीक्षणका लागि तयार पारिएकाले यसलाई शिक्षक विद्यार्थीका राय सुझावले अझै परिष्कृत पार्ने लक्ष्य राखिएको छ । वि.सं. २०५२ सालमा भरत प्याकुरेलले लेख्नु भएको तथा दिवाकर ढुङ्गेलले भाषा सम्पादन गर्नु भएको पाठ्यपुस्तकलाई प्रा.डा. केदारप्रसाद शर्मा, दिवाकर ढुङ्गेल, द्रोण दाहाल, गणेशप्रसाद भट्टराई, विष्णुप्रसाद अधिकारी, विष्णु घिमिरे र शोभा दवाडीद्वारा लेखन, परिमार्जन तथा सम्पादन गराइ यसलाई तयार गरिएको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ लाई मूल आधार मानी शिक्षा सम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत शिक्षासँग सम्बन्ध राख्ने विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तर्क्रियाका निष्कर्ष र विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठ पोषण समेतलाई समेटी यो पाठ्यपुस्तक तयार पारिएको छ । यस पाठ्यक्रमलाई पहिलो संस्करण वि.सं. २०५२, पुनः परिमार्जित दोस्रो संस्करण वि.सं. २०६५, पुनर्मूद्रण वि.सं. २०७२ र पुर्नमूद्रण-नयाँ विन्यास अनुसार वि.सं. २०७३ सालमा परिमार्जन तथा सुधार गरिएको छ ।

यस पाठ्यपुस्तकमा जम्मा २१ ओटा पाठहरू समावेश गरिएको छ । जसमध्ये ५ ओटा कविता, १ ओटा निवेदन र १ ओटा चिठी ६ ओटा प्रबन्ध, ६ कथा र २ ओटा संवाद गरी नेपाली भाषासँग सम्बन्धित विविध विधाहरू समावेश गरिएको छ । यस पाठ्यपुस्तकका पाठहरूमा जम्मा ५४ ओटा स्थानमा विभिन्न प्रकृतिका चित्रहरूलाई समावेश गरिएको छ । यी चित्रहरू अभ्यास खण्डमा नभई पाठहरूमा राखिएको छ ।

यसैगरी नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा निर्धारित पाठ्यक्रममा आधारित सरल नेपाली माला कक्षा चारको पाठ्यपुस्तक जेबिडी पब्लिकेशन प्रा.लि. भोटाहिटी काठमाडौँ नेपालद्वारा मुद्रण गरिएको हो । यस पाठ्यपुस्तकको पहिलो संस्करण वि.सं. २०६७ सालमा भएको हो । यस पाठ्यपुस्तकका लेखकहरूमा ऋषिकेश आचार्य तथा सम्पादक सविता ज्ञवाली हुनुहुन्छ । कम्प्युटरमा आनन्द प्रसाद गौतम र जीटा कम्प्युटर सर्भिसद्वारा प्रकाशन गरिएको छ । यस पाठ्यपुस्तकलाई परिमार्जित चौथो संस्करण २०७२ सालमा गरिएको थियो । यस पाठ्यपुस्तकको चित्राङ्कन प्रेम लम्सालले गर्नु भएको छ ।

यस पाठ्यपुस्तकमा जम्मा १७ ओटा पाठहरू समावेश गरिएका छन् । जसमध्ये ५ ओटा कविता, ४ ओटा कथा, ४ ओटा प्रबन्ध, १ ओटा जीवनी, १ ओटा संवाद, १ ओटा चिठी र एक ओटा निवेदन विधाको समावेशी गरी तयार पारिएको छ । उक्त पाठ्यपुस्तक शिक्षण सिकाइका लागि उपयुक्त ठानी निजी शिक्षण संस्थाहरूमा अध्ययन अध्यापन गरिने व्यवस्था मिलाइएको छ ।

प्रस्तुत शोधपत्रको मुख्य शीर्षक नै सामुदायिक र संस्थागत विद्यालयमा कक्षा चारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको मुख्य रूपमा विश्लेषण गरी त्यसपछि तुलना गर्ने प्रयास गरिएको छ । तसर्थ उक्त २ ओटा पाठ्यपुस्तकको अन्तरलाई तुलना गरिएको छ । यस अध्ययनका लागि निम्न लिखित पक्षहरूलाई आधार मानिएको छ :

1= चित्रहरूको सङ्ख्या

2= चित्रहरूको आकार प्रकार

3= चित्र रखाइको स्थान

4= चित्र भित्रका वस्तु

5= विषयवस्तु तथा भावका दृष्टिले चित्र

6= चित्रका सबल र दुर्बल पक्ष

7= चित्रका सन्दर्भमा सुझाव

४.१.१ चित्रहरूको सङ्ख्या

**तालिका नं. १ : चित्रहरूको सङ्ख्या**

| मेरो नेपाली | | | सरल नेपाली माला | |
|---|---|---|---|---|
| पाठको क्र.सं. | पाठशीर्षक | चित्र सङ्ख्या | पाठशीर्षक | चित्र सङ्ख्या |
| 1= | गाउँछ गीत नेपाली | १ ओटा | नेपाल आमा | १ ओटा |
| 2= | धनको घमण्ड | ३ ओटा | जङ्गल हाम्रो साथी | २ ओटा |
| 3= | बचत गर्ने बानी | १ ओटा | टेलिभिजन | २ ओटा |
| 4= | नौलाख तारा | ५ ओटा | घाम छाया | २ ओटा |
| 5= | नीमको पात | ३ ओटा | महाकवि लक्ष्मीप्रसाद देवकोटा | २ ओटा |
| 6= | बाग्मती नदी | ३ ओटा | विष्णुभक्त प्रह्लाद | ४ ओटा |
| 7= | बिहेको निम्तो | ३ ओटा | हाम्रा चाडबाड | ३ ओटा |
| 8= | दाजु भाइ र बुढाबा | ६ ओटा | स्वास्थ्य नै सम्पत्ति हो | २ ओटा |
| 9= | स्वस्थ बनौँ | ५ ओटा | असल बनौँ सधैँभरि | ३ ओटा |
| 10= | बुबाको चिठी | - | विश्वास | ४ ओटा |
| 11= | आमा | १ ओटा | मामालाई चिठी | - |
| 12= | बजा लौरी डाङडुङ | ३ ओटा | भित्ते पात्रो | १ ओटा |
| 13= | नरेशको यात्रा | ४ ओटा | हिमाली दृश्य | १ ओटा |
| 14= | पशुपन्क्षी र हाम्रो कर्तव्य | १ ओटा | मानिसको धर्म | २ ओटा |
| 15= | प्रधानाध्यापकलाई निवेदन | - | गैँडा | ३ ओटा |
| 16= | पाप लाग्छ | १ ओटा | प्रधान अध्यापकलाई निवेदन | - |
| 17= | पछुतो | ३ ओटा | किताब | १ ओटा |
| 18= | बालबालिकाको अधिकार | २ ओटा | | |
| 19= | लक्ष्य | १ ओटा | | |
| 20= | सत्य कामको अठोट | ४ ओटा | | |
| 21= | आधुनिक सञ्चार | ४ ओटा | | |
| जम्मा चित्र सङ्ख्या | | ५४ ओटा | जम्मा चित्र सङ्ख्या | ३३ ओटा |

माथिको तालिका अनुसार सामुदायिक विद्यालयमा कक्षा चारको मेरो नेपाली पाठ्यपुस्तकमा जम्मा ५४ ओटा चित्रहरू राखिएको छ भने संस्थागत विद्यालयको सरल नेपाली मालामा जम्मा ३३  ओटा चित्रहरू राखेको पाइयो ।

मेरो नेपाली पाठ्यपुस्तकको पाठ १ 'गाउँछ गीत नेपाली' कवितामा १ ओटा चित्र, पाठ २ 'धनको घमण्ड' कथामा ३ ओटा चित्रहरू पाइयो । पाठ ३ 'बचत गर्ने बानी' प्रबन्धमा १ ओटा चित्र राखिएको पाइयो । पाठ ४ 'नौलाख तारा' कवितामा ५ ओटा चित्र, पाठ ५ 'नीमको पात' कथामा ३ ओटा चित्र, पाठ ६ 'बाग्मती नदी' प्रबन्धमा ३ ओटा चित्र, पाठ ७ 'बिहेको निम्तो' संवादमा ३ ओटा चित्र, पाठ ८ 'दाजुभाइ र बुढाबा' कथामा ६ ओटा चित्र, पाठ ९ 'स्वस्थ बनौँ' प्रबन्धमा ५ ओटा चित्र, पाठ १० 'बुवाको चिठी' मा चित्र नै राखिएको पाइएन । मेरो नेपाली पाठ ११ 'आमा' कवितामा १ ओटा चित्र, पाठ १२ 'बजा लौरी डाङडुङ' कथामा ३ ओटा चित्र, पाठ १३ ' नरेशको यात्रा' प्रबन्धमा ४ ओटा चित्र, पाठ १४ 'पशुपन्छी र हाम्रो कर्तव्य' संवादमा १ ओटा चित्र र पाठ १५ 'प्रधानाध्यापकलाई निवेदन' पाठमा चित्र नै राखिएको छैन । त्यसैगरी पाठ १६ 'पाप लाग्छ' कवितामा १ ओटा चित्र, पाठ १७ 'पछुतो' कथामा ३ ओटा चित्र, पाठ १८ ' बालबालिकाको अधिकार' प्रबन्धमा २ ओटा चित्र, पाठ १९ 'लक्ष्य' कवितामा १ ओटा चित्र, पाठ २० 'सत्य कामको अठोट' कथामा ४ ओटा चित्र र पाठ २१ 'आधुनिक सञ्चार' प्रबन्धमा ४ ओटा चित्र राखिएको पाइयो ।

संस्थागत विद्यालयको सरल नेपाली माला पाठ्यपुस्तकका पाठहरूमा रहेका चित्रहरूलाई तल प्रस्तुत गरिएको छ । यस पुस्तकको पाठ १ 'नेपाल आमा' कवितामा १ ओटा चित्र, पाठ २ 'जङ्गल हाम्रो साथी' कथामा २ ओटा चित्र, पाठ ३ 'टेलिभिजन' प्रबन्धमा २ ओटा चित्र, पाठ ४ 'घाम छाया' कवितामा २ ओटा चित्र, पाठ ५ 'महाकवि लक्ष्मीप्रसाद देवकोटा' जीवनीमा २ ओटा चित्र पाठ ६ 'विष्णुभक्त प्रह्लाद' कथामा ४ ओटा चित्र, पाठ ७ 'हाम्रा चाडबाड' प्रबन्धमा ३ ओटा चित्र, पाठ ८ 'स्वास्थ्य नै सम्पत्ति हो' संवादमा २ ओटा चित्र, पाठ ९ 'असल बनौँ सधैँभरि' कवितामा ३ ओटा चित्र, पाठ १० 'विश्वास' कथामा ४ ओटा चित्र, पाठ ११ 'मामालाई चिठी' पाठमा चित्र नै राखिएको पाइएन । त्यसैगरी  पाठ १२ 'भित्ते पात्रो' प्रबन्धमा १ ओटा चित्र, पाठ १३ 'हिमाली दृश्य' कवितामा १ ओटा चित्र, पाठ १४ 'मानिसको धर्म' कथामा १ ओटा चित्र, पाठ १५ 'गैँडा' प्रबन्धमा ३ ओटा चित्र, पाठ १६ 'प्रधान अध्यापकलाई' निवेदन पाठमा चित्र राखिएको पाइएन भने पाठ १७ 'किताब' कवितामा १ ओटा चित्र राखेको पाइयो ।

माथिको तालिकाबाट मेरो नेपाली पाठ्यपुस्तकको पाठ ८ 'दाजुभाइ र बुढाबा' कथामा सबैभन्दा बढी चित्र राखिएको पाइयो । धेरैजसो पाठमा १ ओटा चित्र राखिएको पाइयो भने पाठ १० 'बुवाको चिठी' र पाठ १५ 'प्रधान अध्यापकलाई निवेदन' पाठमा चित्र राखेको पाइएन । माथिको तालिका अनुसार प्रत्येक पाठमा सरदरमा २ ओटा चित्रको दरले चित्रहरू राखेको पाइयो ।

पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पुस्तक 'प्रकाशन शैली' र अन्य उच्च तहका भाषा पाठ्यपुस्तक लेखकका अनुसार पाठमा राखिने चित्र सङ्ख्या नतोकिए पनि आधारभूत तहका पाठ्यपुस्तकमा अत्यधिक मात्रामा चित्रको प्रयोग गरिनु पर्छ । बालबालिकाहरू चित्र हेरेर सिकाइप्रति प्रेरित हुन्को लागि भाषा पाठ्यपुस्तकका पाठहरूमा चित्रहरूको अधिक प्रयोग गरिनु आवश्यक हुन्छ ।

### ४.१.२ चित्रहरूको आकार प्रकार

**मेरो नेपाली**

सामुदायिक विद्यालयको मेरो नेपाली पाठ्यपुस्तकमा जम्मा २१ ओटा पाठहरू राखिएको छ । ती पाठहरूमा के कस्ता चित्रहरू राखिएको छ भन्ने विषयमा यस पाठ्यपुस्तकको चित्रहरूको आकार प्रकारका विषयमा अध्ययन गर्न लागिएको छ । यस पाठ्यपुस्तकमा प्रत्येक पाठमा विभिन्न आकार प्रकारका चित्रहरू राखिएको छ । यस पाठ्यपुस्तकका पाठहरूमा कुनै चित्रहरू आकार प्रकारले साना देखिन्छन् भने कुनै पाठमा आकार प्रकारले ठूला देखिन्छन् । साना चित्र भएका पाठहरू मध्ये पाठ ४ 'नौलाख तारा' पाठ ५ 'नीमको पात', पाठ ८ 'दाजुभाइ र बुढाबा', पाठ ९ 'स्वस्थ बनौँ', पाठ १८ 'बालबालिकाको अधिकार', पाठ १९ 'लक्ष्य', पाठ २० 'सत्य कामको अठोट' पाठहरूमा आकार प्रकार तथा लम्बाइ चौडाइका दृष्टिले चित्रहरू साना देखिन्छन् । अन्य पाठहरूमा यी पाठको तुलनामा चित्रहरू ठूला राखिएको छ । आकार प्रकारले ठूला र साना देखिए तापनि लम्बाइ चौडाइको हिसाबले उक्त चित्रहरूको नापजाँच गरी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २ : चित्रहरूको आकार प्रकार (मेरो नेपली)

| पाठको क्र.सं. | पाठशीर्षक | चित्र नं. | लम्बाइ | चौडाइ |
|---|---|---|---|---|
| पाठ-१ | गाउँछ गीत नेपाली | चित्र-१ | ४ से.मी. | १.५ से.मी. |
| पाठ-२ | धनको घमण्ड | चित्र-१ | ३.५ से.मी. | ३ से.मी. |
| | | चित्र-२ | २.५ से.मी. | ५ से.मी. |
| | | चित्र-३ | २.५ से.मी. | ५ से.मी. |
| पाठ-३ | बचत गर्ने बानी | चित्र-१ | ४ से.मी. | २ से.मी. |
| पाठ-४ | नौलाख तारा | चित्र-१ | १.५ से.मी. | १ से.मी. |
| | | चित्र-२ | १ से.मी. | १.५ से.मी. |
| | | चित्र-३ | १ से.मी. | १.५ से.मी. |
| | | चित्र-४ | १ से.मी. | १.५ से.मी. |
| | | चित्र-५ | १ से.मी. | १.५ से.मी. |
| पाठ -५ | नीमको पात | चित्र-१ | ३.५ से.मी. | २.५ से.मी. |
| | | चित्र-२ | ३ से.मी. | २.५ से.मी. |
| | | चित्र-३ | ३ से.मी. | ३.५ से.मी. |
| पाठ-६ | बाग्मती नदी | चित्र-१ | ४.५ से.मी. | ३.५ से.मी. |
| | | चित्र-२ | ४ से.मी. | ३ से.मी. |
| | | चित्र-३ | ५ से.मी. | २ से.मी. |
| | | चित्र-४ | ४ से.मी. | २ से.मी. |
| पाठ-७ | बिहेको निम्तो | चित्र-१ | ३ से.मी. | २.५ से.मी. |
| | | चित्र-२ | २ से.मी. | २ से.मी. |
| | | चित्र-३ | २ से.मी. | २ से.मी. |
| पाठ-८ | दाजुभाइ र बुढाबा | चित्र-१ | ५ से.मी. | २.५ से.मी. |
| | | चित्र-२ | ३ से.मी. | ३ से.मी. |
| | | चित्र-३ | ३.५ से.मी. | २ से.मी. |
| | | चित्र-४ | ३ से.मी. | २ से.मी. |
| | | चित्र-५ | ३ से.मी. | २ से.मी. |
| | | चित्र-६ | ३ से.मी. | २ से.मी. |
| पाठ-९ | स्वस्थ बनौँ | चित्र-१ | ४ से.मी. | १ से.मी. |
| | | चित्र-२ | १.५ से.मी. | १ से.मी. |
| | | चित्र-३ | १.५ से.मी. | १ से.मी. |
| | | चित्र-४ | १.५ से.मी. | १ से.मी. |
| | | चित्र-५ | १.५ से.मी. | १ से.मी. |
| पाठ-१० | बुबाको चिठी | - | - | - |
| पाठ-११ | आमा | चित्र-१ | ३.५ से.मी. | २.५ से.मी. |
| पाठ-१२ | बजा लौरी डाङडुङ | चित्र-१ | ३.५ से.मी. | २ से.मी. |
| | | चित्र-२ | ३.५ से.मी. | २ से.मी. |
| | | चित्र-३ | ४ से.मी. | ३.८ से.मी. |

| | | | | |
|---|---|---|---|---|
| पाठ-१३ | नरेशको यात्रा | चित्र-१<br>चित्र-२<br>चित्र-३<br>चित्र-४ | ३ से.मी.<br>२.५ से.मी.<br>४ से.मी.<br>४ से.मी. | २.५ से.मी.<br>२.५ से.मी.<br>२ से.मी.<br>१.५ से.मी. |
| पाठ-१४ | पशुपन्छी र हाम्रो कर्तव्य | चित्र-१ | ४ से.मी. | ३ से.मी. |
| पाठ-१५ | प्रधानाध्यापकलाई निवेदन | - | - | - |
| पाठ- १६ | पाप लाग्छ | चित्र-१ | ६ से.मी. | ४ से.मी. |
| पाठ-१७ | पछुतो | चित्र-१<br>चित्र-२<br>चित्र-३ | २.५ से.मी.<br>३.५ से.मी.<br>२.५ से.मी. | २ से.मी.<br>२.५ से.मी.<br>३ से.मी. |
| पाठ-१८ | बालबालिकाका अधिकार | चित्र-१<br>चित्र-२ | ३ से.मी.<br>२.५ से.मी. | २.५ से.मी.<br>२.५ से.मी. |
| पाठ-१९ | लक्ष्य | चित्र-१<br>चित्र-२ | २.४ से.मी.<br>३ से.मी. | १.२ से.मी.<br>१.२ से.मी. |
| पाठ-२० | सत्य कामको अठोट | चित्र-१<br>चित्र-२<br>चित्र-३<br>चित्र-४ | ३ से.मी.<br>३.५ से.मी.<br>२.३ से.मी.<br>४ से.मी. | २.५ से.मी.<br>२ से.मी.<br>२ से.मी.<br>२.५ से.मी. |
| पाठ-२१ | आधुनिक सञ्चार | चित्र-१<br>चित्र-२<br>चित्र-३<br>चित्र-४ | २ से.मी.<br>४.५ से.मी.<br>२ से.मी.<br>३ से.मी. | २.५ से.मी.<br>३ से.मी.<br>१ से.मी.<br>३ से.मी. |

माथिको तालिका अनुसार चित्रहरूको आकार, प्रकार, लम्बाइ, चौडाइका दृष्टिले पाठ १ देखि पाठ २१ सम्म प्रत्येक चित्रको नाप लिएर चित्रको लम्बाइ र चौडाइलाई यकिन गरी छुट्याइएको छ । मेरो नेपाली पाठ्यपुस्तकमा भएका चित्रहरूको लम्बाइ र चौडाइमा एकरूपता पाइएन । पाठमा रहेका कुनै चित्रहरूको लम्बाइ बढी देखियो भने कुनै चित्रको चौडाइ बढी देखियो । मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूलाई अध्ययन गर्दा सबैभन्दा ठूला चित्र भएको पाठ १६ 'पाप लाग्छ' कवितामा चित्रको लम्बाइ ६ से.मी. छ भने चौडाइ ४ से.मी. रहेको पाइयो । यस पाठ्यपुस्तकमा चित्रहरूको आकार प्रकार तथा लम्बाइ चौडाइ कम भएका पाठहरू पाठ ४ 'नौलाख तारा' कविता र पाठ ९ 'स्वच्छ बनौं' प्रबन्धमा चित्रको आकार प्रकार तथा लम्बाइ चौडाइका दृष्टिले चित्रहरू साना भएको पाइयो । उक्त पाठमा उल्लेखित चित्रहरूको लम्बाइ चौडाइ क्रमशः १.५ से.मी., १ से.मी. रहेको पाइयो । धेरैजसो पाठहरूमा कम चित्र भएका पाठको चित्रको आकार ठूलो देखियो भने धेरै चित्र भएका पाठमा चित्रको आकार प्रकार तथा लम्बाइ चौडाइ कम भएको पाइयो ।

मेरो नेपाली पाठ्यपुस्तकमा भएका चित्रहरूको आकार प्रकार तथा लम्बाइ चौडाइ अनुसार धेरै कम रहेको पाइयो । पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित पुस्तक 'प्रकाशन शैली' का अनुसार प्राथमिक तहमा चित्रहरूको लम्बाइ चौडाइ १२×१४ से.मी. हुनुपर्छ भने माथिल्लो तहमा ४×६ से.मी. का चित्रहरू उपयुक्त हुन्छन् । यस पुस्तकलाई आधार मान्ने हो भने कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकमा कुनै पाठमा पनि आकार साना भएकोले आकारका दृष्टिले तल्लो कक्षाहरूका विद्यार्थीहरूलाई मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू अनुपयुक्त देखिए ।

**सरल नेपाली माला**

संस्थागत विद्यालयका कक्षा ४ को सरल नेपाली मालामा जम्मा १७ ओटा पाठ राखिएको छ । यस पाठ्यपुस्तकमा रहेका चित्रहरू अध्ययन गरी चित्रको आकार प्रकार तथा लम्बाइ चौडाइलाई निश्चित नापजाँच गरिएको छ । प्रस्तुत शोधकार्यको शीर्षक नै चित्रहरूको तुलनात्मक विश्लेषण भएकाले सरल नेपाली मालाका समाविष्ट चित्रहरूमा एकरूपता देखिएको छैन । यस सरल नेपाली मालाको १७ ओटा पाठ मध्ये पाठ ११ 'मामालाई चिठी' र पाठ १६ 'प्रधान अध्यापकलाई निवेदन' पाठमा चित्र नै राखिएको छैन । आधारभूत तहमा चित्रहरू कस्ता आकार प्रकारका हुनुपर्छ ? चित्रको लम्बाइ चौडाइ कति हुनु पर्छ ? कस्ता चित्रहरू बालबालिकाका लागि उपयुक्त हुन्छन् ? भन्ने जिज्ञासाले पाठका प्रत्येक चित्रको नाप लिई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३ : चित्रहरूको आकार प्रकार (सरल नेपाली माला)**

| पाठको क्र.सं. | पाठशीर्षक | चित्र नं. | लम्बाइ | चौडाइ |
|---|---|---|---|---|
| पाठ-१ | नेपाल आमा | चित्र १ | ५ से.मी. | ३ से.मी. |
| पाठ-२ | जङ्गल हाम्रो साथी | चित्र-१<br>चित्र-२ | ४ से.मी.<br>६ से.मी. | ४ से.मी.<br>४ से.मी. |
| पाठ-३ | टेलिभिजन | चित्र-१<br>चित्र-२ | २.५ से.मी.<br>६ से.मी. | २.५ से.मी.<br>३ से.मी. |
| पाठ-४ | घामछाया | चित्र-१<br>चित्र-२ | ३ से.मी.<br>३ से.मी. | २.५ से.मी.<br>३.५ से.मी. |
| पाठ -५ | महाकवि लक्ष्मीप्रसाद देवकोटा | चित्र-१<br>चित्र-२ | ३ से.मी.<br>२ से.मी. | २.५ से.मी.<br>१.५ से.मी. |

| | | | | |
|---|---|---|---|---|
| पाठ-६ | बाग्मती नदी | चित्र-१<br>चित्र-२<br>चित्र-३ | ३.५ से.मी.<br>४ से.मी.<br>३.५ से.मी. | ३ से.मी.<br>३ से.मी.<br>३.२ से.मी. |
| पाठ-७ | हाम्रा चाडबाड | चित्र-१<br>चित्र-२<br>चित्र-३ | ३.२ से.मी.<br>४ से.मी.<br>३.५ से.मी. | ३ से.मी.<br>३ से.मी.<br>२.५ से.मी. |
| पाठ-८ | स्वास्थ्य नै सम्पत्ति हो | चित्र-१<br>चित्र-२ | ४ से.मी.<br>६ से.मी. | २ से.मी.<br>४ से.मी. |
| पाठ-९ | असल बनौँ सधैभरि | चित्र-१<br>चित्र-२<br>चित्र-३ | १.५ से.मी.<br>१.८ से.मी.<br>२ से.मी. | १ से.मी.<br>१ से.मी.<br>१ से.मी. |
| पाठ-१० | विश्वास | चित्र-१<br>चित्र-२<br>चित्र-३<br>चित्र-४ | ४ से.मी.<br>३.५ से.मी.<br>५ से.मी.<br>४ से.मी. | ३ से.मी.<br>३ से.मी.<br>१.५ से.मी.<br>३ से.मी. |
| पाठ-११ | मामालाई चिठी | - | - | - |
| पाठ-१२ | भित्ते पात्रो | चित्र-१ | ४ से.मी. | ३.५ से.मी. |
| पाठ-१३ | हिमाली दृश्य | चित्र-१ | ५ से.मी. | ३ से.मी. |
| पाठ-१४ | मानिसको धर्म | चित्र-१<br>चित्र-२ | ४ से.मी.<br>४ से.मी. | ३ से.मी.<br>३ से.मी. |
| पाठ- १५ | गैँडा | चित्र-१<br>चित्र-२ | ६ से.मी.<br>४ से.मी. | ४ से.मी.<br>२ से.मी. |
| पाठ-१६ | प्रधान अध्यापकलाई निवेदन | - | - | - |
| पाठ-१७ | किताब | चित्र-१ | ४ से.मी. | २ से.मी. |

माथिको तालिका अनुसार सरल नेपाली मालामा १७ ओटा पाठ मध्ये १५ ओटा पाठमा चित्रहरू राखिएको पाइयो । चित्र नभएका पाठहरू पाठ ११ र पाठ १६ मा चित्रहरू राखिएका पाइएन । अन्य १५ ओटा पाठहरूमा चित्रहरू घटिमा १ ओटा सम्म र बढीमा ६ ओटा सम्म राखिएको पाइयो । यस पाठ्यपुस्तकमा सबै पाठ मध्ये आकार प्रकार तथा लम्बाइ चौडाइका दृष्टिले ठूला चित्रहरू भएका पाठ २ 'जङ्गल हाम्रो साथी' पाठ ३ 'टेलिभिजन', पाठ ८ 'स्वास्थ्य नै सम्पत्ति हो' पाठमा चित्रको आकार प्रकार तथा लम्बाइ चौडाइ क्रमशः ६ से.मी. र ४ से.मी. रहेको पाइयो । चित्रको आकार प्रकार तथा लम्बाइ चौडाइ कम भएको पाठ ९ 'असल बनौँ सधैँभरि' कवितामा चित्रको लम्बाइ १.५ से.मी. र चौडाइ १/१ से.मी. रहेका ३ ओटा चित्रहरू पाठमा राखिएको पाइयो । अन्य पाठहरूमा सरदरमा लम्बाइ चौडाइ ४/५ से.मी. सम्मका चित्रहरू रहेको पाइयो ।

समग्रमा निष्कर्ष निकाल्दा मेरो नेपाली र सरल नेपाली मालामा भएका चित्रहरूमा एकरूपता देखिएन । मेरो नेपालीमा भएका चित्रभन्दा सरल नेपाली मालामा भएका चित्रहरूको आकार प्रकार ठूला देखिए । पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित भएको पुस्तक 'प्रकाशन शैली' अनुसार प्राथमिक तहका पाठ्यपुस्तकहरूमा चित्रहरूको आकार प्रकार तथा लम्बाइ चौडाइ १२×१४ से.मी. हुनुपर्छ भने माथिल्लो तहमा चित्रको आकार प्रकार तथा लम्बाइ चौडाइ४×६ से.मी. का हुनुपर्दछ । त्यसैले आकार प्रकार र लम्बाइ चौडाइ अनुसार मेरो नेपाली र सरल नेपाली मालाका पाठहरूमा समाविष्ट चित्रहरू उपयुक्त देखिदैनन् । उक्त दुई ओटै पाठ्यपुस्तकमा चित्रहरूको आकार प्रकार सानो भएको पाइयो । सामुदायिक विद्यालयमा कक्षा ४ को मेरो नेपाली र संस्थागत विद्यालयको सरल नेपाली मालामा समाविष्ट चित्रहरूको एकरूपता देखिएन । उक्त पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू आधारभूत तहका लागि अनुपयुक्त भएको पाइयो ।

## ४.२ चित्र रखाइको स्थान

प्रस्तुत शोधकार्यमा सामुदायिक विद्यालयको मेरो नेपाली र संस्थागत विद्यालयको सरल नेपाली मालाका पाठमा समाविष्ट चित्रहरूको रखाइ स्थानका बारेमा तलको तालिकामा देखाउन खोजिएको छ । पाठमा चित्र रखाइको आधारमा विषयवस्तुले पनि मेल खाएको हुनुपर्दछ । कक्षा ४ को मेरो नेपाली र सरल नेपाली मालाका पाठहरूमा कुन स्थानमा कुन चित्रलाई राखिएको छ ? पाठका अनुच्छेदले भन्न खोजेको भाव र त्यो भावलाई स्पष्ट पार्न चित्रलाई कता र कुन भागमा राखिएको छ ? मेरो नेपाली र सरल नेपाली मालामा दिएका कथा, कविता, प्रबन्ध, संवाद र जीवनी विधामा कुन स्थानमा, कुन भागमा पाठको तल, माथि, दायाँ, वायाँ, बीचमा कुन ठाउँमा चित्रलाई संयोजन गरिएको छ ? माथि उल्लेखित ठाउँहरूमा भए नभएको पत्ता लगाउन तलको तालिकामा मेरो नेपाली र सरल नेपाली मालामा रहेका पाठहरूमा समाविष्ट चित्र रहेको स्थानलाई देखाइएको छ ।

**तालिका नं. ४ : चित्रहरूको रखाइ स्थान**

| मेरो नेपाली | | | | सरल नेपाली माला | | |
|---|---|---|---|---|---|---|
| पाठको क्र.सं. | पाठशीर्षक | चित्र नं. | रखाइ स्थान | पाठशीर्षक | चित्र नं. | रखाइ स्थान |
| पाठ-१ | गाउँछ गीत नेपाली | चित्र-१ | दायाँ | नेपाल आमा | चित्र-१ | दायाँ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पाठ २ | धनको घमण्ड | चित्र-१<br>चित्र-२<br>चित्र-३ | वायाँ<br>पृष्ठको माथि<br>पृष्ठको माथि | जङ्गल हाम्रो साथी | चित्र-१<br>चित्र-२ | दायाँ पट्टि बीचमा<br>पृष्ठको माथितिर |
| पाठ-३ | वचत गर्ने बानी | चित्र-१ | पाठ शीर्षकको तल | टेलिभिजन | चित्र-१<br>चित्र-२ | अनुच्छेदको बीचमा<br>पृष्ठको माथि |
| पाठ-४ | नौलाख तारा | चित्र-१<br>चित्र-२<br>चित्र-३<br>चित्र-४<br>चित्र-५ | दायाँ माथि<br>दायाँ बीचमा<br>दायाँ बीचमा<br>दायाँ तल<br>दायाँ तल | घामाछाया | चित्र-१<br>चित्र-२ | कविताको दायाँ तल्लो भागमा |
| पाठ-५ | नीमको पात | चित्र-१<br>चित्र-२<br>चित्र-३ | पृष्ठको माथि<br>पृष्ठको बाँया<br>पृष्ठको माथि | महाकवि लक्ष्मीप्रसाद देवकोटा | चित्र-१<br>चित्र-२ | पाठको माथि<br>पृष्ठको माथि |
| पाठ-६ | बाग्मती नदी | चित्र-१<br>चित्र-२<br>चित्र-३ | दायाँ बीच भागमा<br>माथिल्लो भागमा<br>पृष्ठको माथि | विष्णुभक्त प्रह्लाद | चित्र-१<br>चित्र-२<br>चित्र-३<br>चित्र-४ | वायाँ बीचमा<br>दायाँतिर<br>माथि दायाँतिर<br>माथि दायाँ बीचमा |
| पाठ-७ | बिहेको निम्तो | चित्र-१<br>चित्र-२<br>चित्र-३ | पृष्ठको माथि<br>दायाँ<br>माथि दायाँ | हाम्रा चाडबाड | चित्र-१<br>चित्र-२<br>चित्र-३ | पृष्ठको माथि<br>बीच भागमा<br>बीच भागमा |
| पाठ-८ | दाजुभाइ र बुढाबा | चित्र-१<br>चित्र-२<br>चित्र-३<br>चित्र-४<br>चित्र-५<br>चित्र-६ | मध्य भागमा<br>दायाँ बीचमा<br>वायाँ माथि<br>वायाँ तल<br>माथि<br>दाया तल | जङ्गल हाम्रो साथी | चित्र-१<br>चित्र-२ | दायाँ बीचमा<br>पृष्ठको माथि |
| पाठ-९ | स्वस्थ बनौं | चित्र-१<br>चित्र-२<br>चित्र-३<br>चित्र-४<br>चित्र-५ | वायाँ माथि<br>वायाँ माथि<br>वायाँ बीचमा<br>वायाँ बीचमा<br>पृष्ठको माथि | स्वास्थ्य नै सम्पत्ति हो | चित्र-१<br>चित्र-२<br>चित्र-३ | दायाँ माथि<br>दायाँ बीचमा<br>दायाँ तल्लो भागमा |
| पाठ-१० | बुवाको चिठी | | | विश्वास | चित्र-१<br>चित्र-२ | माथि दायाँ<br>बीचमा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | चित्र-३<br><br>चित्र-४ | दायाँ<br>बीचमा<br>दायाँ<br>बीचमा |
| पाठ-११ | आमा | चित्र-१ | वायाँ बीचमा | मामालाई चिठी | - | - |
| पाठ-१२ | बजा लौरी डाङडुङ | चित्र-१<br>चित्र-२<br>चित्र-३ | तल बाया<br>बीचमा<br>तल्लो भागमा | भित्ते पात्रो | चित्र-१ | माथिल्लो भागमा<br>दायाँ |
| पाठ-१३ | नरेशको यात्रा | चित्र-१<br>चित्र-२<br>चित्र-३<br>चित्र-४ | वायाँ तल<br>वायाँ माथि<br>पृष्ठको माथि<br>पृष्ठको माथि | हिमाली दृश्य | चित्र-१ | दायाँ भाग<br>तल देखि<br>माथिसम्म |
| पाठ-१४ | पशुपन्छी र हाम्रो कर्तव्य | चित्र-१ | पाठको सुरू<br>माथिल्लो भाग | मानिसको धर्म | चित्र-१<br>चित्र-२ | दायाँ माथि<br>दायाँ<br>बीचमा |
| पाठ-१५ | प्रधाना ध्यापकलाई निवेदन | - | - | गैंडा | चित्र-१<br><br>चित्र-२<br><br>चित्र-३ | दायाँ भाग<br>बीचमा<br>पृष्ठको<br>माथि<br>पृष्ठको<br>माथि |
| पाठ-१६ | पाप लाग्छ | चित्र-१ | दायाँ बीचमा | प्रधान अध्यापकलाई निवेदन | | |
| पाठ-१७ | पछुतो | चित्र-१<br>चित्र-२<br>चित्र-३ | माथि पृष्ठको<br>माथि बीचमा<br>बीच भागमा | किताब | चित्र-१ | दायाँ<br>बीचमा |
| पाठ-१८ | बालबालिका का अधिकार | चित्र-१<br>चित्र-२ | दायाँ बीचमा<br>दायाँ बीचमा | | | |
| पाठ-१९ | लक्ष्य | चित्र-१<br>चित्र-२ | पृष्ठको माथि<br>दायाँ तल | | | |
| पाठ-२० | सत्य कामको अठोट | चित्र-१<br><br>चित्र-२<br>चित्र-३<br>चित्र-४ | वायाँ पृष्ठको<br>ठीक माथि<br>बीचमा<br>वायाँ बीचमा<br>वायाँ माथि | | | |
| पाठ-२१ | आधुनिक सञ्चार | चित्र-१<br>चित्र-२<br>चित्र-३<br>चित्र-४ | वायाँ बीचमा<br>माथि<br>मध्य भागमा<br>पाठको अन्तिम भागमा | | | |

सामुदायिक विद्यालयको कक्षा चारको मेरो नेपाली पाठ्यपुस्तकको पाठ १ 'गाउँछ गीत नेपाली' कवितामा दुई ओटा बालबालिकाले नेपालको राष्ट्रिय चन्द्रसूर्य अङ्कित झण्डालाई दुबै बालबालिकाले सो कविता नेपालको राष्ट्रिय झण्डालाई समातेको देखाइएको छ । चित्रलाई कविताको दायाँतिर राखिएको छ भने सरल नेपाली मालामा पाठ १ 'नेपाल आमा' कवितामा चित्रलाई कविताको दायाँपट्टि विभिन्न किसिमका रङ्गको प्रयोग गरी राखिएको पाइयो । मेरो नेपाली पाठ्यपुस्तक अन्तर्गत पाठ २ 'धनको घमण्ड' कथामा जम्मा चित्र सङ्ख्या तीन ओटा राखिएका छन् । चित्र एक अर्थात् पहिलो पानाको चित्र पाठको वायाँ भागमा तल माथि पाठका अनुच्छेद राखिएका छन् जहाँ भगवान अर्थात् देवता कुवेर र गणेश भगवानको तस्वीरलाई संयोजन गरिएको छ ।

सरल नेपाली मालामा पाठ २ 'जङ्गल हाम्रो साथी' कथामा जम्मा चित्र सङ्ख्या दुई ओटा रहेका छन् । पहिलो चित्र कथाको पहिलो पानाको दायाँतिर वायाँ तल माथि कथाका अनुच्छेद राखिएका छन् । दोस्रोलाई चित्रलाई तेस्रो पानाको बीच भागमा राखिएको छ भने पृष्ठको माथिल्लो भागमा कथाको अनुच्छेद र तल्लो भागमा शब्दार्थ सूची राखिएको छ । दायाँ भागमा चित्र दुईलाई विभिन्न किसिमका सप्तरङ्गी रङ्गले चित्रलाई बडो आकर्षित तुल्याइएको पाइयो । चित्र रखाइका दृष्टिले उपयुक्त ढङ्गले संयोजन गरी चित्र राखिएको छ ।

माथि देखाइएको तालिका अनुसार मेरो नेपाली पाठ ५ 'नीमको पात' पाठको चित्र १ पाठ शीर्षक देखि तल पृष्ठको माथिल्लो भागमा चित्र दुईलाई दोस्रो पानाको पृष्ठ भन्दा माथिल्लो भागको वायाँतिर राखिएको छ भने चित्र तीनलाई तेस्रो पानाको पृष्ठको माथिल्लो भागमा राखिएको पाइयो । त्यसैगरी सरल नेपाली माला पाठ ५ 'महाकवि लक्ष्मीप्रसाद देवकोटा' को जीवनी पाठमा जम्मा दुईओटा चित्र राखिएको पाइयो । चित्र एकलाई पाठको सुरूमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको अर्ध कद तस्वीर राखिएको छ भने चित्र दुईलाई पाठको दोस्रो पानाको पृष्ठ भन्दा माथिल्लो भागमा राखिएको छ ।

पाठ ६ 'बाग्मती नदी' प्रबन्धमा जम्मा तीन ओटा चित्रलाई राखिएको छ । यस पाठमा चित्र एकलाई तल, माथि, दायाँतिर पाठका अनुच्छेद राखिएको छ भने चित्रलाई दायाँ बीच भागमा राखिएको छ । चित्र दुईलाई पाठको दोस्रो पानाको सुरू माथिल्लो भागमा र चित्र तीनलाई पृष्ठको माथिल्लो भागमा राखिएको छ । त्यसैगरी सरल नेपाली माला पाठ ६ 'विष्णुभक्त प्रह्लाद' प्रबन्धमा विभिन्न चित्रहरू गरी जम्मा चार ओटा चित्रहरू संयोजन गरिएको छ ।

चित्रहरू रखाइका अधारमा चित्र १ लाई तल र वायाँ भागमा पाठका अनुच्छेदहरू राखिएका छन् भने बीच भागमा चित्र राखिएको छ । चित्र दुईमा तल्लो वायाँ भागमा अनुच्छेद छन् भने दायाँ माथिल्लो भागमा चित्रलाई राखिएको छ । चित्र तीनलाई तल्लो भाग र वायाँ भागमा पाठका अनुच्छेदहरू छन् भने माथिल्लो दायाँ भागमा चित्र राखिएको छ । चित्र चारलाई तल्लो भाग, माथिल्लो भाग र वायाँ भागमा पाठका अनुच्छेद र पाठको दायाँ बीच भागमा चित्रलाई संयोजन गरी राखिएको छ ।

मेरो नेपाली पाठ्यपुस्तकको पाठ ७ 'बिहेको निम्तो' संवादमा जम्मा ३ ओटा चित्र राखिएका छन् । पहिलो चित्र पाठको पहिलो पृष्ठको माथिल्लो भागमा अनुच्छेद छ भने पृष्ठको माथिल्लो भाग बीचमा चित्रलाई राखिएको छ । दोस्रो चित्र अर्को दोस्रो पृष्ठको तल माथि पाठको अनुच्छेद र बीच भागमा चित्रलाई राखिएको छ । तेस्रो चित्रलाई तेस्रो पृष्ठको तल्लो र माथिल्लो भागमा पाठको अनुच्छेद राखिएका छन् भने बीच  भागमा चित्रलाई संयोजन गरी राखिएको छ ।

सरल नेपाली मालाको पाठ ७ 'हाम्रा चाडबाड' प्रबन्धमा पहिलो चित्रलाई माथिल्लो र वायाँ भागमा पाठका अनुच्छेद र दायाँ तल्लो भागमा चित्रलाई राखिएको छ । दोस्रो चित्र दोस्रो पानाको दायाँ माथिल्लो भागमा वायाँ र तल्लो भागमा पाठको अनुच्छेद राखिएको छ । चित्र तेस्रोमा माथिल्लो भाग, वायाँ भाग र तल्लो भागमा पाठका अनुच्छेदहरू राखिएको छ भने दायाँ भागमा चित्रलाई राखिएको छ ।

मेरो नेपालीको पाठ ८ 'दाजुभाइ र बुढाबा' कथामा जम्मा ६ ओटा चित्र छन् । पहिलो चित्र तल माथि अनुन्छेद बीचमा चित्रलाई राखिएको छ । दोस्रो चित्र तल, माथि र वायाँ भागमा पाठका अनुच्छेद छन् भने दायाँ बीच भागमा चित्रलाई राखिएको छ । तेस्रो चित्रलाई दायाँ र तल्लो भागमा अनुच्छेद र वायाँ माथिल्लो भागमा चित्र राखिएको छ । चौथो चित्रलाई माथि वायाँ भागमा चित्रलाई राखिएको छ । पाँचौ चित्रलाई तल्लो भागमा अनुच्छेद र माथिल्लो पृष्ठको सुरू भागमा चित्रलाई राखिएको छ । छैटौँ चित्रलाई दायाँ र माथिल्लो भागमा अनुच्छेदलाई र दायाँ तल्लो भागमा चित्रलाई राखिएको छ । कथाको बीच बीचमा चित्रहरू राख्नु उपयुक्त देखिन्छ ।

सरल नेपाली मालाको पाठ ८ 'स्वास्थ्य नै सम्पत्ति हो' संवादमा जम्मा दुई ओटा चित्र छन् र पहिलो चित्रलाई संवादको पहिलो पृष्ठमा दायाँ, तल, माथि अनुच्छेद र दायाँ बीच भागमा

चित्रलाई राखिएको छ भने दोस्रो चित्रलाई संवादको अन्तिम भागमा पृष्ठको माथितिर ठूलो क्षेत्रमा फैलिएको देखिन्छ ।

मेरो नेपाली पाठ्यपुस्तकको पाठ ९ 'स्वस्थ बनौँ' प्रबन्धमा जम्मा पाँच ओटा चित्रहरू राखिएका छन् । पहिलो चित्र अनुच्छेदको दायाँ  तल्लो भागमा अनुच्छेद र वायाँ माथिल्लो भागमा चित्रलाई राखिएको छ । दोस्रो, तेस्रो, चौथो चित्रलाई वायाँ भागमा ठाडो पर्ने गरी राखिएको र दायाँ भागमा अनुच्छेदहरू राखिएका छन् । पाँचौं चित्रलाई पाठको अन्तिममा दायाँ र तल्लो भागमा अनुच्छेद शब्दार्थ सूची राखिएको र वायाँ र तल्लो भागमा चित्रलाई संयोजन गरिएको छ ।

सरल नेपाली माला पाठ ९ 'असल बनौँ सधैँभरि' कथामा जम्मा तीन ओटा विषयवस्तु अनुसार चित्रलाई संयोजन गरिएको छ । पहिलो चित्रलाई कविताको पहिलो श्लोक वायाँ र चित्रलाई दायाँ राखिएको छ । दोस्रो चित्रलाई कविताको दोस्रो श्लोक वायाँ र चित्रलाई दायाँ बीच भागमा राखिएको छ । त्यसैगरी तेस्रो चित्रलाई तेस्रो श्लोक दायाँ तल्लो भागमा संयोजन गरिएको छ ।

सरल नेपाली माला पाठ १० मा 'विश्वास' कथामा जम्मा ४ ओटा चित्रहरूलाई राखिएको । गरिएको छ । पहिलो चित्रलाई पाठको सुरूमा दायाँ माथिल्लो भागमा राखिएको छ । दोस्रो चित्रलाई तल्लो र माथिल्लो भागमा अनुच्छेद र बीच भागमा चित्रहरूलाई राखिएको छ । त्यसैगरी चौथो चित्रको माथिल्लो वायाँ र तल्लो भागमा अनुच्छेद र बीच दायाँ भागमा चित्रलाई संयोजन गरिएको छ । यी पाठका चित्रहरू विषयवस्तु अनुसार चित्रहरूलाई पाठको बीच बीच भागमा राखिएको छ ।

मेरो नेपाली पाठ ११ 'आमा' कवितामा जम्मा एक ओटा मात्र चित्रलाई संयोजन गरिएको छ । यसमा चित्र रखाइका दृष्टिले पाठको वायाँ बीच भागमा चित्रलाई संयोजन गरिएको छ । यस पाठमा वायाँ भागमा आमा छोरा र दायाँ भागमा चित्र छ भने दायाँ भागमा कविताका ४ ओटा श्लोकलाई तलदेखि माथि सम्म राखिएको छ ।

सरल नेपाली मालाको पाठ १२ 'भित्ते पात्रो' प्रबन्धमा एउटा मात्र चित्र संयोजन गरिएको छ । जुन चित्र पाठको सुरू पृष्ठको वायाँ र तल्लो भागमा पाठका अनुच्छेद राखिएका छन् भने चित्रलाई दायाँ माथिल्लो भागमा संयोजन गरिएको छ ।

सरल नेपाली मालाको पाठ १३ 'हिमाली दृश्य' कवितामा जम्मा १ ओटा चित्र राखिएको छ। कविताको वायाँतर्फ कविताका श्लोक र दायाँतिर तलबाट माथि सम्म चित्रलाई संयोजन गरिएको छ। पाठको विषयवस्तु अनुसार चित्रहरू पाठको बीच बीचमा राखिएको पाइन्छ।

मेरो नेपाली पाठ १४ 'पशुपन्छी र हाम्रो कर्तव्य' संवादमा जम्मा एउटा मात्र चित्रलाई संयोजन गरिएको छ। सो चित्रलाई पाठको सुरू भागमा माथितिर चित्रलाई उपयुक्त तवरले राखिएको छ भने संस्थागत विद्यालयको कक्षा चारको सरल नेपाली मालाको पाठ १४ को 'मानिसको धर्म' कथामा जम्मा दुई ओटा चित्रलाई संयोजन गरिएको छ। पहिलो चित्रलाई पाठको सुरूमा माथिल्लो दायाँ भागमा र दोस्रो चित्रलाई पाठको दायाँ भागमा माथि, तल र वायाँतिर अनुच्छेद र दायाँ बीच भागमा चित्रलाई संयोजन गरिएको छ।

सरल नेपाली मालाको पाठ १५ 'गैँडा' प्रबन्धमा पहिलो चित्र गैंडाको पाठको दायाँ बीच भागमा राखिएको छ। त्यसैगरी दोस्रो चित्रमा माथिल्लो भागमा अनुच्छेद तल्लो भागमा शब्दार्थ सूची र मध्ये भागमा चित्रलाई संयोजन गरिएको छ। त्यसैगरी तेस्रो चित्रमा माथिल्लो भागमा पाठको अनुच्छेद र तल्लो भागमा शब्दार्थ सूची बीच भागमा हरियाली वनजङ्गल सहित गैँडाको चित्र संयोजन गरिएको छ।

मेरो नेपाली पाठ १६ 'पाप लाग्छ' कवितामा विषयवस्तुको सन्दर्भ अनुसार एउटा चित्रलाई पाठको दायाँतिर राखिएको छ। वायाँ भागमा कविताका श्लोकहरू माथितिर लेखकको नाम तल्लो भागमा कविताको पाँचौं श्लोक र दायाँ बीच भागमा चित्रलाई संयोजन गरिएको छ।

संस्थागत विद्यालयका कक्षा चारको सरल नेपाली माला पाठ १७ 'किताब' कथामा एउटा मात्र चित्रलाई संयोजन गरिएको छ। जुन चित्र कविताको दायाँ भागमा तल देखि माथि सम्म संयोजन गरिएको छ।

यस मेरो नेपाली कक्षा चारको पाठ १८ 'बालबालिकाको अधिकार' प्रबन्धमा दुई ओटा चित्रलाई संयोजन गरिएको छ। चित्र पहिलोलाई तल, माथि र वायाँतिर पाठका अनुच्छेद र दायाँ बीच भागमा चित्र राखिएको छ।

मेरो नेपाली पाठ १९ 'लक्ष्य' कवितामा दुई ओटा चित्रलाई पाठको तल्लो स्थानमा संयोजन गरिएको छ । यस पाठमा चित्र रखाइ स्थानका बारेमा कविताका श्लोकहरू माथितिर र चित्रहरू तल राखिएको छ ।

मेरो नेपाली पाठ २० 'सत्य कामको अठोट' कथामा जम्मा ४ ओटा चित्रहरू संयोजन गरिएको छ । पहिलो चित्र पाठको वायाँ पृष्ठको माथि राखिएको छ, दोस्रो चित्र बीच भागमा राखिएको छ, तेस्रो चित्र अनुच्छेदको बीचमा राखिएको छ भने चौथो चित्रलाई पाठको वायाँ माथिल्लो भागमा राखिएको छ ।

मेरो नेपाली पाठ २१ 'आधुनिक सञ्चार' प्रबन्धमा पाठको बीच-बीचमा चार ओटा चित्रलाई संयोजन गरिएको छ । पहिलो चित्र पाठको वायाँ बीचमा राखिएको छ । दोस्रो चित्र पाठको माथि राखिएको छ । तेस्रो चित्रलाई बीच भागमा र चौथो चित्र पाठको अन्तिम भागमा राखिएको छ ।

सामुदायिक विद्यालयको मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको रखाइ स्थानलाई तालिकामा देखाइएको छ । मेरो नेपाली पाठ्यपुस्तकको पाठ १ 'गाउँछ गीत नेपाली' पाठ ४ 'नौलाख तारा', पाठ १६ 'पाप लाग्छ', पाठ १८ 'बालबालिकाको अधिकार' प्रबन्धमा सम्पूर्ण चित्रहरू पाठको दायाँ भागमा राखिएको छ । पाठ ११ 'आमा' कविता, पाठ ८ 'स्वस्थ बनौँ' प्रबन्धमा चित्रलाई वायाँ भागमा राखिएको छ । पाठ ३ 'बचत गर्ने बानी' प्रबन्धमा चित्रलाई शीर्षकको तल राखेको छ । अरु सम्पूर्ण पाठ २ 'धनको घमण्ड' पाठ ५ 'नीमको पात', पाठ ६ 'बाग्मती नदी', पाठ ७ 'बिहेको निम्तो', पाठ ८ 'दाजुभाइ र बुढाबा', पाठ १२ 'बजा लौरी डाङडुङ्', पाठ १३ 'नरेशको यात्रा' पाठ १४ 'पशुपन्छी र हाम्रो कर्तव्य', पाठ १७ 'पछुतो', पाठ १९ 'लक्ष्य',  पाठ २० 'सत्य कामको अठोट' पाठहरूमा राखेका चित्रहरू कुनै पाठको बीचमा, कुनै अन्तिम, कुनै सुरूमा, दायाँ, वायाँ भागमा छरिएर राखिएको छ ।

सरल नेपाली माला पाठ्यपुस्तकमा रहेका चित्रहरूको रखाइ स्थानको अध्ययन गर्दा पाठ १ 'नेपाल आमा', पाठ १७ 'किताब' पाठ १४ 'मानिसको धर्म', पाठ १२ 'भित्ते पात्रो', पाठ १३ 'हिमाली दृश्य' प्रबन्धमा सबै पाठका चित्रहरू दायाँ भागमा राखेको पाइयो । पाठ २ 'जङ्गल हाम्रो साथी' पाठ ३ 'टेलिभिजन' पाठ ४ 'घामछाया' पाठ ६ 'विष्णुभक्त प्रह्लाद' पाठ ७ 'हाम्रा चाडबाड' पाठ १० 'विश्वास' पाठ १५ 'गैँडा' प्रबन्धमा कुनै चित्र तल, कुनै चित्र माथि, बीचमा, दायाँ र वायाँ राखिएको छ । पाठ ५ 'महाकवि लक्ष्मीप्रसाद देवकोटा' को जीवनीमा २

ओटा चित्र पृष्ठको माथि राखेको पाइन्छ । मेरो नेपाली र सरल नेपाली माला पाठ्यपुस्तकमा चित्रहरू चारै भागमा छरिएर राखेको पाइन्छ । मेरो नेपाली भन्दा सरल नेपाली मालामा केही चित्रहरू दायाँ ठाडो भागमा राखिएको छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पुस्तक प्रकाशन शैलीका अनुसार पाठमा समाविष्ट चित्रहरूलाई दायाँ भागमा र पाठका अनुच्छेदलाई चित्रको रखाइ अनुसार पाठमा क्रमबद्ध वर्णन गर्नु राम्रो मानिन्छ । चित्रहरूलाई लहर लगाएर राख्नु राम्रो मानिदैन । यदि लहर लगाए पनि क्रमवद्ध ढङ्गले वर्णन गर्नु उपयुक्त मानिन्छ । प्रकाशन शैली अनुसार चित्रहरू पाठको दायाँ र मालिल्लो भागमा राख्नु राम्रो  मानिन्छ । विद्यार्थीहरूले अवलोकन गरेर पाठका विषयवस्तु तर्फ प्रवेश गर्न सहज हुने् भएकाले चित्रलाई पाठको माथिल्लो भागमा राख्नु पर्ने हुन्छ । माथिको अध्ययनबाट चित्र रखाइ स्थानको तालमेल धेरै पाठहरूमा नमिलेको देखिन्छ ।

## ४.३ चित्र भित्रका वस्तु

विषयवस्तुअनुसार चित्र के कस्ता छन् ? चित्रभित्र के कस्ता वस्तुहरू राखिएका छन् भन्ने सन्दर्भमा सामुदायिक विद्यालयको मेरो नेपाली पाठ्यपुस्तकको पहिलो पाठ ‘गाउँछ गीत नेपाली’ कवितामा पाठको दायाँ भाग बीचमा दुईओटा बालबालिकाको चित्र राखिएको छ र उक्त बालबालिकाले नेपालको राष्ट्रिय झण्डाको चित्रलाई  देखाइएको छ ।

सरल नेपाली पाठ्यपुस्तकमा ‘नेपाल आमा’ पहिलो पाठमा चित्रको माथिल्लो भागमा हिमाली दृश्य देखाइएको छ । त्यसैमा एउटा महिलाको अर्धकद तस्वीर देखाइएको छ । त्यसको अलि तल नेपालको हिमाली, पहाडी र तराई प्रदेशमा भौगोलिक विभाजन गरी नेपालको नक्सा बनाइएको छ । त्यसको तल खोला तथा पानी छहरा बगिरहेको छ । त्यसको अझ तल समथर तराई भू-भागलाई वेशी क्षेत्रलाई देखाइ बगैंचा, डाँफे, प्वाँख फिजाएको मयूर र तराई क्षेत्रमा पानी जताततै सिचाँइ समथर जमिनमा छरिएर मनोहर दृश्य देखाइएको छ ।

मेरो नेपाली पाठ्यपुस्तकको पाठ दुई ‘धनको घमण्ड’ कथामा चित्रहरूको आधारमा कथालाई राम्रो र आर्कषक बनाइएको छ । यस कथामा पहिलो, दोस्रो र तेस्रो चित्र गरी जम्मा तीन ओटा चित्रलाई संयोजन गरिएको छ भने पहिलो चित्रमा देवता कुवेर, गणेश भगवानको तस्वीर राखिएको छ । तस्वीर अगाडि विभिन्न प्रकारका खाने कुरा राखिएको छ । विभिन्न किसिमका फलफूलहरू राखिएको छ । गणेश भगवान खानेकुरा खाइरहेको र कुवेर चाँहि दुई

हात जोडेर विन्ती गरेको चित्र देखाइएको छ । चित्र दोस्रोमा कुवेरलाई गणेश भगवानले तिमीलाई पनि भोकको कारणले खान्छु भन्दै लखेटेको र कुवेर गुहार-गुहार भन्दै एकदमै हतार गरी दौडिएको तस्वीर देखाइएको छ । तेस्रो चित्रमा शङ्कर भगवानको आश्रममा गई गणेश भगवानले बचाउको लागि बिन्ती गरेको र गणेश भगवानलाई किन कुवेरलाई लखेटेको भन्दै जाउ भित्र आमाले पकाएको खाना खाउ र कुवेरलाई दुःख नदेउ भनी आदेश जारी गरिएको छ । पाठको सन्दर्भ अथवा कथाको विषयवस्तु अनुसार चित्रहरू सान्दर्भिक छन् । चित्रहरू सादा भएकाले बालबालिकाले बुझ्न र पढाइप्रति ध्यान दिन सक्दैनन् ।

सरल नेपाली मालामा पाठ दुई 'जङ्गल हाम्रो साथी' कथामा जम्मा चित्रहरू दुई ओटा राखिएको छ भने पहिलो चित्रमा दुई जना गाउँले मानिसहरू एउटा ठूलो रूख काट्न लागेका छन् । पातला-पातला केही रूखहरू अलि टाढा देखिएका छन् भने केही ठाउँमा रूख काटेका फेदहरू देखिएका छन् । दोस्रो चित्रमा वन जङगल एकदमै घना र हरियाली छ । त्यो जङ्गलमा दुई ओटा हात्ती, दुई ओटा बाँदर, एउटा खरायो, एउटा मयूर, एउटा सर्प, एउटा ध्रुवीय भालु, एउटा बाघ, दुई ओटा हरिण, मृग, दुई ओटा जरायो र तीन ओटा चराहरू देखाइएको छ ।

मेरो नेपाली पाठ ३ 'बचत गर्ने बानी' प्रबन्धको सुरूमा विषयवस्तु तथा भावसँग सम्बन्धित चित्र राखिएको छ । यस प्रबन्धमा एउटा मात्र चित्र राखिएको छ । यस चित्रमा एउटा बैङ्कको भवन देखाइएको छ । बैङ्क कार्यालय माथि पट्टि बैङ्क लेखिएको एउटा बोर्ड देखाइएको छ । बचत र चल्ती खाता खोल्नका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था गरिएको छ । भित्रपट्टि तीन जना बैङ्क कर्मचारी छन् भने एउटा कोठामा दायाँ माथिल्लो भागमा बैङ्क प्रबन्धकको अगाडि बचत बुक ठूलो खाता राखिएको छ र एक जना मानिसले रूपैँया बचत गर्न भनी भित्र दिन लागेका छन् भने बचत र चल्ती खाताका विषयमा दुई जना मानिस बैङ्कका कर्मचारी सोधपुछ गरिरहेको तस्वीरलाई देखाइएको छ ।

सरल नेपाली मालामा पाठ ३ 'टेलिभिजन' प्रबन्ध पाठको पछिल्लो पानामा एउटा टेलिभिजन राखिएको छ । पाठको दायाँ भागमा बीचमा टेलिभिजन छ । त्यसैगरी पाठको दोस्रो भागमा वायाँ भागमा पाठका अनुच्छेदहरू राखिएको छ । पाठको दोस्रो चित्रमा सोफा सेटमा आमा बाबु र छोरा बसेका छन् । अगाडि पट्टि टेबुलमा टेलिभिजन राखिएको छ । उक्त मानिसहरू

ध्यान पूर्वक टि.भी. हेरिरहेको तस्वीर देखाइएको छ । कोठामा एउटा सिसा वाला दराज, भित्तामा विश्वको ग्लोव राखिएको छ ।

मेरो नेपाली पाठ्यपुस्तकको पाठ ४ 'नौलाख तारा' कविताको पहिलो चित्रमा आकाश र ताराहरूलाई देखाइएको छ । दोस्रो चित्रमा हिमालको चित्र तथा अग्ला डाँडाहरूलाई देखाइएका छन् । चित्र तेस्रोमा हिमाल र पहाडबाट निस्केको पानी छहरा तराइको फाँटतिर बगेको छ । चित्र चौथोमा नेपालको राष्ट्रिय फूल लाली गुराँसलाई देखाइएको छ । जुन फूलले वनजङ्गलको शोभा नै रमाइलो बनाइ दिएको हुन्छ । चित्र पाँचौमा उदाउन लागेको आधा जुनलाई डाँडामा निस्केको देखाइएको छ ।

सरल नेपाली मालाको पाठ ४ 'घामछाया' कवितामा २ ओटा चित्र देखाइएको छ । पहिलो चित्रमा उदाउन लागेको सूर्य र दोस्रो चित्रमा मानिस, रूख छन् । मानिसले रूखको आफ्नो छाया देखेर अचम्मले औँला देखाएको छ ।

पाठ ५ 'नीमको पात' कथामा जम्मा चित्रहरू तीन ओटा रहेका छन् । पहिलो चित्रमा एउटा ठूलो पिपलको रूखमुनी गौतम बुद्धको तस्वीर र राजाले बुद्धसँग दुई हातले विन्ती गरेको तस्वीर छ । दोस्रो पानामा भगवान गौतम बुद्ध उभिएको र राजाका सुपूत्र राजकुमारले नीमको बोट उखेल्न लागेको तस्वीर देखाइएको छ । तेस्रो चित्रमा भगवान गौतम बुद्धसँग विन्ती गरेको तस्वीर देखाइएको छ ।

सरल नेपाली माला पाठ ५ 'महाकवि लक्ष्मीप्रसाद देवकोटा' जीवनीमा पाठको सुरूमा वायाँतिर अर्धकद तस्वीर देखाइएको छ । त्यसपछि दोस्रोमा पाठको तेस्रो पृष्ठमा अन्तिमतिर लक्ष्मीप्रसाद देवकोटाका कृतिहरू मध्ये चार ओटा कृतिहरू राखिएका छन् । कृतिहरू : सुलोचना, भिखारी, सकुन्तला, कविता सङ्ग्रह (लक्ष्मी) जस्ता लोक प्रिय कृतिहरूलाई प्रत्येकलाई लाइनवद्ध गरी वर देखि पर सम्म राखिएका छन् ।

मेरो नेपाली पाठ ६ 'बाग्मती नदी' प्रबन्धमा पाठको विषयवस्तु अनुसार चित्रहरू विभिन्न स्थान गरी तीन ठाँउमा राखिएको छ । पहिलो चित्रमा बाग्मती नदीको उद्‌गम स्थल काठमाडौंको शिवपुरी हिमालबाट भएको देखिन्छ । विभिन्न किसिमका छहराका रूपमा खोलाका तरङहरूमा बाग्मती नदी हिमालबाट बगेको दृश्य चित्रमा देखाइएको छ । त्यसैगरी यस प्रबन्धको दोस्रो चित्रमा बाग्मती नदीमा मानिसहरू नुहाइ रहेका छन् । तेस्रो चित्रमा

बाग्मती नदीलाई किसानहरू खेतवारी सिंचाइ गर्न लागेको, त्यसै नदीबाट खाने पानीको रूपमा सुन्दरी जलको प्रयोग गरी घरघरमा लगिएको र अर्को विष्णुमती नदी मिसिएर झन ठूलो दृश्य देखिएको छ ।

सरल नेपाली पाठ ६ 'विष्णुभक्त प्रह्लाद' प्रबन्धको पहिलो चित्रमा राक्षसहरूका राजा हिरण्य कसीपु राजगद्दीमा शक्तिशाली राजाका रूपमा बसेका छन् । हिरण्य कसीपुको वायाँ भागमा एउटा त्रिशूल समातेर उनको सुरक्षा गरेको र हिरण्य कसीपुको अगाडि एउटा भक्त पूजा गरिरहेका छन् । उक्त दृश्यको वायाँतिर दरबारको प्रवेशद्वार देखाइएको छ । चित्र दोस्रोमा एउटा पिपलको ठूलो रूखमुनि हिरण्य कसीपुको छोरा प्रह्लाद आफ्ना साथीहरूलाई बोलाएर एक ठाँउमा राखेर विष्णु भक्तिका विषयमा शिक्षा दीक्षा दिइरहेका छन् । तेस्रो चित्रमा एउटा पहाड छ र त्यस पहाडको चुच्चोमा एउटा रूख छ । चौथो चित्रमा आगोको ज्वाला दन्केको छ त्यसैमा प्रह्लाद र हिरण्य कसीपुको बहिनी होलिका आगोमा हाम फालेर होलिका उडेरको चित्रमा देखाइएको छ ।

मेरो नेपाली पाठ ७ 'बिहेको निम्तो' संवादमा जम्मा प्रत्येक पृष्ठमा तीन ओटा चित्रलाई संयोजन गरिएको छ । चित्रभित्रका वस्तुका आधारमा पाठमा विषयवस्तुसँग संयोजन गरी पाठ र चित्रको तालमेल मिलाइएको छ । पहिलो चित्रमा ढोकामा महेशकी छोरी अन्जना उभिएकी छिन् र महेशको साथी रमेशसँग भेट गर्न घरमा आएर छोरीसँग कुराकानी गरिरहेका छन् । दोस्रो चित्रमा अन्जनाले पानी दिएर रमेश पानी पिउदै गरेको दृश्य देखिन्छ ।

सरल नेपाली मालाको पाठ ७ 'हाम्रा चाडबाड' प्रबन्धमा जम्मा तीन ओटा चित्रहरू राखिएका छन् । पहिलो चित्रमा असोज कार्तिकको हरियालीमा भाइ टीकाका अवसरमा एउटा पिङ छ र वरिपरि हरियाली छ । ३ ओटा घरहरू एउटा ठूलो रूखको चित्र देखिन्छ । दोस्रो चित्रमा भाइ बहिनीको टीका भइरहेको र बत्ती बालिएको छ । विभिन्न प्रकारका फलफूलहरू राखिएको चित्र देख्न सकिन्छ । तेस्रो चित्रमा दुई मानिस नदीमा डुबेर सूर्य जी को पूजा गरिरहेका छन् भने आधा सूर्य डाँडामा निस्किएको छ । नदी पारी हरियाली वनजङ्गल देख्न सकिन्छ ।

मेरो नेपाली पाठ ८ 'दाजुभाइ र बुढाबा' कथामा जम्मा ६ ओटा चित्रहरू छन् । पहिलो चित्रमा माथितिर हिमाल र तल वेशीतिर राम्रा र बाक्ला तथा घना बस्ती देखिन्छन् भने गोपाल र विमल कामको खोजिमा गएको दृश्य देख्न सकिन्छ । दोस्रो चित्रमा एक जना भरियासँग काम पाइन्छ कि भनेर गोपाल र विमल सोधी रहेका छन् । तेस्रो चित्रमा एक जना

गोठालाले गाई चराइरहेको छ र गोपाल र विमल कामको बारेमा सोधपुछ गरिरहेका छन् । चौथो चित्रमा एक जना बुढाबा आफ्नो खेतबारीमा विमल र गोपाललाई काम गराउँदै खेतवारीमा अन्न र तरकारी फलाएको देखिन्छन् । पाँचौं चित्रमा बुढाबाले भौचर र बैङ्कको चेक गोपाल र विमलालाई दिइरहेको दृश्य देख्न सकिन्छ । छैटौं चित्रमा बुढाबाले गोपाल र विमलालाई आफ्नै छोरा सरह बनाउने भनेर बीचमा बुढाबा र वरिपरि गोपाल र विमलले हाते मालो गरेर खुसी भएको दृश्य देख्न सकिन्छ ।

सरल नेपाली माला पाठ ९ 'स्वास्थ्य नै सम्पत्ति हो' संवादमा जम्मा दुई ओटा चित्रहरू राखिएका छन् । पहिलो चित्रभित्रका वस्तुहरू एउटा घर एउटा रूख, खोलामा सोनाम र समीरले पौडी खेलेको र गुरूआमा र समिता विद्यालयबाट घरतिर जाँदै गरेको हरियाली वनजङ्गल भएको दृश्य देख्न सकिन्छ । दोस्रो चित्रमा सोनाम, समीर, समिता र गुरूआमा आफ्नो घरतिर जाँदै गरिरहेको दृश्य चित्रमा देख्न सकिन्छ ।

मेरो नेपाली पाठ ९ 'स्वस्थ बनौं' प्रबन्धमा जम्मा पाँच ओटा चित्रहरू राखिएका छन् । पहिलो चित्रमा बालकले कम्मरमा हात राखेर सिधा उभिएको दृश्य देख्न सकिन्छ । दोस्रोमा बालकले दाँत सफा राख्नका लागि ब्रस गरिएको छ । तेस्रो चित्रमा सानी नानी ऐना हेरर कपाल कोरी रहेकी छन् । चौथो चित्रमा बालिकाले आफ्नो हातका नङ्हरू काटीरहेको दृश्य देख्न सकिन्छ । त्यसैगरी पाँचौ चित्रमा बालिका ओछ्यानमा सुतिरहेको देख्न सकिन्छ ।

संस्थागत विद्यालयको सरल नेपाली मालाको पाठ ९ 'असल बनौं सधैंभरि' कवितामा पहिलो चित्रमा बत्ती बलेर आफू जलेर अरुलाई प्रकाश दिइरहेको छ । दोस्रो चित्रमा एउटा बुढाबालाई एउटा युवती केटीले डोऱ्याइ रहेकी छिन् । त्यसैगरी तेस्रो चित्रमा दुई बुढाबुढी सोफासेटमा बसिरहेका छन् भने बालिकाले खाने कुरा ल्याएर दिइरहेकी छिन् ।

सरल नेपाली माला पाठ १० 'विश्वास' कथामा जम्मा चार ओटा चित्रहरू राखिएका छन् । पहिलो चित्रमा एउटा घर, व्यापारी, हरियाली रूख, बगैंचा र चार ओटा सोफा सेट व्यवस्थित गरी राखिएको छ । दोस्रो चित्रमा व्यापारी खाना पकाइ रहेको छ । भाँडा राख्ने दराज १ ओटा र मानिसले परेवालाई खानेकुरा दिइरहेको चित्र देखाइएको छ । तेस्रो चित्रमा एउटा काग र परेवा रूखको डालीमा बसेको देखिन्छ । चौथो चित्रमा खाना पकाएको र माछा पकाइएको कराइ कागले फालेर माछा खाना लागेको र व्यापारीलाई रिस उठेर लठ्ठीले कागलाई पिट्न लागेको तस्वीर देखाइएको छ ।

मेरो नेपाली पाठ ११ 'आमा' कवितामा जम्मा चित्र सङ्ख्याका आधारमा एउटा मात्र चित्रलाई संयोजन गरिएको छ । चित्रभित्रका वस्तुका आधारमा ओछ्यानमा बसेर आमाले बच्चालाई माया ममता गरिरहेको देख्न सकिन्छ भने छोरा र आमाको छाया पनि वरिपरि देखिएको छ ।

मेरो नेपाली माला पाठ १२ 'बजा लौरी डाङडुङ' कथाको पहिलो चित्रमा एउटा ठूलो रूख मुनि शक्तिशाली राक्षसले किसान दिलबहादुरलाई खिर पाक ताउली दिइ रहेको छ । दोस्रो चित्रमा सुन बढ्कौली बाखीले सुनका बढ्कौला दिसा गर्दै छ भने दिलबहादुर र उसकी फुपू बाखातिर हेर्न लागिरहेका छन् । तेस्रो चित्रमा दिलबहादुरले राक्षसबाट ल्याएको बजा लौरी डाङडुङले उसकी फुपूलाई पिटी रहेको छ ।

सरल नेपाली माला 'भित्ते पात्रो' प्रबन्धमा चित्रभित्र माथिल्लो भागमा बैशाख २०७१, नेपाल सम्वत् ११३४ लेखिएको छ भने तल्लो भागमा सात ओटा बारको नाम नेपाली र अंग्रेजीमा लेखिएको छ । तल्लो भागमा १ देखि ३१ गते सम्म एक महिनाको तिथिसहितको विवरण देखाइएको छ ।

मेरो नेपाली पाठ १३ 'नरेशको यात्रा' प्रबन्धमा जम्मा चार ओटा चित्रहरू संयोजन गरिएको छ । पहिलो चित्रमा नरेश र उसको बुवा काठमाडौँ नयाँ बसपार्क नजिकै नरेशको फुपूको घर जाने विषयमा कुराकानी गर्दै छन् । दोस्रो चित्रमा नरेश बसमा चढेर नयाँ नयाँ प्राकृतिक सौन्दर्यप्रति रमाउदै आफ्नो फुपूको घरमा जाँदै गरेको दृश्य देख्न सकिन्छ । तेस्रो चित्रमा चौतारा सिन्धुपाल्चोक बस विसौनीमा गएर नरेश त्यहाँ मान्छेसँग पिपलडाँडा जाने बाटो सोध्दै छन् । चौथो चित्रमा नरेश फुपूको घर पुगेर फुपूको छोरा किरणसँग घुम्न गएका छन् ।

सरल नेपाली माला पाठ १३ 'हिमाली दृश्य' कवितामा एउटा चित्रलाई संयोजन गरिएको छ । यस चित्रमा माथितिर हिमाली भाग बीचमा पहाडी भाग र तराईमा मैदानको दृश्य देख्न सकिन्छ । हिमालमा हिउँ, हरियाली मुनितिर डाँफे मुनालको चित्र र जङ्गलको दृश्य देखाइएको छ ।

मेरो नेपाली पाठ १४ 'पशुपन्छी र हाम्रो कर्तव्य' संवादमा गुलेली सिकारी राजु र बाटोमा हिड्ने बटुवा बीचमा संवाद भैरहेको छ यस पाठको चित्र सङ्ख्या एक मात्र छ र त्यस चित्रभित्र राजु, बटुवा, उडिरहेको चरा र विभिन्न जातका हरियाली रूखहरूको दृश्य यस चित्रमा देखाइएको छ ।

सरल नेपाली माला पाठ १४ 'मानिसको धर्म' कथामा दुई ओटा चित्रहरू राखिएका छन् । यसमा पहिलो चित्रभित्र काठमाडौँ पशुपतिको मन्दिरहरू छन् भने मानिसहरू समूहमा लाइनमा लागेर पूजा आजा गरिएका छन् । पशुपति वरिपरि एउटा बौलाहा मान्छे त्यहाँको पूजा आजा र दृश्य देखेर नाक खुम्चाइएको दृश्य पहिलो चित्रमा देख्न सकिन्छ भने दोस्रो चित्रमा पशुपति नदीमा एउटा बिच्छी बगेको उक्त बिच्छीलाई बौलाहा मानिसले हातमा राखेर बचाएको र अर्को एकजना मानिस उक्त दृश्यलाई देखाइएको छ ।

सरल नेपाली माला पाठ १५ 'गैँडा' प्रबन्धमा पहिलो चित्र हरियो घाँसमा गैँडाको तस्वीरलाई संयोजन गरिएको छ । दोस्रो चित्र पाठको दोस्रो पानामा एउटा मात्र गैँडा र एउटा बच्चा गैँडाको चित्रलाई संयोजन गरिएको छ । तेस्रो चित्रलाई पाठको तेस्रो पानामा हरियाली जङ्गल र त्यसैमा एउटा गैँडाको तस्वीरलाई संयोजन गरिएको छ ।

मेरो नेपाली पाठ १६ 'पाप लाग्छ' कविताका चित्रभित्रका वस्तुहरू मध्ये हरियाली घाँस फक्री रहेका फूलका विभिन्न बोटहरू पुष्प रस चुस्न आएको पुतली आकाशमा उडिरहेका जोडी चराहरूको दृश्य देख्न सकिन्छ ।

मेरो नेपाली पाठ १७ 'पछुतो' पहिलो चित्रमा धनपति बाजे र मसिने बीचमा धनपति बाजेको घरमा कुराकानी गरिरहेको चित्र देखिन्छ । दोस्रो चित्रमा धनपति बाजे बीचमा उतानो परेको र सिकिस्त बिरामी भई वरिपरि गाउँका मानिसहरू उनको बारेमा छलफल रहेका छन् । त्यसैगरी तेस्रो चित्रमा धनपति बाजे र मसिनेका श्रीमान श्रीमती र उसका छोराको तस्वीर देखाइएको छ ।

संस्थागत विद्यालयको सरल नेपाली माला पाठ १७ मा 'किताब' कवितामा एउटा चित्रलाई संयोजन गरिएको छ । यसमा सानो केटो विभिन्न किसिमका किताबहरू समातेर कुर्सीमा बसेर अध्ययन गरिरहेको तस्वीर देख्न सकिन्छ ।

मेरो नेपाली पाठ १८ 'बालबालिकाको अधिकार' प्रबन्धमा पहिलो चित्रभित्र बालबालिका रूखमुनि बसेर पढी रहेका छन् भने दोस्रो चित्रमा दौँतरी समूहमा खेल फुटबल, हाइजम्प ५ जना बीचमा खेलिरहेका छन् ।

मेरो नेपाली पाठ्यपुस्तकको पाठ १९ 'लक्ष्य' कवितामा दुई ओटा चित्रहरूलाई संयोजन गरिएको छ । यस पाठका चित्रभित्र एउटा मानिसले धनुषवाण समातेर रूखमा झुन्डाइएको माछालाई ताकेको छ ।

मेरो नेपाली पाठ २० 'सत्य कामको अठोट' कथामा पहिलो चित्रभित्र एउटा ठूलो रूख, तीन ओटा चेला, गुरू र एउटा बालक उभिएको छ । दोस्रो चित्रमा तीनओटा चेला एक गुरू र बालक उभिएर आफ्नो घर जाने तयारीमा छ । तेस्रो चित्रमा आमा र छोराबीचमा कुराकानी भइ राखेको छ भने चौथो चित्रभित्र जुन उभिएको अपरिचित बालक पुस्तकहरू अध्ययन गरिएको दृश्य चित्रभित्र देखाइएको छ ।

मेरो नेपाली पाठ २१ 'आधुनिक सञ्चार' प्रबन्धको पहिलो चित्रमा चिठी चुच्चामा च्यापेको परेवा देखिन्छ । दोस्रो चित्रमा कम्प्युटरमा बालबालिकाहरूले अवलोकन र चलाउन अभ्यास गरिरहेका छन् । तेस्रो चित्रमा सानो बालक फोन कानमा लगाएर कुराकानी गर्दैछन् । चौथो चित्रमा बालबालिकाहरू टेलिभिजन हेरिरहेका छन् । प्रस्तुत तालिकामा चित्र भित्रका वस्तुलाई देखाइको छ ।

**तालिका नं. ५ : चित्रभित्रका वस्तु**

| मेरो नेपाली | | | सरल नेपाली माला | |
|---|---|---|---|---|
| पाठको क्र.सं. | पाठशीर्षक | वस्तु | पाठशीर्षक | वस्तु |
| पाठ-१ | गाउँछ गीत नेपाली | दुई बालबालिकाले झण्डा समातेको | नेपाल आमा | हिमाल, नेपालको नक्सा, डाँफे, मयूर तराई |
| पाठ २ | धनको घमण्ड | गणेश भगवान, कुबेर, देवता | जङ्गल हाम्रो साथी | वनजङ्गल, मानिस, वन्यजन्तु |
| पाठ-३ | बचत गर्ने बानी | बैङ्क, घर, ६ ओटा मानिस | टेलिभिजन | टेलिभिजन, मानिसहरू, ग्लोब |
| पाठ-४ | नौलाख तारा | तारा, हिमाल, छहरा, लालीगुराँस, अर्ध चन्द्रमा | घामाछाया | मानिस, रूख र छाया |
| पाठ-५ | नीमको पात | गुरु, चेला र रूख | महाकवि लक्ष्मीप्रसाद देवकोटा | देवकोटाको तस्वीर र कृतिहरू |
| पाठ-६ | बाग्मती नदी | पशुपतिनाथ मन्दिर, हिमाल, बाग्मती नदी | विष्णुभक्त प्रह्लाद | देवता, राक्षस, मानिस, गुरू, चेला, आगो |

| | | | | |
|---|---|---|---|---|
| पाठ-७ | बिहेको निम्तो | बालिका र वृद्ध मानिस | हाम्रा चाडबाड | बालबालिका, घरहरू, रूख, पिङ |
| पाठ-८ | दाजुभाइ र बुढाबा | घरहरू, भारी बोकेका मानिसहरू, गाईवस्तु, खेतवारीमा तरकारी | स्वास्थ्य नै सम्पत्ति हो | घर, रूख, मानिस र नदी |
| पाठ-९ | स्वस्थ बनौँ | बालक | असल बनौँ सधैँभरि | बत्ति, वृद्धवृद्धा र बालिका |
| पाठ-१० | बुवाको चिठी | - | विश्वास | घर, मानिस, हरियाली जङ्गल, काग, परेवाहरू |
| पाठ-११ | आमा | आमा र बालक | मामालाई चिठी | - |
| पाठ-१२ | बजा लौरी डाङडुङ | वृद्ध, बालक, खिरपाक ताउली, बाखा, महिला | भित्ते पात्रो | भित्ते पात्रो |
| पाठ-१३ | नरेशको यात्रा | मानिसहरू, बसहरू, घरहरू | हिमाली दृश्य | हिमाल, डाँफे, वनजङ्गल |
| पाठ-१४ | पशुपन्छी र हाम्रो कर्तव्य | जङ्गल, चरा, मानिस र गुलेली | मानिसको धर्म | घरहरू, मानिसहरू, बिच्छी र बौलाहा मानिस |
| पाठ-१५ | प्रधानाध्यापकलाई निवेदन | - | गैंडा | वनजङ्गल, बच्चा गैंडा, ठूलो गैंडा |
| पाठ-१६ | पाप लाग्छ | पुतली, फूलवारी, चराहरू | प्रधान अध्यापकलाई निवेदन | - |
| पाठ-१७ | पछुतो | वृद्ध आइमाई र मानिसहरू | किताब | बालक, किताबहरू |
| पाठ-१८ | बालबालिकाका अधिकार | बालबालिका, पुस्तक, फुटबल | | |
| पाठ-१९ | लक्ष्य | चरा, रूख, धनुष र मानिस | | |
| पाठ-२० | सत्य कामको अठोट | गुरू र चेलाहरू | | |
| पाठ-२१ | आधुनिक सञ्चार | परेवा, टेलिभिजन, फोन र मानिस | | |

माथिको तालिका अनुसार मेरो नेपाली र सरल नेपाली मालामा पाठ अनुसार क्रमबद्ध गरी पाठमा रहेका चित्र भित्रका वस्तुलाई तालिकामा देखाइएको छ । मेरो नेपाली पाठ्यपुस्तकमा चित्रहरू १९ ओटा पाठमा राखिएका छन् । मेरो नेपाली पाठ्यपुस्तकमा रहेका चित्रहरू मध्ये पाठ २ 'धनको घमण्ड' कथामा चित्रहरू धेरै दिएको छ तर विषयवस्तुसँग नबुझिने किसिमका

देखिन्छन् । त्यसैगरी पाठ १३ र १७ मा चित्रको वास्तविकता पाठको अनुच्छेदसँग मेल खाएको देखिदैन । कुनै पाठमा चित्र स्पष्ट देखिने र छुट्याउन सकिने छन्, भने कुनै पाठका चित्रहरू स्पष्ट गरी छुट्याउन नै गाह्रो देखियो । मेरो नेपाली पाठ्यपुस्तकका चित्रहरू सादा रङ्गको प्रयोग गरिएकोले अस्पष्ट भएको पाइन्छ ।

सरल नेपाली मालामा जम्मा १७ ओटा पाठ मध्ये १५ ओटा पाठमा चित्रहरू राखिएका छन् । यस पाठ्यपुस्तकमा पाठ ५ देवकोटाको जीवनीमा पाठको अन्तिममा चित्रलाई राखिएको छ । यस पाठ्यपुस्तकमा सम्पूर्ण पाठका चित्रहरूलाई हरियो, रातो, पहेंलो, कालो, रङ्गको प्रयोग गरिएको छ । विद्यार्थीले पाठ अध्ययन गर्ने क्रममा पाठप्रति ध्यान केन्द्रित देखिन्छ । मेरो नेपाली पाठ्यपुस्तक भन्दा सरल नेपाली मालामा रहेका चित्रहरू छुट्याउन सहज हुने देखियो । बालबालिकाहरू मेरो नेपाली पाठ्यपुस्तकमा रहेका चित्रहरू छुट्याउन प्रायः जसो नसकिने देखियो । पाठमा चित्रहरूलाई रङ्गीन नबनाएकाले बालबालिकाहरू पाठप्रति रुचि, चासो कम राख्ने देखियो । 'प्रकाशन शैली' अनुसार चित्रहरू स्पष्ट, आकर्षक, विषयवस्तुसँग मेल खाएको हुनुपर्दछ । माथि उल्लेखित पाठ्यपुस्तक मेरो नेपाली र सरल नेपाली मध्येमा मेरो नेपालीमा चित्रहरू अस्पष्ट र अनाकर्षक छन् ।

## ४.४ विषयवस्तु तथा भावका दृष्टिले चित्र

### ४.४.१ मेरो नेपाली

सामुदायिक विद्यालयको कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तक विषयवस्तु तथा भावका दृष्टिले विभिन्न पाठमा चित्रहरू राखिएका छन् । उक्त पाठमा राखिएको चित्रहरू के कस्ता छन् ? भन्ने विषयमा अध्ययन गर्न लागिएको छ । पाठमा रहेका चित्रहरू विषयवस्तु अनुसार मेल खाए खाएनन् ? पाठमा दिएका विषयवस्तु अनुसार चित्रहरू ठीक छन्/छैनन् ? पाठ अनुसार कुन कुन पाठको विषयवस्तुहरू चित्रसँग मेल खाएको छ ? चित्र र विषयवस्तुको तालमेललाई बालबालिका बुझ्न सक्छन्/सक्दैनन् ? जस्ता विषयवस्तुको खोजी गरी तलको तालिकामा चित्र भित्रका वस्तु र विषयवस्तु अनुसार भावलाई देखाइएको छ ।

**तालिका नं. ६ : विषयवस्तु तथा भावका दृष्टिले चित्र (मेरो नेपाली)**

| पाठको क्र.सं. | पाठशीर्षक | चित्र भित्रका वस्तु | पाठको विषयवस्तु तथा भाव |
|---|---|---|---|
| पाठ १ | गाउँछ गीत नेपाली | दुई बालबालिकाले झण्डा समातेको | नेपाली वीरताको गौरव गाइएको छ |

| | | | |
|---|---|---|---|
| पाठ-२ | धनको घमण्ड | गणेश भगवान, कुबेर, देवता | मानिसले कहिल्यै धनको घमण्ड गर्नु हुदैन |
| पाठ-३ | बचत गर्ने बानी | बैङ्क, घर, ६ ओटा मानिस | बचत गर्ने बानीको विकास गरिएको छ |
| पाठ-४ | नौलाख तारा | तारा, हिमाल, छहरा, लालीगुराँस, अर्ध चन्द्रमा | प्राकृतिक सौन्दर्यप्रतिको महिमा गाइएको छ |
| पाठ-५ | नीमको पात | गुरु, चेला र रूख | मानिसले असल काम गर्नुपर्छ |
| पाठ-६ | बाग्मती नदी | पशुपतिनाथ मन्दिर, हिमाल, बाग्मती नदी | मानिसले स्वस्थ मनले देवता पुज्नु पर्छ |
| पाठ-७ | विहेको निम्तो | बालिका र वृद्ध मानिस | हामीले सबैसँग मित्रता जोड्नु पर्छ |
| पाठ-८ | दाजुभाइ र बुढाबा | घरहरू, भारी बोकेका मानिसहरू, गाईवस्तु, खेतवारीमा तरकारी | अरुलाई सेवा गरे आफूलाई मेवा मिल्छ |
| पाठ-९ | स्वस्थ बनौं | बालक | सँधै सफा रहनु पर्छ |
| पाठ-१० | बुवाको चिठी | - | - |
| पाठ-११ | आमा | आमा र बालक | हामीले सन्तानलाई माया गर्नुपर्छ |
| पाठ-१२ | बजा लौरी डाङडुङ | वृद्ध, बालक, खिरपाक ताउली, बाखा, महिला | खराब काम गरे भगवान नराम्रो फल दिन्छ |
| पाठ-१३ | नरेशको यात्रा | मानिसहरू, बसहरू, घरहरू | मानिसले विभिन्न ठाँउको भ्रमण गर्नुपर्छ |
| पाठ-१४ | पशुपन्छी र हाम्रो कर्तव्य | जङ्गल, चरा, मानिस र गुलेली | हामीले पशुपन्छीलाई संरक्षण गर्नुपर्छ |
| पाठ-१५ | प्रधानाध्यापकलाई निवेदन | - | - |
| पाठ-१६ | पाप लाग्छ | पुतली, फूलवारी, चराहरू | हामीले कोपिला चुढ्नु हुन्न |
| पाठ-१७ | पछुतो | वृद्ध आइमाई र मानिसहरू | मानिसले स्वस्थ रहनु पर्छ |
| पाठ-१८ | बालबालिकाका अधिकार | बालबालिका, पुस्तक, फुटबल | बालबालिकालाई स्वतन्त्र रूपमा पढ्न र खेल्न दिनु पर्छ |
| पाठ-१९ | लक्ष्य | चरा, रूख, धनुष र मानिस | मानिसको लक्ष्य निश्चित र एउटै हुनुपर्छ |
| पाठ-२० | सत्य कामको अठोट | गुरू र चेलाहरू | राम्रो कामको प्रतिज्ञा गर्नुपर्छ |
| पाठ-२१ | आधुनिक सञ्चार | परेवा, टेलिभिजन, फोन र मानिस | सञ्चार प्रणालीको विकास भएको जानकारी दिएको छ |

सामुदायिक विद्यालयको कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तक पाठमा रहेका चित्रहरूको विषयवस्तु तथा भाव अनुसार कस्ता छन् ? भनेर गरिएको अध्ययनमा माथिको तालिकामा चित्र भित्रका वस्तु र भावलाई देखाइएको छ । मेरो नेपाली पाठ्यपुस्तकमा २१ ओटा पाठ मध्ये १९ ओटा पाठमा चित्रलाई देखाइएको छ । २ ओटा पाठहरूमा चित्र नै राखिएको छैन ।

मेरो नेपाली पाठ्यपुस्तकमा चित्र र विषयवस्तुको तालमेल नभएका पाठहरू पाठ २ 'धनको घमण्ड' कथा, पाठ ४ 'नौलाख तारा', पाठ ८ 'दाजुभाइ र बुढाबा' पाठ १३ 'नरेशको यात्रा' पाठ २० 'सत्य कामको अठोट' प्रबन्धमा चित्र सङ्ख्या बढी भए पनि विषयवस्तु र भाव अनुसार चित्र नबुझिने देखियो । अन्य पाठमा चित्रलाई अध्ययन गर्दा विषयवस्तु तथा भाव बुझ्न सकिन्छ ।

बालबालिकाहरूले पाठमा भएका चित्रको अध्ययन गरी आफै विषयवस्तुप्रति जानकारी पाउन विषयवस्तुसँग मिल्ने चित्रहरू पाठमा राख्नु पर्दछ । बालबालिकाले हेर्न रुचि जागेमा विषयवस्तुको भाव सजिलै बुझ्ने देखिन्छ । पाठमा भएका चित्रहरू अस्पष्ट र सादा रङ्गको प्रयोग गरेका हुनाले बालबालिकाहरूले पढाइप्रति रुचि नराख्ने, पाठ पढाए पनि बालबालिकाले नबुझ्ने देखिन्छ । 'प्रकाशन शैली' अनुसार चित्र सादा भएपनि स्पष्ट देखिने खालका र दोहोरो अर्थ नलाग्ने हुनुपर्छ । आधारभूत तहका बालबालिकाहरू चित्रप्रति आकर्षित भइ पाठप्रति ध्यान केन्द्रित हुन् सक्नुपर्दछ ।

### ४.४.२ सरल नेपाली माला

सामुदायिक विद्यालयको मेरो नेपाली र संस्थागत विद्यालयको सरल नेपाली माला मध्ये यस भागमा सरल नेपाली मालामा रहेका चित्रहरूको विषयवस्तु अनुसार भाव, चित्र भित्रका वस्तुले दिन खोजेको सन्देश के कस्ता चित्रहरू छन् ? जस्ता विषयवस्तुलाई अध्ययन गर्न लागिएको छ । बालबालिकाहरू पाठमा भएका चित्र अनुसार भाव बुझ्न सक्छन् वा सक्दैनन् ? कुन कुन पाठमा कस्ता चित्रलाई संयोजन गरिएको छ ? कुन कुन पाठमा चित्रहरू विषयवस्तु भन्दा फरक र अस्पष्ट छन् ? कुन कुन पाठका चित्रले बालबालिकालाई पढाइप्रति रुचि जगाउन मद्दत गर्छन् ? जस्ता विषयवस्तुको अध्ययन तलको तालिकामा हेर्दा स्पष्ट सकिन्छ । प्रस्तुत तालिकालाई यस प्रकार राखिएको छ ।

**तालिका नं. ७ : विषयवस्तु तथा भावका दृष्टिले चित्र (सरल नेपाली माला)**

| पाठको क्र.सं. | पाठशीर्षक | चित्र भित्रका वस्तु | पाठको विषयवस्तु तथा भाव |
|---|---|---|---|
| पाठ-१ | नेपाल आमा | हिमाल, नेपालको नक्सा, डाँफे, मयूर तराई | नेपालको प्राकृतिक सौन्दर्यलाई देखाइएको छ |
| पाठ-२ | जङ्गल हाम्रो साथी | वनजङ्गल, मानिस, वन्यजन्तु | हामीले वनजङ्गल तथा वन्यजन्तुको संरक्षण गर्नु |

| | | | |
|---|---|---|---|
| | | | पर्दछ । |
| पाठ ३ | टेलिभिजन | टेलिभिजन, मानिसहरू, ग्लोब | हामीलाई सञ्चार माध्यमबाट धेरै कुरा थाहा हुन्छ |
| पाठ-४ | घामछाया | मानिस, रूख र छाया | घाम लाग्दा धर्तिमा उज्यालो हुन्छ |
| पाठ-५ | महाकवि लक्ष्मीप्रसाद देवकोटा | देवकोटाको तस्वीर र कृतिहरू | मानिसले अमर रहने काम गर्नुपर्छ |
| पाठ-६ | विष्णुभक्त प्रह्लाद | देवता, राक्षस, मानिस, गुरू, चेला, आगो | मानिसले कहिल्यै घमण्ड गर्नु हुदैन |
| पाठ-७ | हाम्रो चाडबाड | बालबालिका, घरहरू, रूख, पिङ | हामीले हाम्रो संस्कृतिलाई जोगाइ राख्नु पर्छ |
| पाठ-८ | दाजुभाइ र बुढाबा | घर, रूख, मानिस र नदी | मानिस सधैँ स्वस्थ रहनु पर्छ |
| पाठ-९ | असल बनौँ सधैँभरि | बत्ती, वृद्धवृद्धा र बालिका | हामी सधैँ असल बन्नु पर्छ |
| पाठ-१० | विश्वास | घर, मानिस, हरियाली जङ्गल, काग, परेवाहरू | मानिसले सधैँ विश्वास गर्नु पर्छ |
| पाठ-११ | मामालाई चिठी | - | - |
| पाठ-१२ | भित्ते पात्रो | भित्ते पात्रो | मानिसलाई बार, महिना र सालको जानकारी हुनु पर्छ |
| पाठ-१३ | हिमाली दृश्य | हिमाल, डाँफे, वनजङ्गल | हिमाल जस्तै हाँसिलो हुनु पर्छ |
| पाठ-१४ | पशुपन्छी र हाम्रो कर्तव्य | घरहरू, मानिसहरू, बिच्छी र बौलाहा मानिस | हामीले सबै प्राणीको रक्षा गर्नु पर्छ |
| पाठ-१५ | गैँडा | वनजङ्गल, बच्चा गैँडा, ठूलो गैँडा | लोपोन्मुख प्राणीहरूको संरक्षण गर्नु पर्छ |
| पाठ-१६ | प्रधान अध्यापकलाई निवेदन | - | - |
| पाठ-१७ | किताब | बालक, किताबहरू | हामी किताब पढेर ठूलो मान्छे बन्नु पर्छ |

संस्थागत विद्यालयको सरल नेपाली माला पाठ्यपुस्तकका पाठमा रहेका चित्रहरू विषयवस्तु तथा त्यो विषयवस्तुले दिने भावका बारेमा माथिको तालिकामा देखाएको छ । सरल नेपाली मालामा १५ ओटा पाठहरूमा चित्रलाई विषयवस्तु अनुसार संयोजन गरिएको पाइयो । प्रत्येक पाठमा राखिएका चित्रहरूले विषयवस्तुलाई प्रष्ट्याउन रङ्गीन चित्रहरूको व्यवस्था गरिएको

छ । बालबालिकाहरू रङ्गीन आकर्षक चित्रहरू देखेपछि विषयवस्तुसँग ध्यान केन्द्रित हुने् देखियो । रङ्गीन र आकर्षक चित्रहरू भएपनि कुनै पाठमा दिएका चित्रले विषयवस्तुलाई स्पष्ट नखुलाएको देखियो । चित्रले भन्न खोजेको कुरा एका तर्फ छ भने पाठको विषयवस्तुले अर्को प्रसङ्ग लिएका पाठ ३ 'टेलिभिजन', पाठ ४ 'घामछाया' पाठ ६ 'विष्णुभक्त प्रह्लाद' यी ३ ओटा पाठले चित्रले दिएको भाव र पाठका विषयवस्तुमा एकरूपता देखिएन । उक्त पाठहरूमा बालबालिकाले चित्र हेरेपछि फरक अर्थ लगाउने देखिन्छ । तसर्थ, अरु पाठहरूमा रहेका चित्रहरू हेर्दा सबै चित्रबाट नै विषयवस्तुहरू बुझ्न सकिने देखियो ।

सरल नेपाली मालामा दिएका चित्र मध्ये पाठ २ 'जङ्गल हाम्रो साथी' पाठ ७ 'हाम्रा चाडबाड' पाठ १० 'विश्वास' पाठ १२ 'भित्ते पात्रो' पाठ १५ 'गैंडा' प्रबन्धमा चित्र र विषयवस्तुको प्रसङ्ग अनुसार तालमेल मिलेको छ । उक्त पाठहरूमा चित्र अवलोकन गरी सकेपछि विषयवस्तु तर्फ अगाडि बढ्न बालबालिकालाई सहज हुने् देखियो भने मेरो नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठहरूमा चित्रहरू पाठ ३ 'बचत गर्ने बानी' प्रबन्ध, पाठ ९ 'स्वस्थ बनौँ' प्रबन्ध, पाठ १४ 'पशुपन्छी र हाम्रो कर्तव्य' प्रबन्ध, पाठ १८ 'बालबालिकाका अधिकार' प्रबन्धमा विषयवस्तु अनुसार चित्रहरुको तालमेल मिलेको छ । पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पुस्तक 'प्रकाशक शैली' अनुसार पाठमा रहेका चित्रभित्रका वस्तु स्पष्ट, विषयवस्तु तथा भावका दृष्टिले उपयुक्त हुनु पर्दछ । समग्रमा अध्ययन गर्दा सामुदायिक विद्यालयको कक्षा ४ मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू भन्दा संस्थागत विद्यालयको सरल नेपाली मालामा समाविष्ट चित्रहरू वस्तु स्पष्टता, विषयवस्तु तथा भावका दृष्टिले उपयुक्त रहेका छन् ।

## ४.५ चित्रहरूमा रहेका सबल तथा दुर्बल पक्ष

### ४.५.१ मेरो नेपाली (सबल पक्ष)

प्रस्तुत अध्ययन सामुदायिक विद्यालयको कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूलाई सङ्ख्याका आधारमा, चित्रको आकार प्रकारका आधारमा, चित्र भित्रका वस्तुका आधारमा, विषयवस्तु तथा भावका आधारमा विश्लेषण गरिएको छ ।

सङ्ख्याका आधारमा विश्लेषण गर्दा मेरो नेपाली पाठ्यपुस्तकमा २१ ओटा पाठ मध्ये १९ ओटा पाठमा चित्रहरू राखिएको छ । सबै पाठ भन्दा बढी चित्र भएका पाठ ८ 'दाजुभाइ र बुढाबा' कथामा ६ ओटा चित्र छन् । त्यसैगरी पाठ ४ 'नौलाख तारा' कवितामा ५ ओटा चित्र पाठ ९

'स्वस्थ बनौँ' प्रबन्धमा ५ ओटा चित्र रहेका छन् । अन्य पाठ भन्दा पाठ ८, ४ र पाठ ९ मा चित्र सङ्ख्या पाठ अनुसार ठीक देखिएका छन् । चित्र सङ्ख्याका आधारमा उक्त पाठहरू उपयुक्त मानिन्छन्. ।

मेरो नेपाली पाठ्य पुस्तकमा चित्रहरूको आकार प्रकार तथा लम्बाइ चौडाइका आधारमा पुस्तकमा भएका चित्रहरूको विश्लेषण गरियो । चित्रको लम्बाइ चौडाइका आधार पाठ १६ ' पाप लाग्छ' कविताको चित्रको लम्बाइ ६ से.मी. छ भने चौडाइ ४ से.मी. छ । आकार प्रकार तथा लम्बाइ चौडाइका आधारमा पाठ १६ को चित्र सबै पाठ भन्दा ठूलो देखियो । त्यसपछि पाठ १ ' गाउँछ गीत नेपाली' कविता र पाठ ६ ' बाग्मती नदी' प्रबन्धका चित्र क्रमशः ४ से.मी. र ५ से.मी. का भेटिए ।

चित्र रखाइ स्थानको अध्ययन प्रत्येक चित्रको बारेमा अध्ययन गर्दा पाठ १ 'गाउँछ गीत नेपाली' पाठ ४ 'नौलाख तारा', पाठ १६ 'पाप लाग्छ' कविता, पाठ १८ ' बालबालिकाको अधिकार' प्रबन्धमा चित्र रखाइ स्थान दायाँ भाग र पाठका अनुच्छेदहरूलाई वायाँ भागमा राख्नु राम्रो मानिन्छ । प्रकाशन शैली पुस्तक अनुसार वायाँ भागमा अनुच्छेद राखी दायाँ भागमा रहेको चित्रको क्रमशः बयान गर्नु राम्रो मानिन्छ ।

चित्र भित्रका वस्तुले पाठको अंशलाई समेटेको हुन्छ । मेरो नेपाली पाठ्यपुस्तकमा चित्र भित्रका वस्तुहरू रङ्गीन नभए पनि पाठ २ 'धनको घमण्ड', पाठ ३ 'बचत गर्ने बानी', पाठ ६ 'बाग्मती नदी', पाठ ७ 'बिहेको निम्तो', पाठ ९ 'स्वस्थ बनौँ', पाठ १२ 'बजा लौरी डाङडुङ', पाठ १४ 'पशुपन्छी र हाम्रो कर्तव्य' पाठ १९ 'लक्ष्य' कवितामा रहेका चित्रहरू सजिलै छुट्याउन र देख्न सकिन्छ ।

विषयवस्तु तथा भाव अनुसार मेरो नेपाली पाठ्यपुस्तकमा रहेका पाठहरू मध्ये कतिपय पाठहरू विषयवस्तुसँग मिलेको र नमिलेको देखिन्छ । विषयवस्तु तथा भावका दृष्टिले पाठका सकारात्मक पक्षलाई केलाइएको छ । विषयवस्तुसँग मिल्दा पाठहरू मध्ये पाठ १ 'गाउँछ गीत नेपाली', पाठ ३ 'बचत गर्ने बानी', पाठ ७ 'बिहेको निम्तो', पाठ ९ 'स्वस्थ बनौँ', पाठ ११ 'आमा', पाठ १४ 'पशुपन्छी र हाम्रो कर्तव्य' पाठ १९ 'लक्ष्य' कविताका चित्र विषयवस्तुमा एकरूपता देखिन्छ । उक्त पाठमा दिएका चित्र र पाठको विषयवस्तु अध्ययन गर्दा बालबालिका स्पष्टसँग चित्र र अनुच्छेदको भाव बुझ्दछन् ।

### ४.५.२ मेरो नेपाली (दुर्बल पक्ष)

सामुदायिक विद्यालयको कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकका सबल पक्ष हुदाहुदै पनि केही दुर्बल पक्षहरू देखिएका छन् । कुनै पनि वस्तुका राम्रा र नराम्रा गुणहरू हुन्छन् । चित्र सङ्ख्याका आधारमा पाठ १५ 'प्रधानाध्यापकलाई निवेदन' र पाठ १० 'बुवाको चिठी' पाठमा कुनै चित्र राखिएको छैन । मेरो नेपाली पाठ्यपुस्तकमा १ ओटा चित्र भएका पाठ १ 'गााउँछ गीत नेपाली', पाठ ३ 'बचत गर्ने बानी', पाठ ११ 'आमा', पाठ १४ 'पशुपन्छी र हाम्रो कर्तव्य', पाठ १६ 'पाप लाग्छ', पाठ १९ 'लक्ष्य' कवितामा १/१ ओटा चित्र राखिएको छ । पाठमा थोरै चित्र राख्नु मेरो नेपाली पाठ्यपुस्तकको दुर्बल पक्ष मानिन्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पुस्तक 'प्रकाशन शैली' मा प्राथमिक तहमा चित्रहरूको लम्बाइ चौडाइ १२×१४ से.मी. हुनुपर्छ भने माथिल्लो तहमा ४×६ से.मी. हुनु उपयुक्त हुन्छ । मेरो नेपाली पाठ्यपुस्तकमा रहेका चित्रहरूको आकार प्रकार तथा लम्बाइ चौडाइ १ से.मी. देखि ६ से.मी. सम्मका छन् । लम्बाइ चौडाइ र आकारले चित्रहरू साना देखिन्छ । चित्रहरू पाठ्यपुस्तकमा ठूला, उपयुक्त, स्पष्ट र आकर्षक हुनु जरुरी छ । मेरो नेपाली पाठ्यपुस्तकमा साना, अस्पष्ट र सादा चित्र राख्नु यस पाठ्यपुस्तकको दुर्बल पक्ष हो ।

मेरो नेपाली पाठ्यपुस्तकमा भएका चित्रहरू पाठको तल्लो भागमा राखिएको छ । चित्रहरू दायाँ भागमा राख्नु उपयुक्त हुन्छ । यस पाठ्यपुस्तकमा पाठको अन्तिम भागमा चित्र राखिएका पाठ २ 'धनको घमण्ड', पाठ ५ 'नीमको पात', पाठ १३ 'नरेशको यात्रा', पाठ १९ 'लक्ष्य' कविताका पाठहरूमा पृष्ठको माथि चित्रलाई राखिएको छ । चित्रहरू दायाँ भागमा र माथिल्लो भागमा चित्रलाई राख्नु पर्दछ तर यस पुस्तकका पाठहरूका चित्रहरू तल्लो भागमा राख्नु कमजोर पक्ष मानिन्छ ।

### ४.५.३ सरल नेपाली माला (सबल पक्ष)

प्रस्तुत शोध अध्ययनमा सरल नेपाली माला पाठ्यपुस्तक मालामा रहेका चित्रहरूको सङ्ख्याका आधारमा चित्रहरूको आकार प्रकार तथा लम्बाइ चौडाइ, चित्र रखाइ स्थान, चित्र भित्रका वस्तु, तथा भावका दृष्टिले चित्रका आधारमा चित्रको विश्लेषण गरिएको छ । यसै क्रममा संस्थागत विद्यालयको कक्षा ४ को सरल नेपाली मालामा पाठ भित्र रहेका चित्रहरूको सबल पक्षलाई केलाइएको छ । चित्रहरूको सङ्ख्याका आधारमा यस पुस्तकमा ३३ ओटा

चित्रहरू रहेका छन् । सरल नेपाली माला पाठ्यपुस्तक भन्दा मेरो नेपाली पाठ्यपुस्तकमा पाठको सङ्ख्या थोरै बढी छन् । सरल नेपाली मालामा अन्य पाठ भन्दा पाठ ६ 'विष्णुभक्त प्रहलाद' कथामा ४ ओटा चित्र, पाठ १० 'विश्वास' कथामा ४ ओटा चित्रहरू रहेका छन् । सङ्ख्याका दृष्टिले चित्रहरू बढी रहेका छन् ।

सरल नेपाली मालाका पाठहरूमा रहेका चित्रहरूको आकार प्रकार तथा लम्बाइ चौडाइका आधारमा ठूला चित्रहरू पाठ १५ 'गैंडा' प्रबन्धमा लम्बाइ ६ से.मी. र चौडाइ ४ से.मी., पाठ १३ 'हिमाली दृश्य' कवितामा चित्रको लम्बाइ ५ से.मी र चौडाइ ३ से.मी., पाठ ८ 'स्वास्थ्य नै सम्पत्ति हो' संवादमा लम्बाइ ६ से.मी. र चौडाइ ४ से.मी., पाठ ३ 'टेलिभिजन' प्रबन्धमा लम्बाइ ६ से.मी. र चौडाइ ३ से.मी., पाठ २ 'जङ्गल हाम्रो साथी' प्रबन्धमा चित्र नं २ लम्बाइ ६ से.मी. र चौडाइ ४ से.मी. का चित्रहरू रहेका छन् । आकार प्रकार तथा लम्बाइ चौडाइका तुलनामा मेरो नेपाली पाठ्यपुस्तकमा रहेका चित्र भन्दा सरल नेपाली मालामा रहेका चित्रहरू ठूला देखिन्छन् । पाठमा दिएका चित्रहरू मध्ये दायाँ र माथिल्लो भागमा राख्नु उपयुक्त हुन्छ । 'प्रकाशन शैली' पुस्तक अनुसार पाठको वायाँ भागमा विषयवस्तु तथा दायाँ भागमा क्रमशः पाठको विषयवस्तु अनुसार चित्र राख्नु पर्छ । उक्त चित्रको क्रमशः व्याख्या गरिएको हुनु पर्दछ । कुनै चित्रहरू पाठको शीर्षक तलतिर राख्दा पनि उपयुक्त मानिन्छ पाठकले पहिले चित्रलाई अवलोकन गरेर पछि विषयवस्तु तर्फ जान्छन् । पाठ १ 'नेपाल आमा' कविताको चित्रलाई दायाँ भागमा पृष्ठ भरिने गरी राखिएको छ । पाठ १३ 'हिमाली दृश्य' कवितामा पाठको दायाँ भागमा चित्रलाई राख्नु राम्रो मानिन्छ ।

चित्र भित्रका वस्तुका बारेमा अध्ययन गर्दा पाठ १ 'आमा' कवितामा हिमाल, नेपालको नक्सा, डाँफे, मयूर, तराइ फाँट, खोला र पाठ १० 'विश्वास' कथामा चित्र भित्रका वस्तुहरू घर, मानिस, जङ्गल, परेवाहरू र काग गरी ६ ओटा चित्रलाई राखिएको छ । अन्य पाठ भन्दा पाठ १ र पाठ १० भित्र चित्रहरू बढी देखिन्छन् ।

विषयवस्तु तथा भावका दृष्टिले मेरो नेपाली भन्दा सरल नेपाली मालाका सम्पूर्ण चित्रहरूलाई रङ्रोगनको प्रयोग गरी चित्र आकर्षक बनाइएको छ । पाठको विषयवस्तु अनुसार सम्पूर्ण चित्रहरूमा हरियो, कालो, रातो, सेतो र नीलो रङ्गको प्रयोग गरिएको पाइन्छ । बालबालिकाहरूलाई पढाइप्रति रुचि जगाउन उक्त चित्रहरूले सहयोग गरेका छन् । समग्रमा दुई ओटा पाठ्यपुस्तकको तुलना गर्दा सरल नेपाली मालाामा चित्र सङ्ख्याका दृष्टिले चित्रहरू

घटि देखिए पनि चित्रको आकार, चित्र रखाइ स्थान, चित्रभित्रका वस्तु, विषयवस्तुको आधारमा चित्र मेरो नेपाली पाठ्यपुस्तक भन्दा उपयुक्त रहेका छन् ।

### ४.५.४ **सरल नेपाली माला** (दुर्बल पक्ष)

संस्थागत विद्यालयको कक्षा ४ को मेरो पाठ्यपुस्तकका केही राम्रा पक्ष भए पनि यहाँ दुर्बल पक्षलाई देखाइएको छ । सरल नेपाली मालामा रहेका चित्रको सङ्ख्या, चित्रको आकार प्रकार तथा लम्बाइ चौडाइ, चित्र रखाइको स्थान, चित्र भित्रका वस्तु र चित्र भित्रका विषयवस्तु तथा भावका आधारमा दुर्बल पक्षलाई देखाइएको छ ।

चित्र सङ्ख्याका आधारमा सरल नेपाली मालामा १७ ओटा पाठहरू मध्ये पाठ ११ ‘मामालाई चिठी’ र पाठ १६ ‘प्राधान अध्यापकलाई निवेदन’ पाठमा चित्र राखिएको छैनन् । पाठ १ ‘नेपाल आमा’, पाठ १२ ‘भित्ते पात्रो’, पाठ १३ ‘हिमाली दृश्य’, पाठ १७ ‘किताब’ कवितामा १/१ ओटा चित्र राखिएका छन् । आकार प्रकार तथा लम्बाइ चौडाइका दृष्टिले पाठमा भएका साना चित्रहरू पनि देखियो । जुन धेरै साना चित्र भएका पाठ ९ ‘असल बनौँ सधैँभरि’ प्रबन्धमा चित्रको लम्बाइ १ से.मी. र चौडाइ १ से.मी. देखियो ।

पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पुस्तक ‘प्रकाशन शैली’ अनुसार तल्लो तहमा चित्रको आकार १२×१४ से.मी. हुनुपर्छ भने माथिल्लो तहमा चित्रको आकार ४×६ से.मी. हुनु पर्छ । त्यसकारण सामुदायिक विद्यालयको मेरो नेपाली र सरल नेपाली मालामा रहेका चित्रहरूको आकार प्रकार तथा लम्बाइ चौडाइका दृष्टिले साना देखिए ।

सरल नेपाली मालामा पाठ २ ‘जङ्गल हाम्रो साथी’ प्रबन्धको चित्र नं २, पाठ ३ ‘टेलिभिजन’ प्रबन्धको चित्र नं २, पाठ ५ ‘महाकवि लक्ष्मीप्रसाद देवकोटा’ जीवनीको चित्र नं २, पाठ ७ ‘हाम्रा चाडबाड’ प्रबन्धको चित्र नं १, पाठ ८ ‘स्वास्थ्य नै सम्पत्ति हो’ संवादको चित्र नं २, पाठ १५ ‘गैंडा’ प्रबन्धको चित्र नं २ र ३ लाई पाठको अन्तिम भाग तथा अनुच्छेदको तल राखिएका छन् । ‘प्रकाशन शैली’ अनुसार चित्रहरू पाठको माथिल्लो र दायाँ भागमा राखिनु राम्रो मानिन्छ । त्यसकारण उक्त पाठहरूमा रहेका चित्रहरू तल्लो भागमा राखिएकाले यसका दुर्बल पक्ष र कमजोर पक्ष मानिन्छ ।

विषयवस्तु तथा भावका दृष्टिले चित्र उपयुक्त हुनु राम्रो मानिन्छ तर सरल नेपाली मालामा समाविष्ट चित्रहरू मध्ये पाठ ३ ‘टेलिभिजन’, पाठ ६ ‘विष्णुभक्त प्रह्लाद’, पाठ ८ ‘स्वास्थ्य नै

सम्पत्ति हो' संवादमा विषयवस्तु अनुसार चित्रहरू उपयुक्त देखिएनन् । उक्त पाठमा चित्रले एक पक्षलाई जनाएको छ भने विषयवस्तु फरक देखिन्छ । त्यसकारण उक्त पाठहरूमा विषयवस्तु र चित्रहरूको तालमेल नमिलेको हुनाले यसलाई दुर्बल पक्ष मानिन्छ ।

समग्रमा मेरो नेपाली र सरल नेपाली मालाका कमजोर पक्षलाई औंल्याउदा चित्र सङ्ख्याका आधारमा पाठहरू कम देखियो । चित्रको आकार प्रकार तथा लम्बाइ चौडाइका आधारमा मेरो नेपाली र सरल नेपाली माला दुबै पाठ्यपुस्तकमा चित्रहरू हुनु पर्ने आकार भन्दा साना देखिए रङरोगनका बारेमा मेरो नेपाली पाठ्यपुस्तकमा सम्पूर्ण चित्रहरूमा रङ्गको प्रयोग गरिएको छैन । पाठमा रहेका चित्रहरू सादा भएकाले अस्पष्ट र नदेखिने छन् । चित्र रखाइ स्थानका सन्दर्भमा केही चित्रहरू पाठको अन्तिम भागमा राखिएका छन् । चित्र भित्रका वस्तुका सन्दर्भमा अध्ययन गर्दा चित्रको आकार ठूलो भए पनि चित्र भित्रका वस्तु कमै भेटिए । विषयवस्तुका भावका दृष्टिले चित्रको र विषयवस्तुको भाव मिलेको छैन । मेरो नेपाली र सरल नेपाली माला पाठ्यपुस्तकमा सबल पक्ष हुदाहुदै पनि दुर्बल पक्ष भेटिनु पाठ्यपुस्तकको कमजोर पक्ष हो र सामुदायिक विद्यालयको मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको आकार, चित्र रखाइ स्थान, चित्रभित्रका वस्तु स्पष्ट, आकर्षक र विषयवस्तु चित्र भएकाले सरल नेपाली मालालाई उपयुक्त मानिन्छ ।

## ४.६ चित्रका सन्दर्भमा सुझाव

### ४.६.१ मेरो नेपाली

सामुदायिक विद्यालयको कक्षा चारको मेरो नेपाली पाठ्यपुस्तकमा चित्रहरूको विश्लेषण गर्दा चित्र सङ्ख्याका आधारमा पाठहरूमा चित्रहरू कम देखियो । प्रारम्भिक तहको भाषा पाठ्यपुस्तकमा अक्षर र शब्दको धारणा बसाल्न पनि चित्रहरूको अत्यधिक उपयोग गरिनु पर्छ । प्रारम्भिक तह भन्दा माथि पनि सान्दर्भिक चित्रहरूको यथा स्थानिक उपयोग गर्न सकेमा रोचकता र प्रभावकारिताको सिर्जना गर्न सकिन्छ । कक्षा चारको मेरो नेपालीमा पाठ १ 'गाउँछ गीत नेपाली' कविता, पाठ ३ 'बचत गर्ने बानी' प्रबन्ध, पाठ ११ 'आमा' कविता पाठ १४ 'पशुपन्छी र हाम्रो कर्तव्य' संवादमा, पाठ १६ 'पाप लाग्छ', पाठ १९ 'लक्ष्य' कविता पाठहरूमा १/१ ओटा चित्रहरू राखिएको छ । उक्त पाठहरूमा चित्र सङ्ख्या विषयवस्तु अनुसार बढाउनु पर्दछ ।

चित्रहरूको आकार प्रकार 'प्रकाशन शैली' पुस्तक अनुसार चित्रहरूको लम्बाइ, चौडाइ सबै पाठमा सानो देखिएकाले चित्रको आकारमा १२×१४ हुनु पर्दछ । चित्र रखाइ स्थानमा एकरूपता देखिदैन । पाठ २ 'धनको घमण्ड', पाठ ५ 'नीमको पात', पाठ १३ 'नरेशको यात्रा', पाठ १९ 'लक्ष्य' कवितामा रहेका चित्रहरू पाठको अन्तिम भागमा राखिएका छन् । चित्र रखाइमा पाठको दायाँ भाग र पाठको सुरूमा राख्नु उपयुक्त हुन्छ ।

मेरो नेपाली पाठ्यपुस्तकमा रहेका चित्रहरू भित्रका वस्तु स्पष्ट हुनुपर्ने देखिन्छ । त्यसैले पाठ १ 'गाउँछ गीत नेपाली', पाठ ४ 'नौलाख तारा', पाठ ८ 'दाजुभाइ र बुढाबा', पाठ ११ 'आमा', पाठ १७ 'पछुतो', पाठ १८ 'बालबालिकाका अधिकार', पाठ २० 'सत्य कामको अठोट', पाठ २१ 'आधुनिक सञ्चार' पाठहरूमा चित्रभित्रका वस्तु नदेखिने, अस्पष्ट छन् । पढाइप्रति ध्यान केन्द्रित गर्न बालबालिकालाई स्पष्ट र आकर्षक चित्रहरू हुनु आवश्यक देखिन्छ । पाठमा राखिएका चित्रहरूको भाव एकातिर विषयवस्तु फरक देखिएमा यस्ता चित्रहरू राखेको कुनै औचित्य हुदैन । त्यसैले पाठमा रहेका चित्र र विषयवस्तुको सङ्गठन मिलेको हुनुपर्दछ ।
मेरो नेपाली पाठ्यपुस्तकमा राखिएका चित्रहरूका आधारमा लम्बाइ, चौडाइ, आकार, प्रकार, चित्र रखाइ स्थान, चित्र भित्रका वस्तु र विषयवस्तु अनुसार चित्रका भाव रङ्रोगन आकर्षक तथा उपयुक्त हुनुपर्दछ ।

### ४.६.२ सरल नेपाली माला (सुझाव)

प्राथमिक तहमा चित्रहरूको आकार प्रकार र सङ्ख्याका दृष्टिले पाठ्यपुस्तकमा बढी नै राख्नु उपयुक्त मानिन्छ । सरल नेपाली मालामा चित्रको सङ्ख्याका आधारमा कम भएका पाठ १ 'नेपाल आमा' कविता, पाठ १७ 'किताब' कविता, पाठ १३ 'हिमाली दृश्य' कविता, पाठ १२ 'भित्ते पात्रो' पाठहरूमा १/१ ओटा चित्र राखिएको छ । उक्त पाठहरूमा चित्रहरू विषयवस्तु अनुसार बढी राखिएको भए राम्रो हुने् थियो । यस पाठ्यपुस्तकमा रहेका चित्रहरूको आकार प्रकार १२×१४ से.मी. हुनु आवश्यक देखिन्छ ।

चित्र रखाइ स्थानमा पाठ २ 'जङ्गल हाम्रो साथी' प्रबन्धको चित्र नं. २, पाठ ३ 'टेलिभिजन' प्रबन्धको चित्र नं. २ पाठ ५ 'महाकवि लक्ष्मीप्रसाद देवकोटा' जीवनीमा चित्र नं. २, पाठ ८ 'स्वास्थ्य नै सम्पत्ति हो' संवादको चित्र नं. २, पाठ १५ 'गैंडा' प्रबन्धको चित्र नं. २ र ३ लाई पाठको अन्तिममा राख्नु भन्दा पाठको दायाँ र माथिल्लो भागमा राखेको भए राम्रो हुने् थियो । पाठमा विषयवस्तु तथा भावका दृष्टिले चित्र राख्नु राम्रो मानिन्छ । पाठ ३ 'टेलिभिजन' प्रबन्ध,

पाठ ६ 'विष्णुभक्त प्रह्लाद' प्रबन्धमा विषयवस्तु अनुसार चित्र राखेको भए राम्रो हुने थियो । सरल नेपाली माला पाठ्यपुस्तकमा पाठ ११ 'मामालाई चिठी' पाठमा मामा र भान्जाको दृश्य झल्काउने तस्वीर राखेको भए राम्रो हुने थियो । भाषा पाठ्यपुस्तकमा यथा शक्य सबै पाठमा चित्र राख्नु उपयुक्त मानिन्छ ।

# अध्यायः पाँच
# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

पाठ्यपुस्तक बालबालिकाका लागि आकर्षक, रुचिपूर्ण र चाहना अनुरूप हुनुपर्दछ । यो बालबालिकाका लागि महत्त्वपूर्ण पठन सामग्री हो । पाठ्यपुस्तक नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिन्छ । सामुदायिक विद्यालयको कक्षा ४ को मेरो नेपाली र संस्थागत विद्यालयको कक्षा ४ को सरल नेपाली मालाका दुबै पाठ्यपुस्तकमा रहेका प्रयुक्त चित्रहरूको यस अध्ययनमा तुलनात्मक विश्लेषण गरिएको छ । भाषा सिकाइको मूल सामग्री भाषा पाठ्यपुस्तक भएकाले बालबालिकाको अपेक्षा अनुरूप निर्धारित तह र कक्षाका लागि तयार गरिने भाषा पाठ्यपुस्तक शिक्षण सिकाइको मूल सामग्री हो । उक्त पाठ्यपुस्तक भित्र सैद्धान्तिक आधार र दृश्य सामग्रीका रूपमा चित्रलाई समावेश गरिएको छ ।

प्रस्तुत शोध अध्ययनमा सामुदायिक विद्यालयको मेरो नेपाली पाठ्यपुस्तकमा २१ ओटा पाठ मध्ये १९ ओटा पाठका जम्मा चित्रहरू ५४ ओटा रहेका छन् भने संस्थागत विद्यालयको सरल नेपाली मालामा १७ ओटा पाठ मध्ये १५ ओटा पाठमा ३३ वटा चित्रहरू रहेको पाइयो । उक्त पाठ्यपुस्तकका २/२ ओटा पाठमा चित्रहरूलाई समाविष्ट गरिएको छैन । पाठमा समावेश गरिएका चित्रहरूले विषयवस्तु अनुरूप पूर्ण रूपमा सहयोग पुऱ्याउन सकेका छैनन् । मेरो नेपाली र सरल नेपाली माला पाठ्यपुस्तकमा समाविष्ट गरिएका चित्रको तुलनात्मक विश्लेषण चित्र सङ्ख्याका आधारमा, चित्रको आकार प्रकार, चित्रको लम्बाइ चौडाइ, चित्र रखाइ स्थान, चित्र भित्रका वस्तु र विषयवस्तुका आधारमा चित्रको अध्ययन गरी उक्त पाठ्यपुस्तकमा रहेका चित्रहरूको सबल तथा दुर्बल पक्षका आधारमा  निष्कर्षमा ल्याइएको छ ।

उक्त पाठ्यपुस्तकका पाठहरूमा रहेका चित्रहरूको तुलना गर्नु, चित्रको आकार प्रकार पत्ता लगाउनु, चित्र रखाइको आधार पत्ता लगाउनु, विषयवस्तु तथा भाव अनुसार चित्रको उपयुक्तताको पहिचान गर्नु, पाठ्यपुस्तकमा रहेका चित्रहरूको समानता र भिन्नता पत्ता लागाउनु र कमजोर पक्ष पत्ता लगाइ सुधारका निम्ति आवश्यक सुझाव दिनु प्रस्तुत शोधका उद्देश्य रहेका छन् । प्रस्तुत शोधकार्यमा गुणात्मक तथा सङ्ख्यात्मक विधिको प्रयोग गरी मिश्रित विधिमा शोधलाई अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत शोध विश्लेषणबाट प्राप्त नतिजालाई निम्नानुसार उल्लेख गरिएको छ :

- कक्षा ४ को सामुदायिक विद्यालयको मेरो नेपाली पाठ्यपुस्तकमा १९ ओटा पाठका जम्मा ५४ ओटा चित्रहरू र संस्थागत विद्यालयको मेरो नेपाली मालाका १५ ओटा पाठका जम्मा ३३ ओटा चित्रहरूलाई समाविष्ट गरिएको छ । चित्र सङ्ख्याका दृष्टिले संस्थागत विद्यालयको सरल नेपाली माला भन्दा सामुदायिक विद्यालयको मेरो नेपाली पाठ्यपुस्तकमा प्रतिशतका आधारमा चित्रहरू कम राखिएका छन् ।
- मेरो नेपाली पाठ्यपुस्तकको पाठ १० 'बुवाको चिठी', पाठ १५ 'प्रधानाध्यापकलाई निवेदन' र सरल नेपाली मालाको पाठ ११ 'मामालाई चिठी', पाठ १६ 'प्रधान अध्यापकलाई निवेदन' पाठमा कुनै चित्र राखिएको छैन । समग्रमा दुई ओटा पाठ्यपुस्तकमा २/२ ओटा पाठमा चित्र राखिएको छैन ।
- मेरो नेपाली र सरल नेपाली मालामा समाविष्ट चित्रको तुलना गर्दा आकार प्रकारका हिसाबले सबै भन्दा साना आकारका चित्रहरू १ से.मी. र ठूला चित्र ६ से.मी. सम्मका चित्रहरू रहेका छन् । आकारका हिसाबले मेरो नेपाली भन्दा सरल नेपाली मालामा ४×६ से.मी. का चित्रहरू ठूला राखिएका छन् ।
- पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पुस्तक 'प्रकाशन शैली' अनुसार प्राथमिक तहमा चित्रको आकार १२×१४ से.मी. हुनुपर्छ तर कक्षा ४ को मेरो नेपाली र सरल नेपाली मालाका सबै पाठहरूमा साना आकार भएका चित्रको लम्बाइ चौडाइ १/१ से.मी. र सबै भन्दा ठूला चित्रको लम्बाइ चौडाइ ४×६ से.मी.का छन् तसर्थ सम्पूर्ण चित्रहरू आकार प्रकार तथा लम्बाइ चौडाइका दृष्टिले साना छन् ।
- सामुदायिक विद्यालयको मेरो नेपाली र संस्थागत विद्यालयको सरल नेपाली माला पाठ्यपुस्तकमा चित्रहरू क्रमशः ३८.८९ प्रतिशत र ५१.५२ प्रतिशत छन् । चित्र सङ्ख्याका आधारमा मेरो नेपाली पाठ्यपुस्तक भन्दा सरल नेपाली मालामा बढी चित्र छन् ।
- चित्रको आकार प्रकारका दृष्टिले मेरो नेपाली पाठ्यपुस्तकको पाठ १६ 'पाप लाग्छ' कविताको चित्र नं. १ को लम्बाइ चौडाइ ६×४ से.मी. र सरल नेपाली मालाको पाठ ८ 'स्वास्थ्य नै सम्पत्ति हो' प्रबन्धको चित्र नं. २, पाठ १५ 'गैँडा' प्रबन्धको चित्र नं. १ को लम्बाइ चौडाइ ६×४ से.मी.का ठूला चित्रहरू छन् । मेरो नेपाली पाठ्यपुस्तक

भन्दा सरल नेपाली मालामा समाविष्ट चित्रहरू ठूला भएकाले सरल नेपाली माला पाठ्यपुस्तकमा रहेका चित्रहरू उपयुक्त छन् ।

- संस्थागत विद्यालयको कक्षा ४ को सरल नेपाली मालामा दिइएका चित्र स्पष्ट, आकर्षक, रङ्गीन भएकाले बालबालिकामा सिकाइ छिटो, सरल र दिगो हुनुका साथै बालबालिकाकाहरूलाई विषयवस्तुप्रति प्रवेश गर्न सहज हुने् भएकाले सरल नेपाली माला पाठ्यपुस्तक उपयुक्त छ ।
- सामुदायिक विद्यालयको मेरो नेपाली पाठ्यपुस्तकको पाठ १ 'गाउँछ गीत नेपाली', पाठ ३ 'बचत गर्ने बानी', पाठ ११ 'आमा', पाठ १४ 'पशुपन्छी र हाम्रो कर्तव्य', पाठ १६ 'पाप लाग्छ' पाठहरूमा सबै भन्दा कम १/१ ओटा चित्र राखिएका छन् भने सबै भन्दा बढी पाठ ८ 'दाजुभाइ र बुढाबा' प्रबन्धमा ६ वटा चित्र राखिएका छन् ।
- मेरो नेपाली पाठ्यपुस्तकमा आकार प्रकार तथा लम्बाइ चौडाइका दृष्टिले पाठ ४ 'नौलाख तारा' कवितामा सबै भन्दा साना चित्र राखिएका छन् ।
- मेरो नेपाली पाठ्यपुस्तकको पाठ ८ 'दाजुभाइ र बुढाबा' प्रबन्धमा सङ्ख्यात्मक दृष्टिले बढी चित्र देखिए पनि अस्पष्ट र मधुरा देखिए भने सरल नेपाली मालाको पाठ १० 'विश्वास प्रबन्धमा चित्र सङ्ख्या बढी देखिए पनि स्पष्ट र आकर्षक भएकाले सरल नेपाली माला भाषा पाठ्यपुस्तक उपयुक्त छ ।
- चित्र रखाइ स्थानका दृष्टिले चित्रहरू प्रकाशन शैली अनुसार पाठको दायाँ र माथिल्लो भागमा राख्नु उपयुक्त हुन्छ तर मेरो नेपाली र सरल नेपाली मालामा कुनै पाठमा चित्रहरू पाठको तल्लो भागमा राखिएका छन् भने सरल नेपाली मालामा चित्र रखाइ स्थान पाठको दायाँ र माथिल्लो भागमा राखिएको छ । चित्र रखाइका दृष्टिले मेरो नेपाली माला भन्दा सरल नेपाली मालामा रहेका चित्रहरू रखाइ स्थानका दृष्टिले उपयुक्त छन् ।
- सामुदायिक विद्यालय कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्र भन्दा संस्थागत विद्यालयको सरल नेपाली मालामा समाविष्ट चित्रहरू वस्तु प्रष्टता, रङ्गीन र आकर्षक भएकाले सरल नेपाली माला पाठ्यपुस्तक उपयुक्त छ ।
- सामुदायिक विद्यालयको मेरो नेपाली भाषा पाठ्यपुस्तकको पाठ २ 'धनको घमण्ड', पाठ २० 'सत्य कामको अठोट' प्रबन्धमा विषयवस्तु तथा भावका दृष्टिले चित्रहरू

अनुकूल छैनन् भने अन्य पाठहरूमा विषयवस्तु तथा भावका दृष्टिले चित्रहरु उपयुक्त छन् ।

- संस्थागत विद्यालयको सरल नेपाली माला भाषा पाठ्यपुस्तकमा राखिएका चित्रहरू विभिन्न किसिमका रङ्गको प्रयोग, आकर्षक, वस्तु स्पष्टता, भाव अनुसार उपयुक्त छन् ।
- समग्रमा सामुदायिक विद्यालयको मेरो नेपाली भाषा पाठ्यपुस्तकमा चित्रहरू सङ्ख्यात्मक दृष्टिले कम, संरचनाका दृष्टिले साना, अस्पष्ट, विषयवस्तु तथा भावका दृष्टिले अनुपयुक्त छन् भने संस्थागत विद्यालयको सरल नेपाली माला भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू स्पष्ट, रङ्गीन, उपयुक्त रखाइ स्थान, विषय वस्तु तथा भावका दृष्टिले उपयुक्त छन् ।

## ५.२ सुझाव

नेपाली सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र भक्तपुरबाट प्रकाशित गरिएको कक्षा चारको मेरो नेपाली र जेविडि पब्लिकेशन प्रा.लि. काठमाडौँद्वारा प्रकाशित सरल नेपाली मालामा प्रयुक्त चित्रहरूको तुलनात्मक विश्लेषण गरी यस शोध अध्ययनको अन्तिममा निम्नलिखित सुझावहरू पेश गरिएको छ :

### ५.२.१ नीतिगत तह

सामुदायिक विद्यालयको कक्षा चारको मेरो नेपाली र संस्थागत विद्यालयको सरल नेपाली मालाका पाठमा प्रयुक्त चित्रहरूको तुलनात्मक विश्लेषण र निष्कर्षका आधारमा सुधारका लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

(क) पाठ्यपुस्तकमा चित्रहरू राख्दा विषयवस्तुसँग सम्बन्धित बालबलिकाको रुचि, तह र चाहना अनुसार रखाइमा सचेतता अपनाउनु पर्ने नीति निर्माण आवश्यक देखिन्छ ।

(ख) संस्थागत विद्यालयको कक्षा चारको सरल नेपाली मालामा राखिएका चित्रहरू सरह सामुदायिक विद्यालयको मेरो नेपालीमा पनि चित्रहरू राम्रा र रङ्गीन बनाउनु पर्दछ ।

(ग) सामुदायिक विद्यालयमा कक्षा चारको मेरो नेपालीमा राखिएका चित्रहरू स्पष्ट हुनु हुनुपर्छ ।

(घ) पाठ्यपुस्तकमा चित्रहरूलाई समावेश गर्दा प्राथमिक तहका बालबालिकाको सिकाइमा सकारात्मक प्रभाव पार्ने रङ्गीन, ठूला आकारका स्पष्ट देखिने चित्रहरू राख्नु पर्ने नीति बनाउनु पर्ने देखिन्छ ।

(ङ) दुबै पाठ्यपुस्तकहरूको उद्देश्य अनुरूप विषयवस्तुको प्रसङ्गसँगै क्रमबद्ध रखाइको लागि नीति बनाउनु पर्ने आवश्यक देखिन्छ ।

(च) पाठ्यपुस्तकमा विषयवस्तुले नमागेका असान्दर्भिक चित्रहरू नराखी बालबालिकाको आकाङ्क्षा अनुसार चित्रहरू राखिनु पर्ने मान्यतालाई ध्यान दिनुपर्ने देखिन्छ ।

(छ) चित्रहरूलाई पाठ्युपुस्तकमा समावेश गर्दा बालबालिकाको चौतर्फी विकासमा टेवा पुग्ने स्पष्ट, आकर्षक, भाव तथा बनोटका दृष्टिले पूर्ण भएका चित्रहरू राख्ने नीति अवलम्बन गरिनु पर्दछ ।

(ज) विषयवस्तुमा समाविष्ट चित्रहरूलाई पाठ्यपुस्तक प्रकाशन गर्नु भन्दा पहिलो विषय विशेषज्ञ, चित्रकार, शिक्षकले राम्रोसँग परीक्षण गरेर मात्र बाहिर ल्याउने प्रावधान राज्यले निर्माण गर्नुपर्ने देखिन्छ ।

(ट) नेपालका भाषा पाठ्यपुस्तकमा बनाइने चित्रहरूका आकार प्रकारमा ठूला बनाइनु पर्छ । तल्लो कक्षा आधारभूत तहका पाठ्यपुस्तकमा चित्रहरूको आकार प्रकार १२×१४ से.मी.को हुनु पर्दछ भने माथिल्लो तहमा चित्रहरूको आकार ४×६ से.मी.का हुनु पर्दछ ।

(ठ) विषयवस्तुको भाव बुझ्न गाह्रो हुने् भएकाले पाठ्यपुस्तकमा चित्रहरू लहरै लगाएर राख्नु हुँदैन ।

(ड) पाठ्यपुस्तकमा चित्रहरू ठाउँ छोडेर राख्नु उपयुक्त र सान्दर्भिक हुन्छ ।

(ढ) पाठ्यपुस्तकमा चित्रहरूको वर्णन एक लहरको हुनु पर्दछ ।

(ण) मेरो नेपाली र सरल नेपाली माला भाषा पाठ्यपुस्तकमा चित्रहरूको किनारा सोझो हुनु पर्दछ ।

(त) उच्च तह भन्दा आधारभूत तहका भाषा पाठ्यपुस्तकमा चित्रको आकार प्रकार ठूलो हुनु पर्दछ ।

(थ) आधारभूत तहका भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू स्पष्ट देखिने र आकर्षक हुनु पर्दछ ।

### ५.२.२ कार्यान्वयन तह

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्न लिखित सुझावहरू राखिएको छः

(क) विद्यार्थीको रुचि, चाहना, उमेर र तह अनुसार पाठ्यपुस्तकमा चित्रहरू राखिनु पर्ने देखिन्छ ।

(ख) पाठ्यपुस्तकमा भएका पाठशीर्षक अनुरूप चित्रहरूको प्रयोग गरिनु पर्दछ ।

(ग) पाठ्यपुस्तकमा समाष्टि चित्रहरू कक्षा र तह अनुसार ठूलो देखि सानो क्रम मिलाएर राखिनु पर्दछ ।

(घ) विषयवस्तुको प्रसङ्ग अनुसार चित्रहरू उचित ठाउँमा राख्नुपर्ने देखिन्छ ।

(ङ) संस्थागत विद्यालयका प्राथमिक तहका पाठ्यपुस्तकमा समाविष्ट रङ्गीन चित्रसरह सामुदायिक विद्यालयका पाठ्यपुस्तकमा व्यवस्था गरिनु पर्दछ ।

(च) संस्थागत विद्यालय कक्षा चारको सरल नेपाली मालामा समाविष्ट स्पष्ट चित्र राखिए अनुरूप सामुदायिक विद्यालयको मेरो नेपालीमा पनि चित्रहरू स्पष्ट देखिने किसिमका हुनु आवश्यक देखिन्छ ।

## ५.३ भावी अनुसन्धानका लागि शोध शीर्षक

(१) सामुदायिक र संस्थागत विद्यालयका कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण,

(२) सामुदायिक र संस्थागत विद्यालयका कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण,

(३) सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको तुलनात्मक विश्लेषण ।

(४) आन्तरिक र बाह्य विशेषताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको अध्ययन ।

(५) आन्तरिक र बाह्य विशेषताका आधारमा कक्षा सातको नेपाली पाठ्यपुस्तकको अध्ययन,

(६) माध्यमिक तहमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको विश्लेषण

(७) प्राथमिक तहमा कक्षा १-३ सम्म नेपाली विषयमा रहेका समाविष्ट चित्रहरूको विश्लेषण ।

(८) आधारभूत तह कक्षा ६-८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको अध्ययन विश्लेषण ।

(९) माध्यमिक तह कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको विश्लेषण ।

# ;Gbe{ u|Gy–;"rL

**पुस्तक सूची**


अधिकारी, डा.हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०४०), *नेपाली बृहत शब्दकोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, डा.हेमाङ्गराज (२०५५), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, डा.हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६८), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, डा. हेमाङ्गराज (२०७१), *नेपाली भाषाशिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०६८), *नेपाली भाषा शिक्षण परिचय र प्रयोग,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

नेपाल सरकार (२०६०), *हाम्रो नेपाली कक्षा-सात,* सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार (२०६१), *सामाजिक अध्ययन कक्षा-नौ,* सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार (२०६४), *सामाजिक अध्ययन कक्षा दस,* सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार (२०७०), *हाम्रो नेपाली कक्षा-दस,* सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार (२०७०), *हाम्रो नेपाली कक्षा-सात,* सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार (२०७१), *प्रकाशन शैली,* सानोठिमी भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७३), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधव प्रसाद (२०६८), *भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण पद्धति,* काठमाडौँः हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रीब्युटर्स ।

पौडेल, माधवप्रसाद (२०७३), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

भट्टराई, ज्ञानेश्वर र अन्य, (२०७३), *बृहत ज्ञानकोश,* काठमाडौँ : आशिष पब्लिकेशन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७३), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा नेपाल, विनयकुमार (२०६२), *नेपाली शब्दसागर,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा नेपाल, विनयकुमार (२०६४), *नेपाली शब्दसागर,* काठमाडौँ : शिखर समुद्र अपसेट ।

**शोधपत्र सूची**

आचार्य, पदमकुमारी (२०७५), नेपाली शिक्षा पाठ्यक्रम भाषाविज्ञान ५१३ र ५१५ को तुलनात्मक विश्लेषण, अप्रकाशित स्नातकोत्तर तह शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, मध्यपश्चिमाञ्चल विश्वविद्यालय ।

उपाध्याय, सुशिलाकुमारी (२०७०), *भाषिक सीप विकासका दृष्टिले कक्षा दुईको मेरो नेपाली किताबमा प्रयुक्त चित्रहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर तह शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) ।

खड्का, रमाकुमारी (२०७१), *कक्षा छ को हाम्रो नेपाली र सङ्गम नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर तह शोध पत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) ।

सिंह, ललितबहादुर (२०७१), *कक्षा एकको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर तह शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) ।

सिंह, यमुना (२०७५), *कक्षा सातको नेपाली विषयको नमुना भाषा पाठ्यपुस्तक निर्माण,* अप्रकाशित स्नातकोत्तर तह शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, मध्यपश्चिमाञ्चल विश्वविद्यालय ।

संज्याल, नमराज (२०७३), *कक्षा तीनको मेरो नेपाली किताबमा समाविष्ट चित्र,* अप्रकाशित स्नातकोत्तर तह शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) ।

शाह, मेनका (२०६५), *कक्षा पाँचको मेरो नेपाली किताब समाविष्ट चित्रहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर तह शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) ।

# व्यक्तिवृत्त



| | |
|---|---|
| नाम | : जय लाल गिरी |
| जन्म मिति | : २०४२/०८/१३ |
| जन्म स्थान | : जाजरकोट |
| पिताको नाम | : खडक बहादुर गिरी |
| माताको नाम | : मनसरा गिरी |
| बाजेको नाम | : कुमार गिरी |
| श्रीमतीको नाम | : दुर्गा गिरी |
| स्थायी ठेगाना | : छेडागाड-८, जाजरकोट |
| लिङ्ग | : पुरूष |
| धर्म | : हिन्दु |
| राष्ट्रियता | : नेपाली |
| उमेर | : ३३ वर्ष |
| पेसा | : शिक्षण |
| भाषा | : नेपाली, अंग्रेजी, हिन्दी |
| रूचि | : अध्ययन, अध्यापन, भ्रमण |
| सम्पर्क नं. | : ९८६८०४३४५०, ९७४८०२९९८२ |

## शैक्षिक योग्यता

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष |
|---|---|---|
| एस.एल.सी. | श्री शिवपुरी मा.वि., गर्खाकोट जाजरकोट | २०६० |
| आइ.एड. | श्री त्रिभुवन उ.मा.वि. खलङ्गा जाजरकोट | २०६३ |
| बी.एड. | सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत | २०६६ |
| एम.एड. | मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुर्खेत | २०७५ |